"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA

(त्रैमासिक) Quarterly

बर्ष ७ अंक १४, कार्तिक-पुस, २०७५ www.ncbl.coop December 2018 - Febuary 2019

## सहकारी बैंकको १५ औं वार्षिक साधारणसभाको तयारी पुरा

## निर्वाचनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग हुने

ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १५ औं वार्षिक साधारणसभा पुस २१ र २२ गते काठमाडौंमा हुने भएको छ । सञ्चालक समितिले आर्थिक तथा प्रगति प्रतिवेदन पारित गरी साधारणसभामा लैजाने भएको छ । साधारणसभामा सहभागी हुने प्रतिनिधिहरूका लागि पत्रकार लगायतका सम्पूर्ण कार्य सम्पन्न गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो ।

देशभरका १० हजार २ सय १८ सदस्य संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहने साधारणसभाका लागि ४४ वटा शाखा र केन्द्रीय कार्यालय मार्फत पत्राचार, फोन, इमेल, फेसबुक, पत्रपत्रिका, टेलिभिजन, एफएम रेडियो लगायतबाट जानकारी गराइएको छ ।



साधारणसभामा प्रस्तुत हुने सबै प्रतिवेदन छपाई लगायतका कार्यहरू सम्पन्न भएका छन् । साधारणसभाको भूव्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री पद्मा अर्यालले उद्घाटन गर्ने कार्यक्रम रहेको बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले जानकारी दिनुभयो ।


साधारणसभाले आगामी ४ वर्षका लागि नयाँ सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समिति चयन गर्नेछ । निर्वाचन सम्पन्न गर्नका लागि सञ्चालक समितिले बैंकका कानुनी सल्लाहकार रामचन्द्र सिंम्खडा संयोजक तथा सहकारी विभागका उपरजिष्टार शशि कुमार लम्साल र बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई रहेको निर्वाचन उपसमिति गठन गरेको छ ।

बैंकको हालै संशोधन भएको विनियम अनुसार प्रत्यक्ष अध्यक्ष सहित १५ सदस्यीय सञ्चालक समिति र ३ ➲ बाँकी पृष्ठ ३३

## नेडाकको उपाध्यक्षमा उप्रेती

ललितपुर

एशिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरूको विकासका लागि संजाल (नेडाक) (Regional Network for the Development of Agricultural Cooperatives in Asia and Pacific) को साधारण सभाबाट राष्ट्रिय सहकारी बैंक लिमिटेडका संचालक के. बी. उप्रेती कार्यकारी समितिको उपाध्यक्षमा निर्विरोध निर्वाचित हुनु भएको छ । ➲ बाँकी पृष्ठ ३४




## अन्तर्राष्ट्रिय सहकारीकर्मीद्वारा सहकारी बैंकको अवलोकन

ललितपुर

Vantina Canada Inc. का Financial Sector Specialist Pierre J. Seguin र Financial Sector Stabliity Programme-FSSP का Consultant ले राष्ट्रिय सहकारी बैंक लिमिटेड केन्द्रीय कार्यालयको अवलोकन गर्नुभएको छ । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका तर्फ बाट प्रबन्ध सञ्चालक के.बि. उप्रेति, नायव महाप्रबन्धक बद्री कुमार गुरागांई लगायत बैंकका उच्च व्यवस्थापनका कर्मचारीहरू उपस्थिति रहेको थियो । ➲ बाँकी पृष्ठ ५



राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**
रमेशप्रसाद पोखरेल
के.बी. उप्रेती
कूलचन्द्र अधिकारी

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**
रामबहादुर जि.सी.

**सदस्यहरू:**
डिल्ली पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**
नवीन कुमार कार्की

**सहयोगी:**
निता कुमारी थापा, उमेश दाहाल

**ठेगाना:**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं.: ०१-५१८०१८२
फ्याक्स्: +९७७-०१-५५५५६८७
Email: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

**मुद्रण**
**श्रीहरी प्रिन्टर्स**
सानेपा, ललितपुर
फोन नं.: ०१-५५२१९८२
Email: shreeharipritners2071@gmail.com

## सम्पादकीय

### सहकारी बैंकको साधारणसभा सफल पारौं

देशभरका सहकारी संघ संस्थाहरूको एक मात्र बैंकका रूपमा स्थापित राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्नो १५ औं वार्षिक साधारणसभा २०७५ पुस २१ र २२ गते काठमाडौंमा सम्पन्न गर्दैछ । साधारणसभाले गत आर्थिक वर्षमा गरेका कार्यहरूको अनुमोदन, चालु आर्थिक वर्षको बजेट लगायत आगामी योजनाहरूलाई पारित गर्नुका साथै आगामी ४ वर्षका लागि नयाँ नेतृत्व समेत निर्वाचित गर्दैछ । बैंक स्थापनादेखि हालसम्म बैंकले विभिन्न समस्याहरूको सामना गर्दै सहकारी क्षेत्रको एउटा सवल, सक्षम र सहयात्रीका रूपमा स्थापित भएको छ । सहकारी अभियानलाई बलियो बनाउन, सहकारीकर्मीहरूलाई सक्रिय र उत्साहित बनाउन, सहकारी क्षेत्र सहकारी क्षेत्रको प्रवर्द्धनका लागि स्थापित बैंक देशका ७७ वटै जिल्लामा सदस्यता विस्तार गरी शाखा मार्फत कारोबार गर्दै आइरहेको छ । सहकारीमार्फत सदस्यहरूको आर्थिक विकास र सामाजिक रूपान्तरणका लागि सहकारी बैंक सहयोगी संस्थाका रूपमा स्थापित भएको छ ।

बैंकलाई अझै प्रभावकारी रूपमा बनाउनका लागि राष्ट्रिय बजेटबाट सहकारी क्षेत्रमा प्राप्त हुने सबै प्रकारका बजेट सहकारी बैंकमार्फत परिचालनका लागि नेपाल सरकार लगायत सरोकारवालाहरूसंग समन्वय गर्न आवश्यक देखिन्छ । सरकारद्वारा विपन्न वर्गलाई लक्षित गरेर संचालन गर्ने सबै प्रकारका कोषहरू ग्रामिण स्वावलम्वन, वैदेशिक रोजगार, गरिवी निवारण, यूवा स्वरोजगार, लघुवित्त लगायत सबै कोषहरूलाई सहकारी बैंकमार्फत परिचालन गर्न सकेमा लक्षित वर्गमा सहज रूपमा पुग्न सक्छ । सहकारी क्षेत्रलाई राज्यले लिएको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको महत्वपूर्ण आधारका रूपमा स्थापित गर्नका लागि राज्यका स्रोतहरूको परिचालन सहकारीमार्फत गर्ने वातावरण बनाउनका लागि यो साधारणसभा सहयोगी हुन आवश्यक छ ।

सहकारी बैंकको साधारणसभामा देशभरका सहकारीकर्मीहरूको सहभागिता हुने भएकाले यसलाई सहकारी क्षेत्रलाई प्रभावकारी रूपमा अगाडि बढाउने अवसरका रूपमा उपयोग गर्न जरूरी छ । बैंकको नीति कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन, सहकारी क्षेत्रको योगदान बढाउन, सहकारी मार्फत पूँजि निर्माण, परिचालन गरी नेपाल सरकारको समृद्ध मुलुक, सुखी नेपालीको नारालाई सार्थक बनाउन यो क्षेत्रको योगदान बढाउन आवश्यक छ । सहकारी संघ/संस्थाहरूको व्यवसाय सिमीत तथा कम आय भएका समुदायभित्रका सदस्यहरूवाट सञ्चालित व्यवसाय भएको हुनाले ती संघ/ संस्थाहरूका सदस्यहरू मार्फत आय आर्जन एवं अन्य उत्पादनशील क्षेत्रमा वित्तीय स्रोत तथा साधन आपूर्ति गर्न लघु वित्त कार्यक्रमलाई शसक्त रूपले अगाडी बढाउन थप ध्यान दिन जरूरी छ । साधारणसभालाई सहकारी क्षेत्रको थप सवलताका लागि प्रभावकारी सफल पार्नुपर्छ ।

# सहकारी बैंकका सञ्चालक जि.सी. सम्मानित

**बागलुङ**

गुहेली सञ्चार सहकारी संस्था लिमिटेड बागलुङले आफ्नो १२ औं वार्षिक साधारणसभाको अवसरमा काँठेखोला गाउँपालिकामा जन्मेर सहकारी र सञ्चार क्षेत्रमा उल्लेख्य काम गरेको भन्दैं राष्ट्रिय सहकारी बैंङकका सञ्चालक तथा आदर्श सञ्चार सहकारी संस्थाका सम्पादक रामबहादुर जिसीलाई सम्मान गरेको छ । काठेखोला गाउँपालिका वडा नं. ७ रेशमा जन्मिएर २०५० सालदेखि सहकारी अभियानमा सक्रिय जिसीले सहकारी अभियानसंगै सूचना र सञ्चार सहकारी स्थापना, सञ्चालन र व्यवस्थापनमा गरेको योगदानको कदर गर्दै सम्मान गरिएको संस्थाका अध्यक्ष खीमबहादुर कार्कीले बताउनुभयो ।

साधारणसभामा प्रमुख अतिथि संघीय संसदका सदस्य एवम् नेपाल सूचना तथा सञ्चार केन्द्रीय सहकारी संघका उपाध्यक्ष मनकुमारी केसीले जिसीलाई दोसल्ला ओढाएर सम्मान पत्रद्वारा सम्मान गर्नु भएको थियो ।



# सहकारीको चम्किलो उदयमान तारो राष्ट्रिय सहकारी बैंक



– कुलचन्द्र अधिकारी
लेखा समिति संयोजक, राष्ट्रिय सहकारी बैंक लिमिटेड

## सहकारी र सहकारी बैंक

नेपालको सहकारी अभियानले ६० बर्ष पुरा गरेको छ । यस अवधिमा नेपालको सहकारी अभियानले प्रवर्द्धनको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल गरेको छ । ६४ लाख भन्दा बढि नागरिक सहकारीमा आवद्ध भइसकेका छन, सहकारीको प्रवर्द्धन, विकास र वित्तीय सेवामा सहकारी बैंक २०२० सालमा स्थापना भई २०२४ सालमा कृषि विकास बैंकमा परिणत भएको सहकारी बैंक तत्कालीन राष्ट्रिय सहकारी संघ र सहकारीका अगुवाहरूको चाहना र पहलबाट २०५७ सालमा सहकारी ऐन २०४८ लाई संशोधन गरी सहकारी बैंक स्थापना सम्बन्धी व्यवस्था गरियो । नेपाल सरकारको १ करोड शेयर रकम र सहकारी संघ संस्थाहरूको सहभागितामा २०६० असार २५ गते राष्ट्रिय सहकारी बैंक लिमिटेड विधिवत रूपमा दर्ता भयो । बैंकले आफ्ना सदस्य सहकारी संघ र संस्थाबीच २०६१ श्रावण १८ गते देखि कारोवार शुरू गरेको हो । सहकारी विभागको मातहतमा सञ्चालन हुदै आएको बैकले २०६७ साउन १० गते नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त गरेको थियो ।

## सहकारी बैंक र चुनौती

सहकारी बैंकको स्थापनाको १६ औ बर्षमा आइपुग्दा बैंकले सबै निकाय मार्फत पाएको साथ संगै विभिन्न चुनौतीहरू संग जुध्दै अगाडी बढी रहेको छ ।

- उच्च लागत युक्त कोष
  बैंक संचालनमा सरकारको तर्फवाट कुनै सहुलियत ऋणको व्यवस्था बैंकलाई उपलब्ध छैन, बैंकले आफ्ना सदस्यहरूको बचत संकलन गरी सोहि बचतलाइ नै सदस्यहरू माझ लगानी गरी रहदा उच्च लागत युक्त कोष पनि बैंक को चुनौती नीति बनेको छ ।
- सहकारी नितिमा आवश्यक व्यवस्था
  सहकारी नीतिमा बैंक संचालनको सहजताको लागि आवश्यक नीति स्पष्ट नहुनु समेत बैंक को चुनौती रहेको छ ।
- शाखा विस्तारमा समस्या
  भौगोलिक विविधता युक्त नेपालमा सदस्य संस्थाहरूलाई आफ्नै क्षेत्रमा बैंकको शाखा मार्फत सेवा लिन बैंकले शाखा स्थापनाको लागि नेपाल राष्ट्र बैंकवाट समयमै शाखा विस्तारको सहमति प्राप्त हुन नसक्नु पनि बैंकको अर्को चुनौती रहेको छ ।
- बैंक ऐन
  सहकारी व्यवसाय अनुकुल बैंक संचालनको लागि सहकारी बैंक ऐन नहुनु पनि थप चुनौती रहेको छ ।
- अनुगमन सम्बन्धी
  हाल बैंकलाई सहकारी विभाग तथा नेपाल राष्ट्र बैंक को दोहोरो अनुगमन तथा दोहोरो मापदण्ड सहित संचालन हुनुपर्ने समेत चुनौती रहेको छ ।

## सहकारी बैंक र यसको यात्रा

सहकारी बैंकले स्थापनाको १६ औं बर्षमा आइपुग्दा बैंकको सञ्चालन तथा व्यवस्थापनमा विभिन्न समयमा विभिन्न सहकारी अभियानमा लागेका सहकारीकर्मीहरूले बैंकको विभिन्न तहमा रही नेतृत्व गरी सक्नु भएको छ, बैंकको पहिलो संचालक समिति देखि हाल सम्मको संचालक समिति निम्न अनुसार रहेको कुरा यस सहकारिता मार्फत सबैलाई पुन:स्मरण गराउन चाहन्छु ।

### पहिलो सञ्चालक समिति : २०६०/०६५

१. अध्यक्षः राजेशहरि जोशी
२. प्रबन्ध सञ्चालक : के.बी. उप्रेती
३. सदस्य : गोविन्दबहादुर मल्ल
४. सदस्य : रमेशप्रसाद पोखरेल
५. सदस्य : डा.विदुर चालिसे
६. सदस्य : राममान श्रेष्ठ
७. सदस्य : नमराज सापकोटा
८. सदस्य : भागवत श्रेष्ठ
९. सदस्य : मार्कण्डेय उपाध्याय
(पदेन रजिष्ट्रार सहकारी विभाग)
१०. सदस्य : डिल्ली तिवारी
(पदेन राष्ट्रिय सहकारी संघ लि.)

### लेखा समितिः २०६०/०६५

संयोजक : ओमप्रकाश शर्मा
सदस्य : कुलचन्द्र अधिकारी
सदस्य : गणेशप्रसाद बस्नेत

### दोस्रो सञ्चालक समिति : २०६५/०७०

१. अध्यक्ष : रमेशप्रसाद पोखरेल
२. प्रबन्ध सञ्चालक : के.बी. उप्रेती
३. सदस्य : राजेशहरि जोशी
४. सदस्य : डा. विदुर चालिसे
५. सदस्य : गणेशप्रसाद बस्नेत
६. सदस्य : रामशरण शर्मा घिमिरे
७. सदस्य : सरिता भट्टराई
८. सदस्य : हरिहरनाथ योगी
९. सदस्य : मुकुन्द दाहाल
१०. सदस्य : सुदर्शन ढकाल
(पदेन रजिष्ट्रार सहकारी विभाग)
११. सदस्य : विजयराज घिमिरे
(पदेन राष्ट्रिय सहकारी संघ लि.)

## लेखा समिति : २०६५/०७०

संयोजक : कुलचन्द्र अधिकारी
सदस्य : रामबहादुर जि.सी.
सदस्य : कुमार खत्री

## वर्तमान सञ्चालक समिति : २०७०/०७५

१. अध्यक्ष : रमेशप्रसाद पोखरेल
२. प्रबन्ध सञ्चालक : के.बी. उप्रेती
३. सदस्य : रामशरण शर्मा घिमिरे
४. सदस्य : हरिहरनाथ योगी
५. सदस्य : सरिता भट्टराई
६. सदस्य : रामबहादुर जि.सी.
७. सदस्य : रामहरि बजगाईं
८. सदस्य : देवराज पराजुली
९. सदस्य : ज्ञानबहादुर तामाङ
१०. सदस्य : (पदेन रजिष्ट्रार सहकारी विभाग)
११. सदस्य : (पदेन राष्ट्रिय सहकारी संघ लि.)

## लेखा समितिः २०७०/०७५

संयोजक : कुलचन्द्र अधिकारी
सदस्य : सागर नेपाल
सदस्य : लक्ष्मीप्रसाद उप्रेती

## सहकारी बैंक र भावी योजना

बैंकले स्थापनाको समय देखि हालको समय सम्म सहकारी क्षेत्रमा आवश्यक पर्ने विभिन्न विषयहरूमा पैरवी गर्दै आईरहेको छ, सहकारी क्षेत्रको गुणस्तर कायम गर्न, सहकारीको सूचना प्रविधि क्षेत्रमा, सहकारीको व्यवसाय देखि नीतिगत तह सम्म समेत देशको सहकारी अभियानका विभिन्न क्षेत्रमा हुने क्रियाकलापहरूमा सहभागिता जनाउदै अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरूमा नेपाली सहकारी अभियानको प्रतिनिधित्व गर्दै अगाडी बढ्दा सहकारी बैंकले निम्ननुसारका भावी योजना तय गरी अगाडी बढेको छ ।

- सहकारी क्षेत्रको वजेट बैंक मार्फत परिचालित गर्ने,
- विभिन्न क्षेत्रको न्यून ब्याजदरमा कर्जाहरु प्रवाह गर्ने,
- शाखा विस्तार गर्ने,
- समय सापेक्ष राष्ट्रिय अन्तर्राष्ट्रिय तालिम संचालन गर्ने,
- सहकारी मैत्री बैंकको रेमिट्यान्स सेवा शुरू गर्ने
- लघुवित्त कार्यक्रमलाई थप प्रभावकारी बनाउने,
- व्यवसायीक सहकारी सञ्जाल निर्माण गर्ने,
- संघीय ढाँचामा राष्ट्रिय सहकारी बैक ऐन निर्माण गर्न लागी पर्ने,
- कारोवार विस्तार गर्दै थप मूनाफा आर्जन गर्ने,
- बैंकको आफ्नै भवन निर्माण गर्ने,
- उत्पादन, पर्यटन, जल विद्युत लगायतका क्षेत्रमा लगानी विस्तार गर्ने,
- सम्पूर्ण सहकारी संघ/संस्थाहरूलाई डाटा सेन्टर निर्माण गर्ने लगायत
- सहकारी शिक्षालय निर्माणको पहल
- सहकारी अनुसन्धान केन्द्र स्थापनामा पैरवी
- संघ/संस्था

## सहकारी बैंक र दीगो सहकारी

राष्ट्रिय सहकारी बैंक लिमिटेडको मुख्य काम सदस्य संघ संस्थाहरूलाई वित्तीय लगायत आवश्यक सेवा पुऱ्याउनु हो । निक्षेप लिने र कर्जा लगानी गर्ने मुख्य काम बैंकको भएकाले त्यसलाई निरन्तरता दिइनै रहेको छ । बैंकका कर्मचारी, सञ्चालकहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नुका साथै बैंकले आफ्ना सदस्य संघ/संस्थाहरूको आन्तरिक संचालन पद्धति व्यवस्थित तथा प्रभावकारी होस भन्ने उद्देश्यले सहकारी संघ संस्थाहरूका पदाधिकारी, सदस्य र कर्मचारीहरूलाई थप सक्षम बनाउनका लागि संस्थाहरूको आवश्यकता अनुसार विभिन्न किसिमका तालिमहरू संचालन गर्दै समेत आई रहेको छ, ।

मानिस सामाजिक प्राणी हो, सामाजिक तथा आर्थिक रूपमा मानिसले विभिन्न समयमा बिभिन्न कर्तब्य निर्वाह गरिनै रहनु पर्दछ, त्यसैले सहकारी बैंकले समेत सहकारीको मध्यमवाट निम्न अनुसारका क्षेत्रमा आफ्ना क्रियाकलापहरूलाई जोड दिई सहकारीलाई दीगो` बनाउन आफ्नो भूमिका निर्वाह गरेको कुरा समेत यहा प्रस्तुत गरेको छु ।

❖ सहकारी मार्फत रोजगारी

बैंकले सहकारी मार्फत रोजगारी सृजना गर्न आफ्ना लगानीका मार्गलाई बृहत बनाएको छ, बैंकले देशको आर्थिक विकासलाइ टेवा पुऱ्याउने मुख्य क्षेत्रहरू पर्यटन, जलबिद्युत, कृषि र पशुपालनलाई प्रोत्साहन हुने गरी आफ्नो लगानीलाई केन्द्रित बनाएको छ, उत्पादन मुलक तथा पूर्णत नेपाली स्रोत र साधानको उपयोग हुने सम्भावनाका क्षेत्रहरू नै पर्यटन, जलबिद्युत, कृषि र पशुपालन भएको हुदा यसमा आधारित सहकारी संघ/संस्थाहरूलाई बैंकले विभिन्न कार्यक्रमको माध्यामवाट प्रोत्साहनका कार्यहरू अगाडी बढाएको छ ।

❖ देशमा सहकारी सुदृढीकरण

दीगो सहकारी भन्ने मूल नाराका साथ बैंकले लामो समय देखि निरन्तर देशमा सहकारी सुदृढिकरणको अभियानमा आफ्ना क्रियाकलापहरूलाई जोड दिदै आइरहेको छ, के भएमा सहकारीको सुदृढिकरण पूर्णत सम्भव हुन्छ त ? भन्ने प्रश्नलाइ बैंकले निम्न अनुसार सम्बोधन हुने गरी आफ्ना सेवा तथा कार्य अगाडी बढाएको हामि सबै सहकारीकर्मीहरूलाई जानकारी भएको विषय नै हो ।

क) सस्तो व्याजदर

जुन प्रारम्भिक सहकारी संस्थाले बैंक मार्फत कर्जा लिई संस्थाका सदस्यहरूलाई समेत सहुलियत दरमा लगानी गर्न सकोस ।

ख) अनिवार्य तालिम तथा शिक्षा

बैंकले विभिन्न समयमा सहकारी संघ/संस्थाहरूलाई सहकारी तथा सदस्य शिक्षा सम्बन्धमा जानकारी

तथा तालिम संचालन गर्दै आइरहेको छ, जसले सहकारी संस्थाहरूले समेत संस्थामा उक्त ज्ञानलाइ कसरी सामुहिक लक्ष्य प्राप्ति गर्ने भन्ने विषयमा सम्पूर्ण सदस्य माझ जानकारी गराई ज्ञान तथा शिक्षा फैलाई रहेका छन ।

ग) युवा सहभागिता
उर्जावान, जोश र जाँगर युक्त युवा शक्तिको सक्रिय सहभागिता सहकारीका क्रियाकलापमा भएमा तथा सहकारी मार्फत युवाले आफ्नो भविष्य सुनौलो देखेमा मा मात्र युवा सहभागितामा सहकारी थप सुदृढ हुनेछ ।

घ) समुदाय प्रति उत्तरदायी
सहकारी मा आबद्ध समुदायको आवश्यकता पूर्ति गर्न सहकारीका क्रियाकलाप केन्द्रित हुनुपर्दछ, सहकारी बैंकले समेत सदस्यहरूका आवश्यकता पूर्ति गर्न विभिन्न समयमा विभिन्न क्रियाकलापहरू गर्दै आइरहेको छ, सहकारी सधै सहकारी संचालित समुदायको आवश्यकतालाई ध्यान दिदै अगाडी बढेमा थप सुदृढ हुनेछ ।

ङ) सहकारी बजार निर्माण
सेवा मात्र नभई सहकारीले सदस्यको हित केन्द्रित बजार संचालन समेत गर्नुपर्दछ, सेवाको लागि सहकारी भएता पनि सेवाले निरन्तरता पाउने गरी सहकारीको व्यवसाय समेत संचालन हुनुपर्दछ ।

**अन्त्यमा,**

बैंकले सहकारी अर्थव्यवस्थाको विकास, प्रवर्द्धन र उन्नतिमा प्रभावकारी भुमिका खेलिरहेको परिप्रेक्षमा अझ गुणात्मक रूपले आफ्नो सेवा विस्तार गर्न, आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्न, माग वमोजिको सेवा विस्तार गर्न, सहकारी मार्फत लघु उद्यमी तथा विपन्न वर्गहरूलाई शिपमुलक एवम् आयमुलक व्यवसाय संचालनको लागि सुलभ दरमा ऋण सेवा प्रदान गर्न, स्थानियस्तरमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी प्रभावकारी पूँजी परिचालनको माध्यमबाट व्यक्ति तथा समुदायहरूको आर्थिक एवम् सामाजिक विकासमा भुमिका खेल्न बैंकलाई सबैको साथ सहयोग आवश्यक छ, विभिन्न चुनौतीकाविच हालको समय सम्म देशमा स्थापित सम्पूर्ण सहकारी संघ/संस्थाहरूलाई समेट्दै अगाडी बढ्नु सहकारी बैंकको रचनात्मक पाटोलाई प्रसंशा गर्दै बास्तवमै सहकारी बैंक नेपाली सहकारी अभियानको उदयमान तारा सावित भएको छ ।

साथै, समुदायका सबै मानिसहरूले सहकारीका विशेषताहरू बचतमा उच्चतम ब्याज आम्दानी, शेयरमा लाभांश प्राप्ति, सदस्य तालीम, संरक्षित पुंजी फिर्ताकोषको हिस्सेदार, सहज कर्जा प्राप्ति लगायतका फाइदा वारे जानकारी लिई सहकारीमा आबद्ध हुन सिकौ भनि यस सहकारीताको अंकवाट बिदा माग्दछु ।

धन्यवाद
जय सहकारी

## अन्तर्राष्ट्रिय सहकारीकर्मीद्वारा बैंकको अवलोकन ...

त्यसै गरी CICTAB /VAMNICOM का निर्देशक Dr. K.K. Tripathi / CICTAB का Consultant Dr. D. Ravi ले राष्ट्रिय सहकारी बैंक लिमिटेडको कर्पोरेट कार्यालयको अवलोकन गर्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका तर्फबाट प्रबन्ध सञ्चालक के.बी. उप्रेति, लेखा संयोजक कुलचन्द्र अधिकारी लगायत बैंकका उच्च व्यवस्थापनका कर्मचारीहरूले उहाँहरूलाई स्वागत गर्नुभएको थियो ।

सो अवसरमा उहाँहरूलाई प्रबन्ध सञ्चालक के.बी. उप्रेतिले बैंकको परिचय, बैंक सेवा, कार्ययोजना तथा सञ्चालन, सदस्य संस्थाहरूको परिचय, कार्यक्षेत्र जस्ता बिषयमा जानकारी गराउनु भएको थियो ।

त्यसै गरी चीनका सहकारी प्रतिनिधिहरूद्वारा एक कार्यक्रमको विच मंगलवार बैंकको कुपन्डोल स्थित कर्पोरेट कार्यालयको अबलोकन भ्रमण गरिएको थियो । All China Federation of Supply and Marketing Cooperatives (ACFSMC) का President Ms. Wang Xia, ACFSMC का Secretary Ms. Wu Lei, ACFSMC का Director General International Coperation Department का Mr. Zhang Wangshu, चाईना Cooperative Fund Co. Ltd का General Manager Mr. Jing Zesheng, China Farm Inputs Co. Ltd. का General Manager Mr. Wang Chunlin, China Farm outputs Wholesale Market Co. Ltd. का General Manager Mr. Cao Shaojin ले राष्ट्रिय सहकारी बैंक लिमिटेडको कर्पोरेट कार्यालयको अबलोकन गर्नु भएको थियो । बैंकको तर्फबाट अध्यक्ष रमेश प्रसाद पोखरेल सहित बैंक सञ्चालक समितिका पधाधिकारी एबम् बैंक उच्च व्यवस्थापनका कर्मचारीहरूले संयुक्त रूपमा अतिथिहरूलाइ स्वागत गर्नुभएको थियो । अवलोकन कार्यक्रममा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेल, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशब बडाल, बैंकको लेखा संयोजक कुलचन्द्र अधिकारी, बैंकका सञ्चालकहरू सरिता भट्टराई, रामशरण शर्मा घिमिरे, हरिहर नाथ योगी, ज्ञान बहादुर तामाङ्ग र बैंकका नायब महाप्रबन्धक बद्री कुमार गुरगाई लगायत बैंकका उच्च व्यवस्थापनका कर्मचारीहरूको सहभागिता रहेको थियो । सो अवसरमा उहाँहरूलाई नायब महाप्रबन्धक बद्री कुमार गुरगाईले बैंकको परिचय, बैंक सेवा, कार्ययोजना तथा सञ्चालन, कार्यक्षेत्र जस्ता बिषयमा अतिथिहरूलाइ जानकारी गराउनु भएको थियो, भने अतिथिहरूले समेत बैंकले नेपाली सहकारी अभियानमा निभाएको भूमिका सम्बन्धमा प्रसंशा गर्दै आफ्ना सुझावहरू राख्नुभएको थियो ।

# सहकारी संघ संस्थाहरूको विकासमा राष्ट्रिय सहकारी बैंकको भूमिका



– रामहरी बजगाई
सञ्चालक, राष्ट्रिय सहकारी बैंक लिमिटेड

हाल नेपालमा ३४ हजार भन्दा बढी सहकारी संघसंस्थाहरू दर्ता भई सञ्चालनमा आएका छन् । सहकारी संस्थाहरूलाई प्रवर्द्धन र विकासमा नेपालको एक मात्र राष्ट्रिय सहकारी बैंक सम्पूर्ण वित्तीय आवश्यकतालाई पुरा गरी बैकिङ्ग सेवामा पुहँच दिन तथा अन्य वित्तीय सेवा सुविधाहरू उपलब्ध गराई नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रबाट महत्वपुर्ण भूमिका निर्वाह गर्न सहकारी विभागमा मिति २०६० साल असार २५ गते दर्ता भई २०६१ श्रावण १८ गते बाट बैकिङ्ग कारोबार गर्दै आएको छ । यस राष्ट्रिय सहकारी बैंकलाई २०६७ साल साउन १० गते नेपाल राष्ट्र बैंकले समिति बैंकिङ्ग कारोबार गर्न इजाजत प्रदान गरेको छ ।


देशमा छरिएर रहेको पूँजी, श्रोत साधन र शीपलाई एकिकृत रूपमा परिचालन गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने सहकारी संघ/संस्थाहरूलाई थोक कर्जाको रूपमा वित्तीय साधन तथा अन्य सेवा सुविधाहरू उपलब्ध गराई सहकारी ऐन २०४८ बमोजिम सहकारी क्षेत्रको एक मात्र बैंक हो । बैकले २२ अरबको वासलात तयार गरी आफ्ना सदस्य संस्थाहरूलाई १५ प्रतिशत लाभांश वितरण गर्न सफल भएको छ । देशभरी दर्ता भई संचालनमा रहेको सहकारी संघ/संस्थाहरूलाई ४४ वटा शाखा मार्फत वित्तीय सेवा प्रदान गर्ने उद्देश्यका साथ अगाडि बढीरहेको छ । बैंकले शाखा विस्तार सँगै संघ/संस्थाहरूको सहभागीतामा जोड दिएको छ । सहकारीमा लघुवित्त कार्यक्रम, शिक्षा तालिम कार्यक्रम, साथै विभिन्न प्रदेश र जिल्लाहरूमा भेला, गोष्ठी, अन्तरक्रिया कार्यक्रम एक्लै वा मिलेर सहकारीकर्मीहरूलाई एकताबद्ध गराउन बैंक सफल हुँदै आइरहेको छ । ७७ ओटा जिल्लाहरूका संघ संस्थाहरू १० हजार दुई सय १८ ओटा यस बैंकका सदस्यता लिएका छन । अन्य बैक तथा वित्तीय संस्थाहरूले विशेषत : ठूला उद्योग कलकारखाना, होटेल व्यवसाय, आदिलाई प्राथमिकता दिने हुनाले ग्रामिण एंव सानाउद्योगहरूको लगानीमा सहकारी संघ/संस्थाहरू मात्र उपयुक्त हुने भएको हुँदा बैंकको महत्व दिन प्रति दिन बढदै गएको छ । अन्य बैकहरूले सहकारीलाई विश्वास नगर्ने ग्रामीण भेगमा सहकारीलाई झन् पहुँचभन्दा टाढा हुने भएको हुँदा सहकारी संघ/संस्थाहरूलाई प्रवर्द्धन गर्न यस बैंकले महत्वपुर्ण भूमिका निर्वाह गरेको छ । सदस्य संस्थाहरूलाई शिक्षा तालिमको माध्यमबाट व्यवसायिक तथा प्राविधि सहयोग गरिरहेको आफ्नो सदस्य संघ संस्थाहरूको नियमन, अनुगमन तथा सुपरिवेक्षणको कार्य पनि बैंकले आफ्ना सदस्यहरूलाई दिनप्रतिदिन गरिरहेको छ । जसले गर्दा सहकारी क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन संघिय संरचनामा विकास गरी ७ ओटै प्रदेशमा आफ्ना सदस्य संस्थाहरूलाई दीगो र प्रभावकारी बनाउन मद्दत गरिरहेको छ । सदस्य संघ/संस्थाहरूलाई सहुलियत थोक कर्जा उपलब्ध गराई तिनिहरूको वित्तीय आवश्यकतालाई पुरा गराउन बैक सक्षम रहेको छ ।

सहकारी संघ/संस्थाहरूको विकास र प्रवर्द्धनमा सहयोग पुर्‍याउने उद्देश्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ संस्थाहरू संग समन्वय गरि सहकारी अभियानलाई सफल पार्न आफ्ना सदस्य संघ संस्थाहरू मार्फत लाखौं सदस्य सामु पुर्‍याउन बैक प्रभावकारी संजालको रूपमा अगाडी बढिरहेको छ । आफ्ना सदस्य संघ संस्थाहरूलाई आवश्य पुँजी उपलब्ध गराई व्यवसाय प्रवर्द्धनका माध्यमबाट देशमा रोजगारीको अवसरको सिर्जना तथा आय बृद्धि गर्ने कार्यमा बैकको महत्वपुर्ण भूमिका रहेको छ । हाल सम्म यस बैंकले खेलेको भूमिका निम्न छन् ।

- सहकारी अभियानमा सहयोग
- आर्थिक वृद्धिमा योगदान
- उद्यमशिलताको विकासमा योगदान
- आवश्यकता अनुसार बैंकिङ्ग सेवा
- रोजगारीको सृजना
- दीगो आर्थिक विकासमा योगदान
- उत्पादनमा बृद्धि
- राजश्वमा योगदान
- सहकारी अर्थव्यवस्थाको प्रवर्द्धन
- सदस्य संघ/संस्थाहरूलाई समय सापेक्षिक तालिम
- सहकारी विचको सहकार्य

देशमा छरिएर रहेको पुँजीलाई एकिकृत गरी वित्तीयपूँजि परिचालनको माध्मबाट व्यक्ति तथा समुदायको आर्थिक एंव समाजिक विकासमा भूमिका खेल्न, गरिबि निवारण गर्न सम्रग सहकारी अभियानलाई व्यवस्थित र जनमुखी बनाउन यस राष्ट्रिय सहकारी बैकको सम्पुर्ण क्रियाकलापमा सहभागी भई बैंकको अभियानमा सम्पूर्ण सहकारीकर्मीहरूलाई सहभागीताको लागि हार्दिक अनुरोध गरिन्छ ।

# Why Co-operative enterprise is strong alternative with comparison to public and private enterprise?



Janak Bhandari
(Manager-Hamro Pahunch
Multipurpose Coop. Ltd. Dang)

International Cooperative Alliance(ICA) defines, "Cooperative is an autonomous association of persons united voluntary to meet their common economic,social, and cultural needs and aspirations through a jointly owned & democratically control enterprise." Still some people assume cooperative is non-profit social service organisation and some assume it as a charitable organization but fact is, it is a collective business enterprise to achieve collective benefit through democratic exercises. This article aim is to search how cooperative enterprise is strong alternative for public and private enterprise.

We can see mainly 3 forms of business enterprise in this world, 1. Private, 2. Public (government): & 3. Cooperative.

## 1. Private Enterprises:

In private Enterprise business system, business and Industries are organised and carried on for profit by private enterprise with a minimum of government interference. Individual and personal gain is a main motive of private enterprise.To some extent private enterprises can generate employment. In some cases due to heavy competition among the firms consumer gets product in reasonable prices. It gives freedom for all too commencing individual enterprise.They pay taxes to the government, but in many cases they get tax exempted and discount by influencing political leaders and bureaucracy.

Trend has come to Corporate Social Responsibility (CSR) but result shows that the CSR is only has become means of the media and publicity of the private business organisation. The CSR shows that private corporate houses are concern to their society and country but the big question is small amount of money can serve the society or save this world, because they are exploiting natural resources blindly and producing pollution which is dangerous for living things in this earth.

## Comparison between Privateand Cooperative Enterprise:

Great English Poet George Bernard Shaw said "Capitalism has no conscience. Its ambition is profit. Its God is Gold." Only the monetary gain is only the aim of the private enterprises but service to member and society with monetary profit is aim of the cooperative. The empowerment and education to the member is another aim of the cooperative rather than only profit. The gain from the business is goes to only one person which is owner of the private enterprises but in cooperative business enterprise the gain from the business is goes equally to members of the cooperative business enterprise.

Capitalism believes in the theory of "Survival of the Fittest" and hence takes to competition which produces a spirit of rivalry and leads to a clash of interests in the society. But cooperative work on the principle of self-help on the basis of cooperation between members.

In a private enterprise there is association on the basis of capital contributed. The voting power base on the capital invested but in Cooperative enterprise men associate as human beings on the basis of equality and distribute resources for mutual benefit. There is one man one vote in cooperative business enterprise. So, we can say in Private business enterprise "money rules men." But in Cooperative enterprise "men rules money."

The private enterprises are association of capital but in cooperative enterprises are association of human beings. They help each other giving hand by hand. Shareholders only see the market values of the share capital of their company, they are passive but in cooperative, members concerns about human values. They have deep concern about their organisation. They regularly go to organisation and look the activities there. The private enterprises there is exploitation by owners, the salary and living conditions are poor. They rarely gives chance to invest in share capital to their employees but in cooperative enterprises the employees can invest in share in theircooperative organisation because cooperative is voluntarily open membership organisation. They can get monetary and other benefit from the profit earned by business. Private enterprises make their employees servant but cooperative business enterprises makes their employees owner

because there is open membership system.

In developing country like Nepal, Private houses easily influence political leaders as they contribute donation in leader's election campaign. In Nepal the news had come that proportionate ticket of parliament are sold by political leaders. We see many owners of private houses are Member of Parliament. Even we have experienced government policies are made to the favour of private enterprises. This is not only the case of developing country like Nepal but also the case of U.S.A. which is known as developed civilized country. The research and assumptions was that Hillary Clinton wins the election because Hillary had a long political experiences but a business man unexpectedly won the election of president of U.S.A.

## The accumulation of wealth and resource in handful people:

The cause of accumulation of wealth and resource in handful people is due to private enterprise system. The globe's richest 1% owns half the world's wealth, according to a new report highlighting the growing gap between the super-rich and everyone else.These millionaires – who account for 0.7% of the world's adult population – control 46% of total global wealth.

At the other end of the spectrum, the world's 3.5 billion poorest adults each have assets of less than $10,000 (£7,600). Collectively these people, who account for 70% of the world's working age population, account for just 2.7% of global wealth.

This deep gap between haves and have not due to private enterpriseswhich caused the poverty and unemployment. Poverty and unemployment caused the war, strike, violent, robbery etc. The United Nations reports that over 7.6 million people die annually throughout the world because of hunger or a hunger-related cause. This means about 21,000 people, on average, die every day because of food insecurity. That's one person every 4 seconds. A great majority of these deaths are typically children.

## How consumers are looted in Private enterprise?

There are many distribution channels in a market. Every middle man keeps profit margin they sold to consumer that's why the cost of goods sold is high consequently the price of the product is high. Perishable product like in vegetable and fruits consumer is looted by middle men. But, on contrary in cooperative enterprise producer and consumer are same. No, middle men margin is included in product price gives reasonable price to all consumers. Share member can get another portion of dividend which is given on the basis of their transactions with own organization. Members obtain product on fair price and dividend upon their transactions.

## How environment is polluted by Private enterprise?

The omission of dangerous rays, gases, chemicals caused the environmental pollution. The private system of enterprise has no concern towards the public health and society. Thy are blindly exploiting the natural resources for their profit. Only for profit earning they are misusing natural resources. Environmental pollution has caused of depletion of Ozon layer, global warming. Their motive is only to high profit so they have no deep concern to the society and other people. Cooperative societies are association of thousands of people so they worry about the environment and their future generation.

## What is Public enterprise?

The ownership on means of production depending upon fully on government is known a public enterprise. All means of production and distribution are to be owned by the state. This is known as socialism. There are various model of socialism. The abolishment of private properties and business is known as communist model of socialism. Which was exercised in Russia, China but they have revised their fully state control system. China realised fully state control mechanism difficult to sustain so they are slowly changing their economic system. They are growing their economy as mix model of economic system.

## Comparison between Public enterprise and Cooperative enterprise.

The cooperative movement and socialist movement were both conceived as a revolt against the rise of the capitalist system. Some of the fundamental principles of public and cooperative enterprises are same. We have to analyse and find the weak point of public enterprise. Instead of aim forserving public and nation building because it had given slogan of equality and equity,why it is failed? The ruling nature of state by its officials and cooperative is by its members. We need that type of socialism where is full exercise of democracy. Dictator socialism is failed because there was no personal liberty and freedom. The way to sustainable development of democratic socialism is to established cooperative enterprises in every sector of economy.

## Why Public enterprises failed?

People didn't realise their ownership in public properties. They thought

they are bounded, they are only employees, no liberty in life. There was autocracy rather than democracy. Their creativity slowly lost. They are treated only as a means of production. No participation in planning and decision making at grassroots level caused failure of the system. In public enterprise system there was many works were done by forcefully, there were so many compulsion but in cooperative is a voluntarily association of people so there is no any chance of autocracy.

## What is Cooperative Enterprise?

Cooperative enterprises are those enterprises established by infinite no of people democratically control for fulfilling their necessity and goal by common actions. Cooperativeprinciples show cooperative enterprise isthemost suitable medium for exercise of democratization and economic planning. They are autonomous business. Common people have opportunities to resource allocation and distribution at grass root level to fulfil social, economic and cultural objectives through cooperatives enterprises. There is democratic control by its member but government can monitor whether the organisation is functioning on the basis of cooperative norms and values. Government role is promotional. There may be association between unskilled and poor people so government should give vocational and managerial skill development training program to these people. Ultimate goal of the government is sustainable development. Without rural development this goal can't be achieved. Cooperatives enterprises are main pillar of rural development. Cooperatives are not only the enterprise but it is a movement of development. Cooperativeis more conscious in production because they are consumer of their product. Still some scholars think that cooperative is association of rural poor people like farmers, labours etc. Collection of small penny can't do big business and generate huge employment, but this is wrong judgement about cooperative. Developed countries like UK, Canada, and Germany etc. are real example where cooperative enterprises are doing giant business in manufacturing as well as service sector.

## Why cooperative enterprise is necessary?

### Economic, social and cultural transformation of the society:

Cooperative enterprises are not only the business but it is movement against the poverty and unemployment, injustices in the society. Members should actively participate in economic activities. Vicious circle of poverty can be eradicate through cooperative. There is not any discrimination on the basis of gender, cast, religion and language.

### Abolishment of middlemen:

In the capitalist business system there are various marketing channel. They all keep profit margin in selling price. From manufacturer to retailor consumer have to pay high prices. But, in cooperative there is not presence of middleman. Producer and consumer are same in cooperative.

### Democratic exercise:

Democracy is known as best model of governance. It gives equal right to all people to come in power through people/members vote. In cooperative board of committee is elected by members vote. There is one man one vote system and members elect those who are capable to run business. The audit committee has power to check whether the management is doing according to cooperative norms, Act and bylaws or not. If there are malpractices and deviations in cooperatives audit committee have power to call special annual general meeting and present the report in front of all members.

### Empower human capital :

Competent and healthy human capital is necessary for nation building. Cooperatives empower lower level of human through various education and training program. If we see last 10 years we can see there is woman empowerment through cooperatives business enterprise in Nepal.

### Society concern:

Cooperatives enterprises are association of society people, so they are more concern about the society. We can see some social responsibility performing by cooperatives but due to lack of huge capital formation the performance to be high. Cooperatives are in Nepal are growing phase and we hoped in future cooperatives will do more investment in social responsibility.

## Social harmony

Cooperatives can create social harmony and intimacy in the diversify society. In Nepal we are seeing, members in cooperative celebrate festivals, happiness and sharing their sorrow collectively between cooperative members.

### Reduced regional unbalances :

Due to high profit motive concern private business enterprises hesitate to go in every corner of the country. For example In Nepal private banks are not reaching to the remote area. But, cooperatives are abolishing landlord and feudal compound interest system. Cooperatives are growing in every corner of the

country.

### Reduced inequitable distribution of wealth and resources.

In capitalist society the means of production are lies in few handful people. In Nepal 20% of rich people own 58% wealth in a country. Similarly the richest 1percent in the United States now own more 90% wealth in the country. This vast gap between haves and have not can be reduced by cooperative business enterprises.

### Conclusion:

The system of free enterprise based on capitalistic philosophy is responsible for exploitation of human and natural resources and accumulation of wealth and resources are in few handful people. It has created classes of haves and have not, unemployment and poverty. Public enterprises are business system ofwhere fully control by government. But, putting government hand in all business sectorsfailed. Government should only invest in infrastructure development and public basic needs like Education, health etc. Other job to be given to cooperative.Our constitution aim is to established socialism having democratic qualities. So, Cooperative enterprise is a best way to createprosperous and civilized society where is democratic exercise, human rights, equitable distribution of income and resources, employment generation, decrease exploitation of landlords and bourgeoisie ,this will be a welfare state.

**Student-(*Post Graduate Diploma In Cooperative Business Management) support by NCBL, Nepal.***

Vaikuntha Mehata National Institute of Cooperative Business Management, Pune, India.

Email id: bhrjanak@gmail.com

# कृषि सहकारीलाई दिने सहयोग सहकारी बैंक मार्फत परिचालनमा जोड

चितवन/कृषि लगायत उत्पादनका क्षेत्रमा काम गर्ने सहकारीहरूलाई राज्यले प्रदान गर्ने बजेट राष्ट्रिय सहकारी बैंक लिमिटेड मार्फत परिचालन गर्न चितवनका साना किसान कृषि सहकारी संस्थाका अगुवाहरूले आग्रह गरेका छन् ।

राष्ट्रिय सहकारी बैंकको चितवन शाखाले ०७५ कातिक १३ गते चितवनको नारायणगढमा आयोजना गरेको सहकारी बैंक र साना किसान कृषि सहकारी संस्थाहरूबीचको अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले यस्तो बताएका हुन् ।

सहकारी क्षेत्रका लागि विनियोजित हुने बजेट सहकारी बैंक मार्फत परिचालन गर्न सकेमा लक्षित वर्गमा छिटो र सहज रूपमा उपलब्ध हुने उनीहरूको भनाई थियो । सहकारीहरूको प्रवर्द्धनका लागि बनेको बैंकमार्फत सहकारी क्षेत्रमा विनियोजन हुने बजेट परिचालन गर्न सहकारीहरूले सरकारसँग माग समेत गरेका छन् ।

सहकारीलाई उत्पादनका क्षेत्रमा काम गर्न सकेनन् भनेर मात्रै नहुने भन्दै सहभागीहरूले सहकारीलाई उत्पादनका क्षेत्रमा काम गर्ने वातावरण बनाउन समेत सरोकारवालाहरूलाई आग्रह गरेका थिए ।

कार्यक्रममा जिल्ला सहकारी संघ चितवनका अध्यक्ष टिकाराम भट्टराईले सहकारीकर्मीहरू एकजुट भएर सहकारी बैंक मार्फत सरकारको बजेट परिचालनका लागि दवाव दिनु पर्नेमा जोड दिनु भयो । उहाँले सहकारी मार्फत उत्पादन, सेवा र बचतका कार्यक्रमलाई प्रभावकारी बनाउदै अगाडि बढ्नु पर्ने बताउनु भयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले कृषि क्षेत्रमा काम



गर्ने सहकारीहरूले प्रभावकारी परियोजनाका साथ अगाडि बढेमा बैंकले सहज र सरल रूपमा कर्जा उपलब्ध गराउने बताउनु भयो । सहकारीका सदस्य र संस्थागत रूपमा सञ्चालन गरिने कर्जामा बैंकले सहकारी संघ संस्थाहरूलाई परियोजनाको ७० प्रतिशतसम्म कर्जा लगानी गर्ने भन्दै उहाँले कृषि लगायत उत्पादन, प्रशोधन, संकलन र बजारीकरणका क्षेत्रमा काम गर्न आग्रह गर्नु भयो ।

कार्यक्रममा जिल्ला कृषि सहकारी संघ चितवनका अध्यक्ष हरिप्रसाद पौडेलले जिल्लाका कृषि सहकारीहरूको अवस्था र सहकारी बैंकसंगको समन्वयका बारेमा जानकारी गराउनु भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले सहकारी बैंकको सेवा सुविधा लगायत क्षमता विकासका लागि के गर्न सक्छ ? जिज्ञासा राखेका थिए ।

कार्यक्रममा बैंकका नायव महाप्रवन्धक बद्रीकुमार गुरागाई, सहायक महाप्रवन्धक हरिकृष्ण सापकोटा, प्रवन्धक प्रमोद कुमार घिमिरेले सहभागीले उठाएका जिज्ञासा बारेमा स्पष्ट पार्नु भएको थियो ।

बैंकका प्रवन्ध सञ्चालक उप्रेतीको अध्यक्षता, सञ्चालक रामबहादुर जिसीको सञ्चालन र चितवन शाखाका प्रमुख दिव्य केसीको स्वागतमा सम्पन्न कार्यक्रममा बैंकको परिचय, वर्तमान अवस्था र आगामी योजनाका बारेमा शिक्षा तथा तालिम विभाग प्रमुख रामबाबु आचार्यले सहजीकरण गर्नु भएको थियो ।

कार्यक्रममा चितवन जिल्लामा क्रियाशिल २५ वटा साना किसान कृषि सहकारी संस्थाका ५० जनाको सहभागिता रहेको थियो ।

# सहकारी बैंकले नेपालमै लामो अवधिको तालिम संचालन गर्नुपर्छ

भारतको पुने स्थित VAMNICOM मा ९ महिनाको लागि सहकारी विषयमा अध्ययनका लागि जानु भएका हाम्रो पहुँच बहुउद्देश्यीय सहकारी संस्था लि. दाङवाट जनक भण्डारी , सत्यनारायण कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. ललितपुरबाट महेस आचार्य र पूर्व नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. झापाबाट देवराज भण्डारी र यो कोर्षका हेर्ने VAMNICOM का प्रोफेसरद्वय डा. मनीषा पालीवाल र डा. के. एच. सोमारेन्द्रो सिंहसंग राष्ट्रिय सहकारी बैंकका संचालक तथा शिक्षा तथा तालिम उपसमिती संयोजक सरिता भट्टराईले लिनु भएको अन्तरवार्ताका आधारमा..

**१.भारतको पुनेमा भइरहेको सहकारी पोस्ट ग्र्याजुयेट ९ महिने कोर्ष के हो ?**

यो सहकारी बिषयको स्नातकोत्तर डिप्लोमा कोर्ष हो । यसको अबधि ९ महिनाको छ । यो कोर्ष प्रत्यक्ष रूपमा भारत सरकारको कृषि र सहकारी मन्त्रालयको CICTAB को सहयोगमा सन्चालित छ । यसको पाठ्यक्रम अनुसार पहिलो ३ महिनामा अर्थशास्त्र, सहकारी कानुन, लेखा, सहकारीता, कम्प्युटर र व्यवस्थापन लगायतका बिषयहरूको शिक्षण गरी परीक्षा हुन्छ । बिचको ३ महिना आफ्नो रूचीको विषयमा प्रोजेक्ट कार्य गर्नु पर्छ र अन्त्यको ३ महिना फेरि रणनीति व्यवस्थापन, बजार व्यवस्थापन, उत्पादन तथा अनुसन्धान, वित्त व्यवस्थापन, कम्प्युटर र १ वटा आफ्नो रूचीको विषयमा जस्तो कि सहकारी कानून, बैंकिङ वा बजारशास्त्रको अध्यन गरी परीक्षा उत्तीर्ण गर्नु पर्दछ । यस संस्थाले अध्यनको विभिन्न समयमा सहकारी तथा ग्रामिण विकासको अध्ययन भ्रमण पनि गराउँछ । यसको अध्यनबाट सहकारी अभियान लगायत सहकारी संस्थाको व्यवस्थापनको बारेमा उच्च प्रकारको शिक्षा मिल्दछ । हामी राष्ट्रिय सहकारी बैंक मार्फत यहाँ अध्ययन गरिरहेका छौं । आगामी दिनमा सहकारी क्षेत्रका लागि समर्पित सहकारीसँग जोडियका अग्रेजी भाषामा लेखपढ गर्न सक्ने, स्नातक उत्तीर्ण इच्छुक व्यक्तिले राष्ट्रिय सहकारी बैंक मार्फत यो कोर्षको लागि आबेदन दिन सक्दछन । (जनक भण्डारी)

**२. आगामी दिनमा सहकारी बैंकले सहकारी शिक्षा तालिमका कस्तो योजना बनाउँदा ठिक होला ?**

आगामी दिनमा सहकारी बैकले तालिम तथा शिक्षाको कार्यक्रम बनाउँदा बिशेषगरि सहकारी क्षेत्रको प्रवर्द्धनमा ध्यान दिनु जरूरी छ । हामिले बाह्य तालिममा सहभागि पठाउनु भन्दा स्वदेशमै यस प्रकारको तालिमको ब्यवस्था गरे राम्रो देखिन्छ । विशेष गरेर लामो अवधीको तालिम अनि तालिम कार्यक्रममा सहकारिमा अभियान्ता, कर्मचारी तथा अन्य सदस्यहरूको आवश्यकता पहिचान गरी तालिमको पाठ्यक्रम बनाउनु जरूरि छ । साथै समय समयमा देश तथा बिदेशका सफल सहकारीहरूको अध्ययन भ्रमणको आयोजना गरी अधिकतम सहकारिकर्मीलाई सहभागी बनाउने कार्यक्रमलाई विशेष जोड दिन जरूरि छ । (महेस भण्डारी)

**३. अहिले सम्मको अध्ययनका आधारमा भारतीय सहकारी अभियान कस्तो छ ?**

भारतमा बचत तथा ऋण सहकारीको अवस्था राम्रो छैन । सहकारी मार्फत सरकारले ३ लाख सम्म बिना ब्याज ऋण किसानलाई दिएको छ अरू बिषयगत सहकारी धेरै छन् जस्तो हाउजिङ, मछलि, मार्केटिंग, उपभोक्ता, श्रमिक सहकारी आदी नेपालको सहकारी कानुन भारतको भन्दा समग्रमा सहकारी मैत्री भन्न सकिने छ । करमा पनि नेपालमै सहुलियत छ कारण सरकारको लगानी रहनु कृषकलाई सहकारी मार्फत लगानीको लागि रकम दिनु र त्यस बापत सहकारीले आम्दानी गर्ने छ । सरकारले सहकारीलाई धैरै भारथेग गरेको छ । नेपालका शहरमा खोलिएका केही सहकारी बाहेक सबै सहकारीहरू सदस्य मैत्री छन् । सामान्यतया सबै सहकारीमा बचत गर्छन् तर भारतमा यस्तो अलि देखिदैन वा यो मामलामा भारतीय सहकारी कमजोर देखिन्छ यसको कारण हुन सक्छ नेपालमा सबै सहकारी बचत तथा ऋण गर्ने भएर होला उदाहारण सहकारी बहुउद्देश्यीय कार्य वचत तथा ऋण ।

भारतमा सहकारीहरू उत्पादनमा छन् राम्रो योगदान गरेका छन् राज्यलाई भारती सहकारीहरूले नेपालमा यो बिषयमा सहकारी कमजोर छ । यहाँका कतिपय कानुनि ब्यवस्थाहरू उत्कृष्ट छन् । सहकारीको लेखा तथा सुपरिवेक्षण समितिमा सदस्य भन्दा बाहिरको विज्ञ राख्ने ब्यवस्था गरिएको छ। कारण विज्ञताको लागि फेरि सदस्यद्वारा स्वनियन्त्रण कसरी भयो भन्ने प्रश्न आउला त्यसकारण त्यो कार्य विज्ञताको लागि गरिएको छ । विज्ञता प्रस्तुत गर्ने । सहकारीको विविध कारण छ । नेपालमा स्वायत्त तथा स्वतन्त्र सहकारी छन् भारतमा अलि त्यस्तो देखिदैन सरकारले प्रायः सबै सहकारीमा लगानी गरेको छ तर नेपालमा त्यस्तो सहकारी बैंकमा न्यून पूजी लगानी बाहेक लगानी अन्यत्र छैन ।

भारतमा सहकारी शिक्षाको लागि सरकारले

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हरेक बर्ष अध्ययन अध्यापन गराउने काम सरकारले देशको विभिन्न ठाउँमा गरेको छ । नेपालमा सहकारी शिक्षामा कमजोरी राज्यले गरेको छ । भारतमा सहकारीको ईतिहास १९०४ बाट लामो छ । नेपालको बि स २०१३ बाट हो अंग्रेजले वेलायतको मोडलमा स्थापना गराएको । (महेस आचार्य)

**४. नेपालवाट राष्ट्रिय सहकारी बैंकले तिन जना सहकारीकर्मीहरूलाई यो विषयमा अध्ययन गर्न पठाएकोमा VAMNICOM का प्रोफेसरद्वय डा. मनीषा पालीवाल र डा. के. एच. सोमारेन्द्रो सिंहको अनुभवः**

कृषि एवम् किसान कल्याण मन्त्रालय अन्तर्गत VAMNICOM ले नेपाल लगायत सार्क क्षेत्रका भूटान, बंगलादेश, श्रीलंका, माल्दिभ्स सहित जापान, कोरिया जस्ता देशका सहकारीकर्मीहरूलाई सहकारी ब्यवस्थापनको क्षेत्रमा गुणस्तरीय शिक्षा तथा तालिम दिदै आएको सह प्रोफेसर डा. के. एच. सोमारेन्द्रो सिंहले बताउनु भएको छ । VAMNICOM मा २ बर्षे कृषि सम्बन्धी र ९ महीना PGDCM गरी लामो र छोटो अवधिका कार्यक्रम सञ्चालन हुने गरेको छ । सामान्यता सूक्ष्म तथा बृहत् अर्थशास्त्र, सामान्य ब्यवस्थापन, लेखा, मार्केटिंग, ग्रामीण बिकास, कृषि गरी १५ सहित सहकारी बैंकिंग र सहकारी बजारशास्त्र जस्ता बिशेष विषयमा शिक्षा तथा तालिम दिई एक वा एक भन्दा बढी राष्ट्रहरूमा अभ्यासका लागी विभिन्न क्षेत्र जस्तो रेल ब्यावस्थापनको जानकारी, सहकारी बैंकिंग तथा सहकारी बजारशास्त्रको लागी समन्वय गर्ने साथै तिनीहरु प्रस्तुतीकरणमा सहयोग गर्नेछ । नेपाली भाइहरूले यहाँ सिकेको अनुभवलाई नेपालमा गएर कार्यान्वयन गर्न सहयोग पुग्ला भन्ने हामीलाइ लागेको छ । प्रोफेसर सोमारेन्द्रो सिंहले बताउनु भएको छ भने अर्का प्रोफेसर डा. मनीषा पालीवालाले नेपाली बिद्यार्थीहरू अनुशासित, नम्र, सरल, आज्ञाकारी, निष्ठावान र सरल प्रस्तुतीकरण दिने बताउनु भएको छ । उहाँले नेपाली बिद्यार्थिहरूलाई शिक्षण गर्दा आफु स्वयंमले नेपालको सहकरी सम्बन्धी धेरै ज्ञान हासिल गरेको बताउनु भएको छ । साथै वहाँहरूलाइ नेपालबाट राष्ट्रिय सहकारी बैंकले आफ्ना सदस्य संस्थाका प्रतिनिधिलाई यो अध्ययनका लागि पठाएकोमा धन्यवाद दिंदै आगामी दिनमा समेत शिक्षा तालिमको सहकार्यलाई निरन्तरता दिन वहाँहरूले अनुरोध समेत गर्नु भएको छ ।

# विरगंजमा कार्यालय बिस्तार तथा अभिमुखिकरण कार्यक्रम

विरगंज, पर्सा

राष्ट्रिय सहकारी बैंक लिमिटेड विरगंज शाखाको आयोजनामा विरगंज स्थित राष्ट्रिय सहकारी बैंकको शाखा कार्यालयमा स्थानान्तरण कार्यालय उद्घाटन तथा बैंकको सेवा सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम राष्ट्रिय सहकारी बैंक विरगंज शाखा समन्वय समितिका संयोजक राजेश पंडितको सभापतित्वमा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलको प्रमुख आथित्यता र बैंकका कार्यकारी प्रमुख के.वी. उप्रेतीको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रमका विशिष्ट अतिथि तथा बैंकका कार्यकारी प्रमुख के.वी. उप्रेतीले बैंकको वर्तमान अवस्था, बैंकले सदस्य सहकारी संघ/संस्थाहरूलाई दिदै आइरहेको विभिन्न सेवा सुविधा तथा भावि योजनाका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले सहकारी बैक सहकारीको मुल्य मान्यता र सिद्धान्त अनुरूप सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एंव वित्तीय आवश्यकताको लागी स्थापना भएकोले सहकारी संघ/संस्थाहरूले सम्पुर्ण कारोवार यसै बैंकसंग मात्र गर्न आग्रह गर्नुभयो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि राष्ट्रिय सहकारी बैंक लि.का अध्यक्ष रमेश प्रसाद पोखरेलले सहकारी संघ/संस्थाको प्रवर्द्धन र गुणात्मक विकासको लागी राज्य र सहकारी अभियानले मिलेर काम गर्न जरूरी रहेको बताउनुभयो । राष्ट्रिय सहकारी बैंकले सहकारी संघ/संस्थाहरू मार्फत समृद्ध समाज निर्माण गरि समुदायको आर्थिक विकास र समृद्धिका लागी महत्वपुर्ण भुमिका खेल्ने बताउनुभयो । उहाँले राष्ट्रिय सहकारी बैंकलाई मुलुकभरिको सहकारी संघ/संस्थाहरूको केन्द्रीय बैंक बनाउन आवश्यक रहेकोले सबै जना त्यसमा लाग्नुपर्ने बताउनुभयो । कार्यक्रममा विभिन्न सहकारी संघ/संस्थाका प्रतिनिधिहरूले सहकारी बैंक र सहकारी अभियानका बारेमा जिज्ञासा राखेका थिए भने बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेल तथा कार्यकारी प्रमुख के.वी. उप्रेतीले जिज्ञासाहरूको जवाफ दिनुभएको थियो । पर्सा जिल्लाका करिब १०० सहकारी संघ/संस्थाहरूको उपस्थिति रहेको सो कार्यक्रममा जिल्ला सहकारी संघ लि. पर्साका अध्यक्ष जोखन दास थारू, बचत तथा ऋण सहकारी संघ पर्साका उपाध्यक्ष



असगर अलि अंसारी, कृषि सहकारी संघ लि. पर्साका अध्यक्ष शिव कुमार साह बचत तथा ऋण सहकारी संघ लि. वाराका अध्यक्ष सत्यन्द्र ठाकुर लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सहजिकरण राष्ट्रिय सहकारी बैंक लिमिटेड विरगंज शाखाका प्रमुख युवराज त्रिपाठीले गर्नुभएको थियो ।

# गैडाकोट र काठमाडौंमा राष्ट्रिय सहकारी बैंकको त्रैमासिक समिक्षा



नवलपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडको चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा भएका कामहरूको समिक्षा गोष्ठी गैडाकोट र काठमाडौंमा सम्पन्न भएका छन् । ५ प्रदेशका २२ वटा शाखामा भएको कामहरूको बारेमा नवलपरासीको गैडाकोट स्थित विकु साकोसमा कात्तिक १२ गते समिक्षा भएको थियो । यस्तै अन्य २२ वटा शाखाको समिक्षा कार्यक्रम कात्तिक १५ गते काठमाडौंमा गरिएको थियो ।

समिक्षा गरी बैंकको कारोबार लगायत अन्य गतिविधिलाई थप प्रभावकारी गराउने उद्देश्यका साथ गोष्ठी आयोजना गरिएको बैंकले जनाएको छ । गोष्ठीमा बैंकका सबै शाखाका प्रमुखहरूले आ-आफ्नो शाखाको वर्तमान अवस्था, आगामी लक्ष्य, संभावना, अवसर र चुनौतीका बारेमा प्रस्तुती गरेका थिए । सहकारी बैंकलाई वित्तीय रूपमा शसक्त बनाई सदस्य सहकारी संघ संस्थाहरूलाई दीगो कसरी बनाउन सकिन्छ भन्ने विषयमा शाखा प्रमुखहरूले आफ्नो योजना सहित धारणा राखेका थिए । बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले बैंकको हालसम्मको अवस्थाका बारेमा जानकारी लिनुका साथै आगामी योजना र समन्वय लगायतका विषयमा जानकारी गराउनु भएको थियो । बैंकका सवल पक्षहरू, संभावना, अवसर र चुनौतीका बारेमा शाखा प्रमुखहरूबाट सुझाव लिई थप प्रभावकारी कार्ययोजना निर्माणका लागि गोष्ठी सहयोगी हुने प्रवन्ध सञ्चालक उप्रेतीले बताउनु भयो ।



शाखा प्रमुखहरूले उच्च व्यवस्थापनसंग राखेका अपेक्षा लगायत शाखामार्फत गर्न सकिने प्रभावकारी कामका बारेमा बैंकका नायव महाप्रवन्धक बद्रीकुमार गुरागाईले जानकारी गराउनु भएको थियो । बैंकका विभागीय प्रमुखहरू सहायक महाप्रवन्धक हरिकृष्ण सापकोटा, प्रवन्धक रामबाबु आचार्य, प्रवन्धक प्रमोद कुमार घिमिरे, सहायक प्रवन्धक नविनकुमार कार्की, अधिकृत दिनेश गेलाल लगायतले शाखा प्रमुखहरूका जिज्ञासा मेटाउनुका साथै आफ्नो विभागबाट गरिने कामका बारेमा जानकारी गराउनु भएको थियो ।

गैडाकोटको कार्यक्रममा बैंकका सञ्चालक रामबहादुर जिसी, बैंक समन्वय उप-समिति कावासोती नवलपरासीका संयोजक तिलक प्रसाद पराजुली लगायतले गोष्ठीको सफलताको कामना गर्नु भएको थियो । यस्तै काठमाडौंमा सम्पन्न कार्यक्रममा बैंकका विभागीय प्रमुखहरू सहायक महाप्रवन्धक हरिकृष्ण सापकोटा, प्रवन्धक रामबाबु आचार्य, प्रवन्धक प्रमोद कुमार घिमिरे, सहायक प्रवन्धक नविनकुमार कार्की, अधिकृत दिनेश गेलाल लगायतले शुभकामना दिनु भएको थियो ।

# सहकारीका सदस्यलाई उद्यमशिल बनाउन वित्तीय सहयोग सहकारी बैंकले गर्छ : उप्रेती

हेटौंडा/राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय हेटौडा शाखाको आयोजनामा सदस्य सहकारी संघ संस्थाहरूसंगको एक दिने अन्तरक्रिया कार्यक्रम ०७५ कात्तिक ११ गते सम्पन्न भएको थियो । सहकारी बैंकका सेवा सुविधालाई थप प्रभावकारी बनाउन तथा सदस्य सहकारी संघ संस्थाहरूबीचको सम्बन्धलाई थप सहज बनाउने उदेश्यले कार्यक्रमको आयोजना गरिएको शाखाले जनाएको छ । कार्यक्रममा बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले सहकारी क्षेत्रलाई राज्यले लिएको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि उत्पादन क्षेत्रलाई प्रभावकारी बनाउन सहकारी क्षेत्रको भूमिका बढाउन पर्नेमा जोड दिनु भएको छ । स्वरोजगार बनाउन सहकारी संघ संस्थाहरूलाई आफ्ना सदस्यहरूलाई उद्यमशिल बनाई आय आर्जन वृद्धि गर्ने खालका कार्यक्रम तय गर्न आग्रह गर्दै उहाँले त्यसका लागि आवश्यक वित्तीय व्यवस्था सहकारी बैंकले गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।



उहाँले सहकारीहरूमा रहेको तरलता सबै राष्ट्रिय सहकारी बैकमा राख्न र आवश्यक रहेको पूँजि सहकारी बैंकबाट लिएर सदस्यहरूलाई उत्पादन, प्रशोधन र बजारीकरणमा केन्द्रीत गर्न आग्रह गर्नु भयो । कार्यक्रममा जिल्ला सहकारी संघ मकवानपुरका अध्यक्ष तथा राष्ट्रिय सहकारी संघका सञ्चालक बद्रीप्रसाद लम्सालले सहकारी क्षेत्रलाई वित्तीय रूपमा सक्षम बनाउनका लागि सहकारी बैंकको भूमिकालाई थप प्रभावकारी बनाउन सहकारी संघ/संस्था र बैंकबीच समन्वय आवश्यक रहेको बताउनु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामबहादुर जि.सी., सहकारी बैंक हेटौडा शाखा समन्वय उपसमितिका सल्लाहकार विरेन्द्र ढुंगाना, जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका अध्यक्ष राधा सिङ्तान, जिल्ला दुग्ध सहकारी संघका अध्यक्ष बासुदेव अधिकारी लगायतले सहकारी क्षेत्रमा रहेको पूँजिलाई परिचालन गरी सदस्यहरूलाई आर्थिक रूपमा सबल बनाउनु पर्नेमा जोड दिनु भएको थियो । कार्यक्रममा बैंकका नायव महाप्रवन्धक बद्रीकुमार गुरागाई र सहायक महाप्रवन्धक हरिकृष्ण सापकोटा, हेटौडा शाखाका प्रमुख रामेश्वर अर्यालले बैंकको वित्तीय अवस्था, आगामी कार्ययोजना र सदस्य संघ संस्थाहरूका लागि आवश्यक प्रविधि, शिक्षा तथा तालिम र वित्तीय व्यवस्थापनका बारेमा सहजीकरण गर्नु भएको थियो ।

कोअपरेटिभ म्यानेजर्स क्लव कास्कीको टोलीद्वारा सहकारी बैंकको अवलोकन

# सहकारी क्षेत्रको रकम उत्पादनमा लगाउनु पर्नेमा जोड

ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले सहकारी क्षेत्रमा रहेको पूँजिलाई उत्पादन, प्रशोधन र बजारीकरणमा केन्द्रीत गर्न सहकारी क्षेत्रको ध्यान जानु पर्नेमा जोड दिनु भएको छ । कोअपरेटिभ म्यानेजर्स क्लव कास्कीको अगुवाईमा अध्ययन अवलोकनका क्रममा कात्तिक १० गते बैकमा आयोजित पोखरामा सञ्चालित सहकारी संघ संस्थाका कार्यकारी प्रमुख तथा व्यवस्थापकहरूसंग अन्तरक्रिया कार्यक्रममा उहाँले यस्तो बताउनु भएको हो । सहकारीहरूको पहिलो काम पूँजि निर्माण हो, पूँजि निर्माणसंगै सहकारी क्षेत्रमा रहेको पूँजिलाई उत्पादन, प्रशोधन र बजारीकरणमा लगाउनु पर्नेमा उहाँको जोड थियो । समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि सहकारी एउटा महत्वपूर्ण माध्यम भएकाले यस क्षेत्रमा रहेको श्रम, सीप र पूँजिलाई स्थानीय स्रोतको परिचालनमा लगाउनु पर्ने उहाँको भनाइ थियो । राष्ट्रिय सहकारी बैंकले सहकारी संघ संस्थाहरूमार्फत कृषि, जलस्रोत, पर्यटन, जडिबुटी लगायत उत्पादन तथा सेवा क्षेत्रमा लगानी वृद्धि गर्ने लक्ष्यका साथ अगाडिब बढेको भन्दै उहाँले सहकारीहरूलाई त्यसक्षेत्रमा केन्द्रीत हुन आव्हान गर्नु भयो । उत्पादन, प्रशोधन, संकलन र बजारीकरणको क्षेत्रमा योजना बनाउनुस, सहकारी संस्थाको ३० प्रतिशत र बैंकको ७० प्रतिशत लगानीको व्यवस्था गर्छौ, उप्रेतीले भन्नु भयो । कार्यक्रममा बैंकका नायव महाप्रवन्धक बद्रीकुमार गुरागाईले बैंकको आगामी लक्ष्यका बारेमा जानकारी गराउनु भएको थियो । कोअपरेटिभ म्यानेजर्स क्लव कास्कीका अध्यक्ष मिलन ढकालले सहकारी क्षेत्रमा रहेको पूँजिलाई सहकारी बैंकमै राख्ने वातावरणका लागि चेक क्लियरिङ लगायतका कामको व्यवस्था गर्न आग्रह गर्नु भएको थियो ।




साकोस म्यानेजर्स क्लव चितवनका अध्यक्ष मेघनाथ चालिसेले वित्तीयसंगै तालिम लगायत विभिन्न क्षेत्रमा सहकारी बैंक मार्फत सहकारी संघ संस्थाहरूले प्रभावकारी सेवा पाएको भन्दै भौगोलिक रूपमा टाढा रहेका सहकारीहरूलाई पनि बैंकसंगै कारोबार गर्ने वातावरणका लागि शाखा थप गर्न सुझाव दिनु भयो । उहाँले शाखाको संभावना नभएका स्थानमा प्रतिनिधि संस्था वा अन्य व्यवस्था गर्न सके सहकारी संघ संस्थाहरूको रकम आफ्नै बैंकमा जम्मा हुने बताउनुभयो ।

कोअपरेटिभ म्यानेजर्स क्लव कास्कीको संयोजनमा कास्की जिल्लामा क्रियाशिल ३१ वटा सहकारी संघ संस्थाका कार्यकारी प्रमुख, व्यवस्थापकहरूको टोली बैंकको अवलोकनमा आएको थियो । म्यानेजर्सहरूको क्षमता अभिवृद्धिसंगै सहकारी अभियानको प्रवर्द्धनका लागि क्लव क्रियाशिल रहेको अध्यक्ष मिलन ढकालले बताउनु भयो ।

# नयाँ कर्मचारीको परिचयात्मक कार्यक्रम

राष्ट्रिय सहकारी बैंक लिमिटेडमा नयाँ नियुक्त कर्मचारीहरूको परिचयात्मक कार्यक्रम ०७५ भदौ १३ गते केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ । परिचयात्मक कार्यक्रममा बैंकका उच्च ब्यबस्थापनका कर्मचारी सहित बैंकका सम्पूर्ण विभाग, मुख्य शाखा र कर्पोरेट कार्यालयका सम्पूर्ण कर्मचारीहरूको सहभागिता रहेको थियो। उक्त परिचयात्मक कार्यक्रममा बैंकका उच्च ब्यबस्थापनका कर्मचारीहरूले आ-आफ्नो विभागका कर्मचारिहरूको Job Description तयार गर्नुपर्ने तथा चालु आर्थिक बर्षको लागि प्रस्तावित योजना तथा बजेट कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन र समूहमा मिलेर काम गर्नुपर्ने कुरामा केन्द्रीत भै उच्च व्यवस्थापनका कर्मचारी तथा नव कर्मचारीहरूबीच छलफल भएको थियो ।



# राष्ट्रिय सहकारी बैंकको शाखा स्तरीय अन्तरक्रिया कार्यक्रम

### कलंकी

राष्ट्रिय सहकारी बैंक लिमिटेड कलंकी शाखा कार्यालयको आयोजनामा ०७५ साउन २५ गते एक दिने शाखा स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीको प्रमुख आथित्यमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा बैंकको लघु कर्जा उप-समितिका सदस्य अगरबत्ति बलामीको पनि सहभागिता रहेको थियो । सो कार्यक्रममा बिभिन्न सहकारी संघ तथा संस्थाका अध्यक्ष र ब्यबस्थापकहरू गरी १३ भन्दा बदी सहकारीकर्मीहरूको सहभागीता रहेको थियो ।



कार्यक्रममा शाखाको काम कारोबार सम्वन्धमा छलफल गरिएको थियो। कार्यक्रममा बैंकको गतिविधि सम्बन्धमा संघ/संस्थाहरूको सहभागिता, तालिम तथा बैंक ब्याजदर लगायतका विषयमा उठे भएका जिज्ञासा सम्बन्धमा प्रबन्ध संचालक के.वी. उप्रेतीले जवाफ दिनुभएको थियो । कार्यक्रमको सञ्चालन कलंकी शाखाका प्रमुख अपर्णा पन्तले गर्नु भएको थियो ।

### बुटवल

राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल शाखाको आयोजनामा रूपन्देही जिल्लाको मर्चवार क्षेत्रमा राष्ट्रिय सहकारी बैंकको परिचय, महत्व, भूमिका तथा सहकारी नेतृत्व सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम ०७५ भदौ २० गते सम्पन्न भयो ।

नवदुर्गा स्वावलम्बन बहुउद्देश्यीय सहकारी संस्थामा सम्पन्न भएको कार्यक्रममा कोटहीमाई गाउँपालिकाका अध्यक्ष चन्द्र भुषण यादवले सहकारीमार्फत समृद्धिको अभियानलाई सफल बनाउनका लागि सहकारी बैंक र स्थानीय तहहरूबीच सहकार्य आवश्यक रहेको बताउनु भएको थियो ।




जिल्ला सहकारी संघ लिमिटेड रूपन्देहीका संचालक अशोक कुमार त्रिपाठीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बचत तथा ऋण सहकारी संघ लिमिटेड रूपन्देहीका संचालक अशोक कुमार तिवारी, कोटहीमाई गाउँपालिका वडा नम्बर ७ का वडा अध्यक्ष श्याम सुन्दर यादव लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

नवदुर्गा स्वावलम्बन बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक जितेन्द्र यादवको सञ्चालन र बैंकका बुटवल शाखाका सहायक अधिकृत रूक्मत श्रेष्ठको स्वागतमा सम्पन्न कार्यक्रममा मर्चवार क्षेत्रका सम्मरीमाई, कोटहीमाई र मर्चवारी गाउँपालिकाका ३६ भन्दा बढी सहकारी संस्थाका अध्यक्ष एवं व्यवस्थापकहरूको सहभागिता रहेको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंक बुटवल शाखा प्रमुख नरेश पाण्डेले सहजीकरण गर्नुभएको थियो ।

### कलैया, बारा

राष्ट्रिय सहकारी बैंक लिमिटेड सिमरा शाखाको आयोजना र बारा जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको समन्वयमा सहकारी बैंकको सेवा सुविधा सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम ०७५ असोज ६ गते उद्योग वाणिज्य संघ कलैया, बाराको सभाहलमा सम्पन्न भयो । कार्यक्रममा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन र गुणात्मक विकासका लागि राज्य र सहकारी अभियानले मिलेर काम गर्न जरूरी रहेको बताउनुभयो

बैंकका प्रवन्ध संचलक के.बी. उप्रेतीले बैंकले दिदै आएको वित्तीय तथा गैह्र वित्तीय सेवा सुविधाको विषय, बैंकको प्रगति रिपोर्ट,

सहकारीहरूले सहकारी क्षेत्रकै एक मात्र बैंकलाई प्रवर्द्धन गर्नमा सहयोग गर्नु पर्ने बताउनुभयो ।



जिल्ला बचत तथा ऋण सहकारी संघ बाराका अध्यक्ष सत्यन्त्र ठाकुरको अध्यक्षता, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलको प्रमुख आतिथ्यता र बैंकका प्रवन्ध संचालक के.वि. उप्रेतिको विशिष्ट आतिथ्यतामा भएको थियो । कार्यक्रममा बारा जिल्ला कृषि संघका अध्यक्ष मिश्रीलाल सहनी, अगुवा सहकारी कर्मी मुकुन्द बहादुर क्षेत्री लगायत बचत तथा ऋण सहकारी संघका सबै पदाधिकारीहरू र कृषि संघका पदाधिकारीहरूको आथित्यता रहेको थियो ।

कार्यक्रमका विशिष्ट अतिथि तथा कार्यक्रममा अधिकांश सहकारी कर्मीहरूले बैंकले सेवा कलैयाबाटै पाउन माग गरेका थिए बैंकको सेवा विविधिकरणमा पनि सहकारी बैंकले ध्यान दिनु पर्ने र महिलाद्धारा संचालित सहकारीहरूलाई विषेश सहुलियत गर्नु पर्ने आदि विषय उठान गरेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन र गुणात्मक विकासका लागि राज्य र सहकारी अभियानले मिलेर काम गर्न जरूरी रहेको बताए । त्यसै क्रममा कलैयाबाट सेवा दिने ठुलो समस्या नभएको र सहकारीकर्मीहरू बैंकको सदस्य भई कारोवार गर्दै अगाडी बढेमा निकट भविश्यमा आफ्ना सदस्यहरूको सहजता नजर अन्दाज गरी हरेक क्षेत्रमा बैंकिङ सुविधा उपलब्धता हुने कुरा व्यक्त गर्नु भएको छ । सहकारीहरू सामाजिक व्यवसायका रूपमा क्रियाशील रहेको र समुदायको आर्थिक विकास र समृद्धिका लागि महत्वपूर्ण मुमिका खेलेको बताउदै त्यसलाई विशेष व्यवस्था गरिएको दृष्टान्त प्रस्तुत गर्दै सहकारीलाई संविधानको भावना अनुरूप बढाउन सके मुलुकलाई छोटो समयमा समृद्ध बनाउन सकिने प्रमुख अतिथि पोखरेलले बताउनु भएको थियो ।

बैंकमा आबद्ध नभएका सहकारी संघ/संस्थाहरूलाई लक्षित गरी आयोजना भएको कार्यक्रममा ११० भन्दा बढी सहकारीकर्मीहरूको उपस्थिति रहेको थियो भने कार्यक्रम बैंकको सिमरा शाखा प्रमुख गोविन्द ओझाको संचालन र सिमरा शाखाका कर्मचारी निर्मला कुमारी पाण्डेको स्वागत मन्तव्यमा सम्पन्न भएको थियो ।

# अन्तरक्रिया तथा शुभकामना आदनप्रदान कार्यक्रम सम्पन्न

भक्तपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेड ठिमी शाखा समन्वय उपसमितिको आयोजनामा भक्तपुर जिल्लामा भएका सहकारी संघ तथा विषयगत संघका पदाधिकारीहरू विच सहकारी क्षेत्रका समसामयिक विषयमा अन्तरक्रिया तथा नजिकै आउंदै गरेको विभिन्न चाडपर्वहरूको शुभकामना आदनप्रदान कार्यक्रम सम्पन्न भएको छ ।



ठिमी शाखा समन्वय उपसमितिका संयोजक केदार खड्काको अध्यक्षता, बैंकका प्रवन्ध संचालक केवी उप्रेतीको प्रमुख अतिथ्यता, नेफ्स्कुनका अध्यक्ष डिवी बस्नेतको विशेष आतिथ्यतामा, बैंकका संचालक सरिता तिमल्सिना भट्टराई, जिल्ला कृषि सहकारी संघका अध्यक्ष सनिस लागेजु, बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष सानुमान लामा, जिल्ला सहकारी संघका लेखा समिती सदस्य, व्यवस्थापक तथा मध्यपुर ठिमी नगरपालिकाको सहकारी विभागमा कार्यरत होमा उप्रेती लगायत विषयगत संघहरूका संचालक समिती तथा लेखा समिती सदस्यहरूको आथित्यता तथा सहकारी बैंक व्यवसाय प्रवर्द्धन केन्द्रीय उप-समितीका सदस्य वालमुकुन्द सुवाल र बैंकका सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटा लगायतको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

अन्तरक्रिया तथा शुभकामना आदनप्रदान कार्यक्रममा बोल्दै ठिमी शाखा समन्वय उपसमितिका संयोजक केदार खड्काले सहकारी बैंक र जिल्लाका संघहरूको समन्वय मार्फत सहकारी क्षेत्र र स्थानिय सरकारका योजना अनुरूप विवीध कार्यक्रम गर्ने सोच भएको बताउनु भयो । त्यस्तै बैंकका प्रबन्ध संचालक के.वी. उप्रेतिले बैंकका सेवावाट सहकारी संघ/संस्थाहरूले कसरी लाभ प्राप्त गर्न सक्छन भन्ने सम्बन्धमा विस्तृतमा आफ्नो भनाई राख्दै नजिकिदै गरेका चाडपर्वको शुभकामना व्यक्त गर्नुभएको थियो । वहाँले सहकारीलाई चाहिएको हरेक वित्तीय आवश्यकता पूरा गर्न सहकारी बैंक प्रतिबद्ध रहेको बताउनु भयो । यसै गरी नेफ्स्कुनका अध्यक्ष डी.बि. बस्नेतले सहकारीको पैसा सहकारीमा नै राख्ने र सहकारी मार्फत नै फेरी सहकारीमा नै लगानी गर्ने अवस्था सिर्जना गर्नु पर्नेमा जोड दिनु भयो ।

सो अवसरमा बैंकका संचालक सरिता भट्टराईले सहकारी संघहरूको प्रवर्द्धन गर्दै

दीगो बनाउने तथा तिनै संघमा आवद्ध प्रारम्भिक संस्थाहरूको वित्तीय कारोवार तथा प्रवर्द्धनात्मक क्रियाकलापमा सहकारी बैंकले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । त्यस्तै बैंकको ठीमी शाखा प्रमुख सविना श्रेष्ठले सहकारी बैंक ठीमी शाखाको कारोवार र वर्तमान गतिविधीहरूको बारेमा जानकारी गराउनु भएको थियो ।

सो अवसरमा कार्यक्रममा सहभागी प्रतिनिधिबाट सहकारी नियमावली, प्रदेश सहकारी ऐन र स्थानिय सहकारी ऐन नबनेको प्रति असंतुष्टी व्यक्त गर्दै सहकारी बैंक र जिल्लामा भएका सहकारी संघहरूको अगुवाईमा सम्बन्धित निकायमा शीघ्र पहल गर्न अनुरोध गरेका थिए । भक्तपुर जिल्ला बहुउद्देश्यीय संघका सचिव देवराज न्यौपानेको संचालनमा सम्पन्न कार्यक्रम ठीमी स्थित अन्नपुर्ण वहुमुखी सहकारी संस्थाको सभाहलमा सम्पन्न भएको थियो ।

# शाखा समन्वय उपसमिति बिच छलफल

भक्तपुर, ठिमी

राष्ट्रिय सहकारी बैंक लिमिटेड ठिमी शाखामा शाखा समन्वय उपसमितिको छलफल ठिमी शाखा उप-समिति संयोजक तथा जिल्ला सहकारी संघ भक्तपुरका उपाध्यक्ष केदार खड्काको संयोजकत्वमा सम्पन्न भएको छ ।

छलफल कार्यक्रमको अवसरमा राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रबन्ध संचालक के.वी. उप्रेती र संचालक तथा शिक्षा तालिम उप-समिति संयोजक सरिता भट्टराई, बैंकका सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटा, बैंक ठिमी शाखा प्रमुख सबिना श्रेष्ठ, बैंकका व्यवसाय प्रवर्द्धन उप-समिति केन्द्रका सदस्य बालमुकुन्द सुवाल, भक्तपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका सचिब देबराज न्यौपाने, जिल्ला कृषि सहकारी संघका अध्यक्ष सनिस लागेजु, कृषि संघका निवर्तमान अध्यक्ष उत्तम सापकोटा जिल्ला बचत तथा ऋण सहकारी संघका ब्यबस्थापक बाल कृष्ण धोंजु लगायत सम्पुर्ण उप-समितिका सदस्यहरूको उपस्थिति रहेको थियो ।



कार्यक्रममा बोल्दै प्रबन्ध संचालक के.वी. उप्रेतीले बैंकको वर्तमान अवस्था बारे जानकारी गराउँदै बैंकको सेवालाई प्रभावकारी बनाउन समन्वय उप-समितिको भूमिका महत्वपूर्ण हुनेहुदाँ ठिमी शाखा उप-समितिका सदस्यहरू भूमिका समेत यस सम्बन्धमा प्रभावकारी हुनेमा आफु विश्वस्त रहेको बताउनु भयो, सो अवसरमा बैंकका संचालक सरिता भट्टराईले पछिल्लो समय बैंकका गतिविधि तथा नयाँ प्रबिधी, योजना र तालिमहरूको बारेमा जानकारी गराउनु भएको थियो ।

साथै सो अवसरमा आइ. डि. आइ. अमेरिकामा र सिक्ट्याबको आयोजनामा गुडगाउ भारतमा सम्पन्न हुनगइरहेको अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता जनाउन लाग्नु भएका सहभागीहरू क्रमश पारिजात साकोसका ध्रुब रायमाझी र बालकुमारी साकोसबाट २ जना सहभागीहरूलाइ ठिमी शाखा उप-समिति संयोजक केदार खड्काले बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा उपस्थित सहभागीहरूले बैंकको ठिमी शाखालाइ थप ब्यबस्थित तथा उत्कृष्ट शाखा बनाउन आ-आफ्नो क्षेत्रवाट प्रतिबद्धता जनाउनु भएको थियो ।

# काठमाडौंमा जाली नोट पहिचान तथा हस्ताक्षर जाँच तालिम

त्रिपुरेश्वर, काठमाडौं

राष्ट्रिय सहकारी बैंक लिमिटेड तालिम विभागको आयोजनामा १ दिने जाली नोट पहिचान तथा हस्ताक्षर जाँच तालिम सम्पन्न भएको छ । तालिम कार्यक्रम समापनको अध्यक्षता बैंकका प्रबन्ध संचालक के. बी. उप्रेती तथा बिशिस्ट अतिथि बैंकको संचालक तथा शिक्षा तथा तालिम उपसमितिका



संयोजक सरिता भट्टराईले गर्नु भएको थियो । बैंकको तालिम विभागका अधिकृत मिना शर्मा तथा तालिम सहजकर्ता राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका मुकुल प्रधान अतिथिको रूपमा हुनुहुन्थ्यो ।

काठमाडौं त्रिपुरेश्वरमा संचालन भएको तालिम कार्यक्रममा काठमाडौं उपत्यकामा रहेका बैंकको सदस्य संघ/संस्थाका २८

जना प्रतिनिधिहरूको सहभागीता रहेको थियो । उक्त तालिम कार्यक्रम समापनको अवसरमा बैंकका प्रबन्ध संचालक के. बी. उप्रेतीले आगामी दिनहरूमा समेत सदस्य संस्थाहरूको आवश्यकता अनुसारका तालिम कार्यक्रम संचालन गर्ने जानकारी गराउनु भयो । सो अवसरमा कार्यक्रमको विशिस्ट अतिथि बैंकका संचालक तथा शिक्षा तथा तालिम उपसमितिका संयोजक सरिता भट्टराईले तालिममा सहभागीहरूलाई तालिम प्रमाणपत्र प्रदान गर्दै सहभागीहरूलाई तालिममा सिकेका कुराहरूलाई ब्यबहारमा उतार्न आग्रह गर्नुभयो ।

## "कर्णाली प्रदेशमा अन्तरक्रियात्मक गोष्ठी सम्पन्न"

वीरेन्द्रनगर, सुर्खेत

राष्ट्रिय सहकारी बैंक लि. सुर्खेत शाखा कार्यालयको आयोजनामा संचालक हरिहरनाथ योगीको अध्यक्षतामा १ दिने "कर्णाली प्रदेशको सम्वृद्धिमा सहकारी संघ/संस्था र राष्ट्रिय सहकारी बैंकको भुमिका" विषयक अन्तरक्रियात्मक गोष्ठी सम्पन्न भएको छ । उक्त कार्यक्रमको प्रमुख अतिथि कर्णाली प्रदेशका माननीय सभामुख राज बहादुर शाही रहनु भएको थियो । साथै, सो गोष्ठीमा विशिष्ट अतिथि कर्णाली प्रदेशका माननीय उप सभामुख पुष्पा घर्ति विष्ट, आर्थिक मामिला तथा योजना मन्त्रि माननीय प्रकाश ज्वाला लगायत रहनु भएको थियो । सो गोष्ठीमा विशिष्ट अतिथि ज्यूहरूबाट आफ्नो मन्तव्य राख्दै बैकको अझै प्रगतिको कामना व्यक्त गर्नुभयो ।



उक्त गोष्ठीमा सहकारी विभागका पूर्व रजिस्ट्रार सुदर्शन ढकालबाट समग्र देशको सहकारी अवस्था तथा कर्णाली प्रदेशमा रहेको सहकारीको अवस्था तथा स्थानीय सहकारीले सहकारी बैंक मार्फत लिन सक्ने फाइदाका बारेमा प्रस्तुतिकरण दिनु भएको थियो भने बैंकका तालिम विभागका प्रमुख रामबाबु आचार्यले बैंकको समग्र अवस्था तथा कर्णाली प्रदेश अन्तर्गत रहेका शाखाको आर्थिक गतिबिधिको बारेमा प्रस्तुतिकरण दिनु भएको थियो । यसै गरी उपस्थित संघ/संस्थाका प्रतिनिधिहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाहरूको सहजिकरण बैंकको संचालक हरिहरनाथ योगीले गर्नु भएको थियो ।

कर्णाली प्रदेशको माननीय सांसदज्यूहरू लगायत बिभिन्न जिल्लाका नगर र गाँउपालिकाका प्रमुख उपप्रमुखहरू, सहकारीका केन्द्रीय तहका अभियान्ताहरूको सहभागिता रहेको उक्त अन्तरक्रियात्मक गोष्ठीमा राष्ट्रिय सहकारी बैंक कोहलपुर शाखाका प्रमुख किरण खत्री , सुर्खेत शाखाका प्रमुख सागरनाथ योगी तथा दैलेख शाखाका प्रमुख सुरेन्द्र शाहीको पनि उपस्थिति रहेको थियो ।

## "अर्घाखाँचीमा राष्ट्रिय सहकारी बैंकको अन्तरक्रिया कार्यक्रम"

अर्घाखाँची,

राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटबल शाखा कार्यालयको आयोजना तथा जिल्ला बचत तथा ऋण सहकारी संघ अर्घाखाँचीको ब्यवस्थापनमा एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ, कार्यक्रम जिल्ला समन्वय समितिका संयोजक पिताम्वर शर्माको प्रमुख आतित्यथामा सञ्चालन भएको थियो ।

जिल्ला बचत तथा ऋण सहकारी संस्था अर्घाखाँचीका अध्यक्ष प्रकाश भुसालको अध्यक्षता, उपाध्यक्ष द्रोण प्रसाद भुसालको सञ्चालनमा भएको कार्यक्रमको स्वागत राष्ट्रिय सहकारी बैंक बुटवलका कर्मचारी रूक्मत श्रेष्ठले गर्नु भएको थियो । कार्यक्रममा विशिष्ट अतिथि सन्धीखर्क नगरपालिका प्रमुख कमल प्रसाद भुसाल, पापिणी गाउँपालिका प्रमुख अच्युत गौतम, छत्रदेव गाउँपालीका प्रमुख लेखनाथ पोखरेल, सन्धीखर्क नगरपालिका उप-प्रमुख ठाकुर कुमार वि.क., जिल्ला सहकारी संघका सचीव तुल्सीराम खनाल, जिल्ला कृषि सहकारी संघका अध्यक्ष ढून्डीराज ज्ञवाली रहनु भएको थियो भने सो अवसरमा उहाँहरूले आफ्नो धारणा समेत राख्नु भएको थियो ।



सो अवसरमा सम्पुर्ण जनप्रतिनिधिहरूले आ-आफ्नो क्षेत्रका सम्पुर्ण सहकारी संघ/संस्थाहरूलाई राष्ट्रिय सहकारी बैंकमा आवद्धता गराउने प्रतिबद्धता व्यक्त गर्दै अर्घाखाँचीमा बैंकको शाखा कार्यालय स्थापनाको माग समेत गर्नुभयो । सो अवसरमा बैंकको बुटवल शाखा प्रमुख नरेश पाण्डेले बैंकको समग्र अवस्था सहितको प्रस्तुती गर्नु भएको थियो । जिल्लाका १०० भन्दा बढी सहकारी संघ/संस्थाको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन बैंकको बुटवल शाखा प्रमुख नरेश पाण्डेले गर्नुभएको थियो ।

# "सिन्धुलीमा राष्ट्रिय सहकारी बैंकको अन्तरक्रिया कार्यक्रम"

सिन्धुली

राष्ट्रिय सहकारी बैंक लिमिटेड, शाखा कार्यालय सिन्धुलीको आयोजनामा जिल्ला स्थित सहकारी संघ/संस्थाहरू र बैंकबीच १ दिने अन्तरक्रिया कार्यक्रम कमलामाई नगरपालीका-६ स्थित सिताराम पार्टि प्यालेसको सभाहलमा सम्पन्न भएको छ ।



कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रबन्ध संचालक के.बी. उप्रेती, नायव महाप्रबन्धक बद्रि कुमार गुराँगाई तथा जिल्ला स्थित सम्पूर्ण विषयगत संघका प्रमुख, प्रारम्भिक सहकारी संस्था, जिल्लाका सहकारी अभियान्ता लगायत पत्रकारहरू र सिन्धुली शाखाका कर्मचारीहरू गरी करीब ५५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकको तर्फबाट बैंकको वर्तमान अवस्थाको बारेमा नायव महाप्रबन्धक बद्रि कुमार गुराँगाईले प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा सहकारी बैंक र सहकारी संघ/संस्थाहरूबीचको अन्तरसम्बन्ध, सहकारी ऐन, सहकारी संस्थाहरूले करको विषयमा झेल्नुपरेको समस्याहरू, बैंकको कर्जा तथा निक्षेपको ब्याजदरको विषयमा छलफल भएको थियो । कार्यक्रममा बोल्दै नायव महाप्रबन्धकले सहकारी बैंकको दीगो लक्ष्य प्राप्तिका लागि सहकारी संघ/संस्था दीगो हुनुपर्ने र त्यसका लागि संस्थाका सदस्यहरू दीगो रहनुपर्ने भएकाले सहकारी संस्था उत्पादनशिल हुनुपर्ने कुरामा जोड दिनुभएको थियो । कार्यक्रममा उठेका विभिन्न जिज्ञासाहरूको विषयमा बोल्दै प्रबन्ध संचालकले सहकारी संघ/संस्थाको प्रवर्द्धन तथा विकासका लागि सहकारी बैंक हरदम तयार रहेको साथै सहकारी संघ/संस्थाहरूका विकासका लागि तालिम, अनुगमन, परामर्श तथा सामाजिक उत्तरदायित्वको क्षेत्रमा समेत सहजीकरण गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा बैंकको लक्ष्य प्राप्तिका लागि सम्पूर्ण सहकारी संघ/संस्थाहरूको साथ सहयोगको अपिल गर्दै कार्यक्रम समापन भएको थियो भने कार्यक्रमलाई सिन्धुली शाखाका शाखा प्रमुख श्रवण नेवा खड्गीले संचालन गर्नुभएको थियो ।

# "बर्दिबासमा राष्ट्रिय सहकारी बैंकको अन्तरक्रिया कार्यक्रम"

महोत्तरी

राष्ट्रिय सहकारी बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबासको आयोजनामा जिल्लास्थित सहकारी संघ/संस्थाहरू र बैंकबीच १ दिने अन्तरक्रिया कार्यक्रम बर्दिबास नगरपालीका स्थित सभा सभाहलमा सम्पन्न भएको छ । कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रबन्ध संचालक के.बी. उप्रेती, नायव महाप्रबन्धक बद्रि कुमार गुराँगाई तथा जिल्ला स्थित सम्पूर्ण विषयगत संघका प्रमुख, प्रारम्भिक सहकारी संस्था, जिल्लाका सहकारी अभियान्ता लगायत पत्रकारहरू र बर्दिबास शाखाका कर्मचारीहरू गरी करीब ८३ जनाको सहभागिता रहेको थियो ।



कार्यक्रममा बैंकको तर्फबाट बैंकको वर्तमान अवस्थाको बारेमा नायव महाप्रबन्धक बद्रि कुमार गुराँगाईले प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा सहकारी बैंक र सहकारी संघ/संस्थाहरूबीचको अन्तरसम्बन्ध, सहकारी ऐन, सहकारी संस्थाहरूले करको विषयमा झेल्नु परेको समस्याहरू, बैंकको कर्जा तथा निक्षेपको ब्याजदरको विषयमा छलफल भएको थियो ।

कार्यक्रममा बोल्दै नायव महाप्रबन्धकले सहकारी बैंकको दीगो लक्ष्य प्राप्तिका लागि सहकारी संघ/संस्था दीगो हुनु

पर्ने र त्यसका लागि संस्थाका सदस्यहरू दीगो रहनु पर्ने भएकाले सहकारी संस्था उत्पादनशिल क्षेत्रमा लगानी गर्नु पर्ने कुरामा जोड दिनुभएको थियो । कार्यक्रममा उठेका विभिन्न जिज्ञासाहरूको विषयमा बोल्दै प्रबन्ध संचालकले सहकारी संघ/संस्थाको प्रवर्द्धन तथा विकासका लागि सहकारी बैंक हरदम तयार रहेको साथै सहकारी संघ/संस्थाहरूका विकासका लागि तालिम, अनुगमन, परामर्श तथा सामाजिक उत्तरदायित्वको क्षेत्रमा समेत सहजीकरण गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रममा बैंकको लक्ष्य प्राप्तिका लागि सम्पूर्ण सहकारी संघ/संस्थाहरूको साथ सहयोगको अपिल गर्दै कार्यक्रम समापन भएको थियो भने कार्यक्रमलाई बर्दिबास शाखाका शाखा प्रमुख लोकेन्द्र के.सि.ले संचालन गर्नुभएको थियो ।

# अन्तरक्रिया तथा बडा दशैं, शुभ दीपावली र छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रम

सुन्दरहरैचा, मोरंग

राष्ट्रिय सहकारी बैंक लिमिटेड, शाखा कार्यालय विराटनगरको आयोजनामा १ दिने अन्तरक्रिया तथा बडा दशैं, शुभ दीपावली र छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

प्रदेश नं १ का सामाजिक विकास मन्त्रि जीवन घिमिरेको प्रमुख आतिथ्यतामा तथा बैंकका अध्यक्ष रमेश पोखरेलको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा बैंकका प्रबन्ध संचालक के.बी.उप्रेती, बैंकका नायब महाप्रबन्धक बद्रि कुमार गुरागाईं, नेफ्स्कुनका पूर्व उपाध्यक्ष अमृता सुब्बा, नेफ्स्कुनका संचालक गोमा नेपाल, जिल्ला सहकारी संघ मोरंगका संचालक टिका कट्टेल, बचत तथा ऋण सहकारी संघ मोरंगका अध्यक्ष हरि सुबेदी, केन्द्रीय दुग्ध सहकारी संघका संचालक तिलक ढकाल, उद्योग वाणिज्य संघ सुन्दर दुलारी नगरपालिकाका अध्यक्ष नवराज चापागाई, पूर्व सभासद नरेन्द्र बस्नेत, बैंकका इटहरी तथा उर्लाबारी शाखाका प्रमुखहरू क्रमश विरवल राजबंशी र मुना केसीको आतिथ्यता रहेको थियो ।




उक्त कार्यक्रमका प्रमुख अतिथि तथा प्रदेश नं १ का सामाजिक विकास मन्त्रि जीवन घिमिरेले नयाँ सहकारी ऐनले सहकारीहरूलाई थप मजबुत बनाएको र प्रदेश सहकारी ऐन चाडै संसदबाट पारित हुने तथा उक्त ऐन सहकारी मैत्री हुने बताउनु भयो । साथै राष्ट्रिय सहकारी बैंक सहकारी क्षेत्रको मात्र बैंक भएकोले सबै सहकारीलाई समेटेर दीगो विकास लक्ष्य प्राप्तिका लागि काम गर्नु पर्ने बताउनु भयो ।

कार्यक्रमका क्रममा उठेका जिज्ञासाहरू क्रमशः बैंकका अध्यक्ष, प्रबन्ध संचालक तथा नायब महाप्रबन्धकबाट समाधान गरिएको थियो । कार्यक्रममा सहभागीहरूले बैंकको शाखा सुन्दरहरैचामा खोल्न माग गर्नु भएको थियो ।

सोहि अवसरमा सुनसरी स्थित जन कल्याण बचत तथा ऋण सहकारी संस्थामा आगलागी भै ठुलो भौतिक क्षति भएकोले राष्ट्रिय सहकारी बैंकले एक थान कम्प्युटर, प्रिन्टर तथा अन्य उपकरणहरू प्रमुख अतिथिको हातबाट संस्थाका अध्यक्ष मिलिराम चौधरीलाई हस्तान्तरण गरेको थियो ।

उक्त कार्यक्रमको संचालन तथा सहभागीहरूलाई स्वागत बैंकका विराटनगर शाखा प्रमुख प्रभु पोखरेलबाट भएको थियो ।

# कर्जा तथा जोखिम व्यवस्थापन तालिम

म्याग्दी

राष्ट्रिय सहकारी बैंक लिमिटेड बाग्लुङ शाखा कार्यालयको आयोजनामा संचालित तिन दिने कर्जा तथा जोखिम व्यवस्थापन सम्बन्धि तालिम एक कार्यक्रमका बिच सम्पन्न भएको छ ।

कर्जामा निहित जोखिम र यसको सरल व्यवस्थापनलाई लक्षित गरी संचालन भएको तालिममा बैंकको कर्जा विभागका प्रमुख प्रमोद कुमार घिमिरेको नेतृत्वमा बैंकका पोखरा, तनहुँ, बाग्लुङ र वालिङ शाखा कार्यालयका प्रमुखहरू क्रमशः सन्तोष घिमिरे, उपेन्द्र दाहाल, शैली खड्का र



सुवास आचार्यले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

बेनी बजारमा संचालन भएको तालिम कार्यक्रमको समापन शत्र बैंकको बाग्लुङ शाखाका प्रमुख शैली खड्काको संचालनमा सम्पन्न भएको थियो ।

तालिम कार्यक्रममा म्याग्दी जिल्लाका २५ भन्दा बढी सहकारी संघ/संस्थाबाट ३२ जना सहकारीकर्मीहरूको सहभागिता रहेको थियो ।

# नुवाकोटमा बैंक सम्बन्धी अन्तरक्रिया कार्यक्रम

नुवाकोट

राष्ट्रिय सहकारी बैंक लिमिटेड, शाखा कार्यालय नुवाकोटको आयोजनामा १ दिने अन्तरक्रिया तथा शुभ दीपावली, नेपाल सम्बत र छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा शाखा समन्वय उपसमितिका संयोजक बैकुण्ठ मिश्रको प्रमुख अध्यक्षता तथा जिल्ला सहकारी संघका अध्यक्ष राजेश श्रेष्ठ, नगर समन्वय समिति संयोजक नबिन्द्रमान प्रधान, जिल्ला सहकारी संघका कोषाध्यक्ष अरूण श्रेष्ठ, जिल्ला सहकारी संघका सचिव शिव बहादुर आतिथ्यता रहेको थियो ।

उक्त कार्यक्रमका प्रमुख अतिथि शाखा समन्वय उपसमितिका संयोजक बैकुण्ठ मिश्रले बैंकको सदस्य सेवा, बैंकको प्रगति बिश्लेषण, सहकारी संघ/संस्थाहरूसंगको कारोबार समीक्षा तथा कर्जा लगानिको सरलता बारेमा कार्यक्रम सहभागीहरूलाई बताउनु भएको थियो । जिल्ला सहकारी संघको बहुउद्धेशीय भवनमा सम्पन्न कार्यक्रममा नुवाकोट जिल्ला र आसपासका ४० सहकारी संघ/संस्थाहरूको उपस्थिति रहेको थियो भने कार्यक्रमको संचालन तथा सहभागीहरूलाई स्वागत बैंकका नुवाकोट शाखा प्रमुख पुण्यदेवी श्रेष्ठबाट भएको थियो ।




# रूपन्देहीमा पर्ल्स अनुगमन तालिम

बुटवल रूपन्देही

राष्ट्रिय सहकारी बैंक लि. बुटवल शाखाको आयोजनामा तिन दिने पर्ल्स अनुगमन प्रणाली सम्बन्धि तालिम सम्पन्न भएको छ । रूपन्देही जिल्लामा रहेका सहकारी संस्थाहरूलाई लक्षित गरी संचालन गरिएको तालिम कार्यक्रममा त्यस क्षेत्रका २० भन्दा बढी सहकारी संस्थाहरूबाट ३५ जना सहकारी कर्मीहरूको सहभागीता रहेको थियो । उक्त तालिममा बुडोल सामुदायिक साकोसका कार्यकारी अधिकृत एवम् प्रशिक्षक बिबेक राज ठकुरीले सहजीकरण गर्नुभएको थियो ।

बुटवल शाखा समन्वय उपसमिति संयोजक भिम प्रसाद तुलाचनको अध्यक्षता, बचत तथा ऋण सहकारी संघ, रूपन्देहीका संचालक एंव शिक्षा उपसमिति संयोजक सन्दिप सापकोटा, देवदह साकोसका अध्यक्ष ऋषिराम सापकोटाको आतिथ्यतामा तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बुटवलका सहायक अधिकृत रूक्मत श्रेष्ठको सञ्चालनमा भएको कार्यक्रमको स्वागत तथा कार्यक्रम माथि प्रकाश राष्ट्रिय सहकारी बैंक बुटवल शाखाका प्रमुख नरेश पाण्डेले गर्नु भएको थियो ।



# पोखरामा सहकारी बैंकको अन्तरक्रिया
## सहकारीमार्फत पूँजि निर्माण र परिचालनमा जोड दिऔं : मन्त्री थापा

पोखरा

गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री लेखबहादुर थापाले गरिवी निवारणका लागि सहकारीमार्फत पूँजि निर्माण र परिचालनमा जोड दिनु भएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको गण्डकी प्रदेश शाखा पोखराले आइतवार आयोजना गरेको सहकारी संघ संस्थाको प्रवर्द्धनमा राष्ट्रिय सहकारी बैंकको भूमिका विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन पछि बोल्दै मन्त्री थापाले यस्तो बताउनु भएको हो । गाउँ गाउँमा सहकारीहरूले जनतालाई उद्यमशिलताको विकास गरी आय आर्जन गर्न, वचत गर्ने बानीको विकास गराउन महत्वपूर्ण योगदान गरेको भन्दै मन्त्री थापाले जनतासंग भएको श्रम, सीप र पूँजिलाई अधिकतम उपयोग गर्नका लागि सहकारी क्षेत्रको सक्रियता आवश्यक हुने बताउनु भयो । उहाँले जनतासंग भएको रकम सहकारी संघ/संस्थाहरूमा र सहकारी संघ/संस्थाहरूमा भएको रकम सहकारी बैंकमा जम्मा गरेर त्यसमार्फत उत्पादन र प्रशोधन तथा बजारीकरणका काम गर्नु पर्नेमा जोड दिनुभयो । उहाँले सहकारी क्षेत्रलाई बलियो बनाउनका लागि राष्ट्रिय सहकारी बैंकको भूमिकालाई थप प्रभावकारी बनाउनु पर्नेमा जोड दिदै प्रदेश सरकार र सहकारी बैंकबीचको सम्बन्ध कसरी व्यवस्थित गराउन सकिन्छ भन्ने




विषयमा छलफल गरेर निष्कर्षमा पुगिने धारणा राख्नु भयो ।

गण्डकी प्रदेशका सांसद तथा राष्ट्रिय सहकारी महासंघका सञ्चालक प्रभा कोइरालाले सहकारी बैंकको सेवा सुविधालाई दुर्गम क्षेत्रका सहकारीहरूमा पुऱ्याउने गरी समन्वय गरेर अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले संघीय संरचना अनुसार राष्ट्रिय सहकारी बैंकका शाखा तथा उपशाखाहरू विस्तार गर्दै सहकारीमार्फत आर्थिक विकास र सामाजिक रूपान्तरणका क्षेत्रमा बैंकको भूमिकालाई प्रभावकारी बनाउने बताउनु भयो । बैंकका सञ्चालक रामबहादुर जिसीले बैंकको परिचय, विगत, वर्तमान अवस्था र आगामी कार्ययोजनाका बारेमा सहजीकरण गर्नु भएको थियो । गण्डकी प्रदेशमा बैंकका ५ वटा शाखा रहेको, ५ वटा शाखामार्फत १ हजार सहकारी संघ/संस्था सदस्य, १२ करोड शेयर पूँजि, २ अर्ब निक्षेप र १ अर्ब ५० करोड कर्जा लगानी रहेको जिसीले जानकारी दिनुभयो । कार्यक्रममा नेफ्स्कुनका सञ्चालक भीम गुरूङ, जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारी, दुग्ध उत्पादक सहकारी संघ कास्कीका अध्यक्ष पूण्य पौडेल, वचत तथा ऋण सहकारी संघका अध्यक्ष सुदिप ढकाल लगायतले राष्ट्रिय सहकारी बैंकलाई थप प्रभावकारी बनाउनका लागि प्रदेश सरकारको भूमिका सहयोगी र समन्वयकारी हुनु पर्नेमा जोड दिनु भएको थियो ।

कार्यक्रममा बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीको अध्यक्षता, पोखरा शाखाका प्रमुख केदारनाथ उप्रेतीको सञ्चालन र शाखा प्रमुख सन्तोष घिमिरेको स्वागतमा सम्पन्न भएको थियो । कास्की जिल्लाका १ सय ५० सहकारी संघ/संस्थाका प्रतिनिधिहरूको कार्यक्रममा सहभागिता रहेको थियो ।

# सहकारी बैंक बागलुङ शाखाको त्रैमासिक समिक्षा

बागलुङ

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बागलुङको आ.व. २०७५/०७६ को पहिलो त्रैमासिक समिक्षा कार्यक्रम बुधवार सम्पन्न भएको छ । बैंकका सञ्चालक रामबहादुर जिसीको अध्यक्षतामा सम्पन्न समिक्षा कार्यक्रममा शाखा प्रमुख शैली खड्काले शाखाको चालु आर्थिक वर्षको ३ महिनाको समग्र अवस्था बारेमा जानकारी गराउनु भएको थियो ।

राष्ट्रिय सहकारी बैंकको दोस्रो शाखाका रूपमा २०६५ साल मंसिर २६ गते स्थापना भएको बागलुङ शाखामा हाल २ सय ५० वटा सहकारी संघ संस्था सदस्य रहेको, १ करोड शेयर रकम, ३० करोड बचत र १५ करोड लगानी रहेको शाखा प्रमुख खड्काले जानकारी दिनु भयो । वित्तीय कारोबारसंगै सहकारी संघ संस्थाहरूको क्षमता अभिवृद्धि गर्न, शिक्षा तथा तालिम लिएर सहकारीलाई प्रभावकारी बनाउन, सहकारीका सदस्यहरूलाई विभिन्न क्षेत्रको अध्ययन अवलोकन गराई व्यवसायिक दक्षता वृद्धि गर्न सहकारी बैंकले सदस्य सहकारी संघ संस्थाहरूलाई सहयोग गर्दै आएको बैंकका सञ्चालक रामबहादुर जिसीले बताउनु भयो । उहाँले सहकारी बैंकले आफ्ना शेयर सदस्य सहकारी संघ संस्थाहरूलाई आगामी साधारणसभाबाट १५

प्रतिशत नाफा दिनुका साथै कारोबारका आधारमा समेत लाभांश दिने तयारी गरेकाले ढुक्क भएर शेयर खरिद गर्न र कारोबार बढाउन आग्रह गर्नु भएको थियो ।

सहकारी संघ संस्थाहरूको प्रवर्द्धनका लागि स्थापित सहकारी बैंकको १५ वार्षिक साधारणसभा आगामी पुस २१ र २२ गते काठमाडौमा हुने भएको छ ।

समिक्षा कार्यक्रममा नेफ्स्कुनका सञ्चालक चण्डीप्रसाद शर्मा, नेपाल सूचना तथा सञ्चार केन्द्रीय सहकारी संघका लेखा सदस्य खीमबहादुर कार्की, जिल्ला सहकारी संघ बागलुङका अध्यक्ष दिपक गौतम, बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष दुर्गाबहादुर कुँवर, जिल्ला सहकारी संघका लेखा समितिका संयोजक रूद्रबहादुर केसी, सञ्चालक रतनकुमार मलेपति, लेखा सदस्य लिला खड्का लगायतले बैंकको शाखाले लिएको लक्ष्य पुरा गर्नका लागि समन्वय गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । सोही अवसरमा बागलुङ शाखाबाट सरूवा भई केन्द्रीय कार्यालयमा जान लाग्नु भएका वरिष्ठ सहायक बुद्धराम बललाई विदाई गरिएको थियो । बैंकका सञ्चालक जिसीले देशभर कार्यक्षेत्र रहेको बैंकको जुन शाखा वा कार्यालयमा रहेपनि सहकारीको भावना र मर्म अनुसार काम गर्न आग्रह गर्नु भएको थियो ।

# अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको सहभागिता

CICTAB को आयोजनामा सेप्टेम्बर ४ तारिक देखि ९ महिना सम्म भारतको पुणेमा आयोजना हुन गईरहेको Post Graduate Diploma in Cooperative Business Management (PGDCM) नामक अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकले सहभागिता जनाएको छ । बैंकका शेयर सदस्य पूर्व नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि (झापा) को तर्फबाट देबराज भण्डारी, हाम्रो पहुँच बहुउद्देश्यीय सहकारी संस्था लि (दाङ) को तर्फबाट जनक भण्डारी र सत्यनारायण कृषि बहुउद्देश्यीय सहकारी संस्था लि (ललितपुर) को तर्फबाट महेश कुमार आचार्यले सहभागिता जनाउनु भएको छ । उक्त कार्यक्रमका सहभागीहरू यस अधि पनि ३ महिने सहकारी डिप्लोमा प्राप्त गरि सहकारी अभियानमा सक्रिय संलग्न रहनु भएको छ । सहकारी डिप्लोमा अलमुनाई एशोसियशन नेपालको सदस्य समेत रहनु भएका सहभागीहरू यस ९ महिने डिप्लोमा कार्यक्रममा जानु भएको हो । सहभागीहरूले यस ९ महिने डिप्लोमा कार्यक्रममा सहभागी हुन प्रेरणा सहकारी डिप्लोमा अलमुनाई एशोसियशन नेपालका संयोजक तथा बैंकका संचालक र बैंकको शिक्षा, तालिम उपसमितिका संयोजक सरिता भट्टराई बाट प्राप्त भएको जानकारी गराउनु हुदै, उक्त कार्यक्रमबाट प्राप्त ज्ञान नेपालको सहकारी अभियानलाई उच्च बनाउने तिर लगाउने प्रतिबद्धता ब्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रममा सहभागीहरूलाई नबीन ब्यबस्थापनको अवधारणा, बिधि र सोको अभ्यास सम्बन्धमा तालिम प्रदान गरिने जानकारी गराईएको थियो ।

त्यसै गरी ICA Asia and Pacific -ICA-AP को आयोजनामा केबु फिलिपिन्समा भएको एसिया प्यासिफिक युवा सहकारी सम्मलेनको दोश्रो संस्करणमा बैंकले सहभागिता जनाएको थियो । "Creative Skllis, Co-operative Entrepreneurship and Sustainalbe Devleopment"नामक उक्त सम्मेलन अगस्ट १८ तारिक देखि २१ तारिक सम्म संचालन भएको सो सम्मलेनको मुख्य नारा युवा, सहकारी र नवप्रवर्द्धन तथा उद्यमशिलता रहेको थियो । उक्त सम्मलेनमा बैंकको International Reationship विभागका कर्मचारी शान्ता गिरिले सहभागिता जनाउनु भएको थियो ।

त्यसै गरी ACCU को आयोजनामा सेप्टेम्बर १० देखि १५ सम्म फिलीपिन्समा भएको Asian Credit Union Forum 2018 CEO Workshop, Pre-Forum Workshop, HRd\Workshop/ Asian Credit Union Forum मा बैंकले सहभागिता जनाएको



थियो ।

बैंकको तर्फवाट CEO Workshop मा बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाई त्यस्तै HRd\ Workshop मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उप-सचिव रेवती रमण पोखरेल र Asian Credit Union Forum मा बैंकका संचालक देवराज पराजुली सहित ६१ जना सहभागीहरूले Asian Credit Union Forum 2018 मा सहभागिता जनाउनु भएको थियो ।

उक्त कार्यक्रममा बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईले Measuring Impacts of Credit Union Services on Wealth Buliding of Members सम्बन्धमा प्रस्तुतिकरण गर्नु भएको थियो ।

त्यसै गरी International Development Institute -IDI आयोजनामा ७ देखि १३ अक्टूवर २०१८ सम्म संयुक्त राज्य अमेरिका “USA” मा संचालन भएको Banking Leadership Program कार्यक्रममा बैंकले सहभागिता जनाएको थियो । बैंकको तर्फबाट बैंकको सदस्य संस्थाबाट १५ जना प्रतिनिधिहरूले यस कार्यक्रममा सहभागिता जनाउनु भएको थियो ।

कार्यक्रममा आधुनिक सहकारी बैंकिंग प्रणाली, सहकारी बैंकिंगमा भएका नवीनतम प्रयोग र प्रविधि, सहकारीमा निहित जोखिम र यसको नियमन, विश्वमा भएका आधुनिक सहकारी सिद्धान्त र प्रयोग लगायत, स्थानीय सहकारी अबलोकन भ्रमण समेत गरी बृहत विषयबस्तु वारे तालिममा छलफल तथा प्रस्तुतिहरू भएका थिए ।

IDI अमेरिका स्थित आफ्नो कार्यालयवाट क्षमता विकास, कार्यकारी शिक्षा, मानव संसाधन विकास, संस्थागत सुशासन र सबलीकरण लगायतका विषय बस्तुमा अन्तर्राष्ट्रिय स्तरका तालिम तथा सेमिनार संचालन गर्ने संस्था हो भने गत चैत्र १२ गते International Devleopment Institute -IDI का उच्च पदस्थ प्रतिनिधिहरूवाट राष्ट्रिय सहकारी बैंक लिमिटेडको कर्पोरेट कार्यालय अबलोकन समेत भएको थियो ।

त्यसै गरी APRACA आयोजना र BOC (Bank of Celyon) को सह-आयोजनामा ८ देखि ११ अक्टूवर २०१८ सम्म श्रीलंकाको कोलोम्बोमा संचालन भएको “Financing Micro Small & Medium Enterprises: Solution for Missing Middle” -“70th Executive Committee Meeting” & “21st General Assembly” कार्यक्रममा बैंकको तर्फवाट नायब महाप्रबन्धक बद्री कुमार गुरागांईले कार्यक्रममा सहभागिता जनाउनु भएको थियो ।

कार्यक्रममा साना तथा मझौला संघ/संस्थाहरूको SMEs, कृषि र ग्रामिण विकास सम्बन्धमा रहेका बृहत विषयबस्तु वारे छलफल हुनेछ APRACA राष्ट्रका सदस्य संस्थाहरूका प्रतिनिधिहरू उक्त कार्यक्रममा सहभागी भएका थिए । सहभागीहरूले आ-आफ्नो राष्ट्रमा SMEs, कृषि र ग्रामिण विकास सम्बन्धमा भएका विविध गतिबिधिबारे जानकारी आदानप्रदान समेत गरेका थिए ।

Credit Union League of the Republic of China (CULROC) को आयोजनामा नोवेम्बर ५ तारिक देखि नोवेम्बर ९ सम्म ताईवानमा आयोजना हुन गईरहेको CULROC Exposure Program मा बैंकका सञ्चालक समितिका सदस्य हरिहरनाथ योगीले सहभागिता जनाउनु भएको थियो । कार्यक्रममा त्यस स्थानमा रहेका सहकारी संस्थाहरूमा भ्रमण तथा अनुगमन त्यस्तै सहकारीको माध्यमबाट भएका उपलब्धि तथा विकास लगायतका सहकारी सम्बन्धित गतिविधिमा उहाँले सहभागिता जनाउनु भएको थियो ।

त्यसैगरी CICTAB को आयोजनामा १२ देखि १६ November सम्म NIRD, Guwahati मा संचालन हुन गइरहेको Rural Entrepreneurship and Micro Finance: Connecting the dots in Financial Inclusion कार्यक्रममा बैंकले सहभागिता जनाएको थियो । बैंकको तर्फबाट बैंकको इलाम स्थित सदस्य संस्था एकता लघु उद्यम सहकारी संस्था लिमिटेडका गोपाल पौड्यालले कार्यक्रममा सहभागीता जनाउनु भएको थियो ।

त्यसै गरी Wolfsburg, Germany मा ७ November देखि ९ November सम्म सम्पन्न हुन गईरहेको नवौं Global Social Business Summit २०१८ मा बैंकले सहभागिता जनाएको छ । बैंकको प्रतिनिधित्व गर्दै बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतिले यस कार्यक्रममा सहभागिता जनाएको थियो । कार्यक्रममा विश्व स्तरमा बढेको सामाजिक असुरक्षा कम गर्दै एकजुटता ल्याउने, सामाजिक बलमा विश्व व्यापार को माध्यमबाट जीवनस्तर उकास्ने लगायतका मुद्दाहरूलाई उठाउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको सो कार्यक्रममा विश्वका विभिन्न देशबाट प्रतिनिधिहरूको उपस्थिति रहने थियो । त्यस्तै एशियामा कृषि सहकारीहरूको विकासका लागि क्षेत्रीय सञ्जालको रूपमा रहेको संस्था (NEDAC) को नयाँ दिल्ली भारतमा नोबेम्बर १५ र १६ गते सम्पन्न हुन गईरहेको साधारणसभामा बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतिले सहभागिता जनाउनु भएको थियो । कार्यक्रममा NEDAC का सदस्य संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो र National Credit Union Federation of Korea (NACUFOK) को आयोजना तथा एशियाली ऋण महासंघ -अक्कू) को निमन्त्रणामा १२ देखि १६ नोबेम्बर सम्म दक्षिण कोरियामा सम्पन्न हुन गईरहेको Exposure Visit Program मा बैंकले सहभागिता जनाएको थियो । बैंकको तर्फबाट बैंकका सहायक महाप्रबन्धक हरि कृष्ण सापकोटाले कार्यक्रममा सहभागिता जनाउनु हुनेछ । कार्यक्रममा ACCU का सदस्य संघ/संस्थाहरू लगायत कोरियाका विभिन्न सहकारी संघ/संस्थाहरूबाट सहकारीकर्मीहरूले सहभागिता जनाएका थिए ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

केन्द्रिय कार्यालय, कुपण्डोल, ललितपूर

लेखा परिक्षण नभएको बित्तिय विवरण (अपरिष्कृत)

पहिलो त्रैमास आ.व. २०७५/०७६ (मिति २०७५/०६/३१)

रकम रू हजारमा

| क्र.सं. | विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गतवर्षको यस त्रैमासमा |
|---|---|---|---|---|
| **१** | **कुल पुँजी तथा दायित्व (१.१ देखि १.७)** | **१९,३६१,११५** | **२२,०८७,६५९** | **१४,६२३,०६३** |
| १.१ | शेयर पुंजी | १,१३३,०१५ | १,०४२,२२२ | ८९७,६५४ |
| १.२ | जगेडा तथा कोषहरु | ४७९,९१३ | ४२४,३०७ | १७०,७२१ |
| १.३ | ऋणपत्र तथा बण्ड | – | | – |
| १.४ | तिर्न बाँकी कर्जा सापट | २८७,९५९ | ३७५,३५१ | ३६७,४७९ |
| १.५ | **निक्षेप दायित्व** | **१७,०७८,३९२** | **१९,९६२,९८९** | **१२,७७६,९६१** |
| | क. स्वदेशी मुद्रा | १७,०७८,३९२ | १९,९६२,९८९ | १२,७७६,९६१ |
| | ख.बिदेशी मुद्रा | – | – | – |
| १.६ | आयकर दायित्व | | | |
| १.७ | अन्य दायित्व | ३८१,८३६ | २८२,७९० | ४१०,२४८ |
| **२** | **कुल सम्पती (२.१ देखि २.७)** | **१९,३६१,११५** | **२२,०८७,६५९** | **१४,६२३,०६३** |
| २.१ | नगद तथा बैंक मौज्दात | ३,२७९,०९५ | ६,७१३,४२१ | ३,५८५,८३६ |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | | – |
| २.३ | लगानी | २,७००,११५ | २,५९०,११५ | १,९७५,११५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | १३,०२४,४४५ | १२,४४८,५२६ | ८,७४४,१४५ |
| २.५ | स्थिर सम्पती | १९०,७०७ | १८०,८०१ | १६६,६८९ |
| २.६ | गैर बैंकिङ्ग सम्पती | – | – | – |
| २.७ | अन्य सम्पती | १६६,७५३ | १५४,७९६ | १५१,२७८ |
| **३** | **नाफा नोक्सान हिसाब** | | | |
| ३.१ | ब्याज आम्दानी | ५५२,२८९ | १,८८४,५३९ | ४०६,२७९ |
| ३.२ | ब्याज खर्च | ३९०,६९० | १,१८८,२०० | २८९,९०१ |
| | **खुद ब्याज आम्दानी** | **१६१,५९९** | **६९६,३३९** | **११६,३७८** |
| ३.३ | कमिशन तथा डिस्काउन्ट | ३२७ | १,८९२ | १९४ |
| ३.४ | अन्य सञ्चालन आम्दानी | २५,३३९ | १००,४८६ | १३,३८० |
| ३.५ | सटही घटबढ नाफा/नोक्सान | – | – | – |
| | **कुल सञ्चालन आम्दानी** | **१८७,२६६** | **७९८,७१७** | **१२९,९५२** |
| ३.६ | कर्मचारी खर्च | ४४,१८० | १३०,४८४ | ३२,५५२ |
| ३.७ | अन्य संचालन खर्च | २१,१८५ | ८६,५५१ | १२,५५८ |
| | **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | **१२१,९०१** | **५८१,६८३** | **८४,८४१** |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ७०,४०५ | ४९१,५९५ | ७८,५४८ |
| | **सञ्चालन मुनाफा** | **५१,४९६** | **९०,०८८** | **६,२९३** |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | – | (४२७) | (१२६) |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २१,००७ | ३१६,८९७ | १३,१५१ |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | **७२,५०३** | **४०६,५५८** | **१९,३१७** |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | – | ४३० | – |
| | **सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **७२,५०३** | **४०६,९८८** | **१९,३१७** |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | ६,५९१ | ३६,९९९ | १,७५६ |
| ३.१३ | आयकर व्यवस्था | १३,१८२ | ७३,९९८ | ३,५१२ |
| | **खुद नाफा/नोक्सान** | **५२,७३०** | **२९५,९९१** | **१४,०४९** |
| **४** | **अनुपातहरु** | | | |
| ४.१ | जोखिम भारित सम्पतीमा पुंजीको पर्याप्तता (प्रतीशत) | १०.१७ | ११.१५ | १०.५४ |
| ४.२ | निष्क्रिय कर्जा/कुल कर्जा (प्रतिशत) | १.५७ | २.७५ | ३.५३ |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | २२९.८२ | १२३.४७ | १०१.६८ |
| ४.४ | पुजिको औसत लागत | ७.६५ | ८.४६ | ७.७७ |
| ४.५ | कर्जा /निक्षेप अनुपात (प्रतिशत) | ७६.२६ | ६२.३६ | ६८.४४ |

# सहकारी अवलोकनका लागि अमेरिका गएको नेपाली टोली फिर्ता

## अमेरिकाको प्रविधिलाई नेपालमा प्रयोग गर्न राजदूत कार्कीको सुझाव

काठमाडौं,

संयुक्त राज्य अमेरिकामा सञ्चालित सहकारीहरूको अध्ययन अवलोकनका लागि भर्जिनिया राज्यमा गएको नेपाली सहकारीकर्मीहरूको टोली स्वदेश फर्किएको छ । इन्टरनेशनल डेभलपमेण्ट इन्स्टिच्यूट (आइडिआई) अमेरिकाको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड नेपालको समन्वयमा अमेरिकाको भर्जिनियामा सञ्चालित सहकारी व्यवस्थापन नेतृत्व विकास तथा अध्ययन अवलोकन कार्यक्रममा सहभागी नेपाली टोली स्वदेश फर्किएको हो । राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामबहादुर जिसीको नेतृत्वमा देशभरका विभिन्न सहकारी संघ संस्थाका १६ जना सहकारीकर्मीहरू उक्त कार्यक्रममा सहभागी भएका थिए ।

डिसेम्बर २ देखि ८ गतेसम्म भर्जिनियाको स्प्रिङफिल्डमा सम्पन्न कार्यक्रममा सहकारी अभियान र सुशासन, विकासोन्मुख देशमा सहकारीको भूमिका, कृषक देखि कृषक कार्यक्रम, अमेरिकाको सहकारी अभियान, विद्युत सहकारीमार्फत देश विकासमा पुगेको योगदान लगायतका विषयमा जानकारी गराइएको थियो । सहकारीमार्फत आर्थिक विकासमा भएका विभिन्न क्षेत्रका बारेमा कार्यक्रममा छलफल भएको बैंकका सञ्चालक रामबहादुर जिसीले जानकारी दिनुभयो । कार्यक्रममा नेपालका लागि पूर्व अमेरिकी राजदूत स्कट डेलिसीले सहकारी बैंक र दीगो ` विकास लक्ष्यका विषयमा सहजीकरण गर्नु भएको थियो । नेपालको बारेमा धेरै विषयमा आफ्नो अनुभव रहेको स्मरण गर्दै उहाँले नेपालको स्रोत साधनलाई अधिकतम प्रयोग गर्न सके नेपाल समृद्ध बन्न धेरै समय नलाग्ने बताउनु भएको थियो । नेपालको समृद्धिका लागि महिला र युवाहरूलाई अगाडि सार्न आवश्यक रहेको उहाँको भनाइ थियो । जबसम्म युवा जनशक्तिलाई देश निर्माणको अभियानमा लगाइदैन तवसम्म विकासले गति लिन नसक्ने उहाँको भनाइ थियो ।

अमेरिकामा विद्युत व्यवस्थापनमा सहकारीले खेलेको भूमिका लगायत सहकारी सुशासनका बारेमा राष्ट्रिय ग्रामिण विद्युत सहकारीका प्रमुख सल्लाहकार जर्ज स्टुटभिलेले सहजीकरण गर्नु भएको थियो । उहाँले अमेरिकाको विद्युत क्षेत्रको विकासमा सहकारीको उल्लेख्य भूमिका रहेको र सहकारीमार्फत विद्युतीकरण अभियानलाई अगाडि बढाउन सहज भएको बताउनु भएको थियो । विकोशोन्मुख देशहरूमा सहकारीको भूमिका तथा एशियामा सहकारीको अवस्थाका बारेमा आइडीआईका दक्षिण, मध्य एशिया



निर्देशक एवम् अफगानिस्तानका पूर्व सहायक अर्थमन्त्री अमिन हबिबीले सहजीकरण गर्नु भएको थियो । आइडिआई अमेरिकाका प्रवन्ध निर्देशक परशु नेपाल र कार्यकारी प्रमुख सुमनराज तिमिल्सिनाले सहकारीमार्फत अमेरिकामा भएका प्रगति, असल कार्यहरू, प्रविधि र व्यवस्थापन लगायतका विषयमा सहजीकरण गर्नु भएको थियो । उहाँहरूले नेपाल र अमेरिकाको सहकारीबीच समन्वय गरी प्रविधि लगायत आवश्यक सहयोगको वातावरण बनाउन आफुहरू निरन्तर लागेको बताउनु भएको थियो ।

आइडीआइको संयोजनमा नेपालबाट गएको टोलीले विश्व बैंक, विश्व ऋण परिषद, अमेरिकाको राष्ट्रिय सहकारी बैंक, सहकारीमार्फत सञ्चालित कमन कोप बजार लगायत अमेरिकाका विभिन्न पर्यटकीय स्थलहरूको अध्ययन अवलोकन गरेको गरेको टोलीका सदस्य नारायणदत्त तिमिल्सिनाले जानकारी दिनुभयो । आफ्ना छोरा छोरीहरूलाई स्वस्थ खानाको व्यवस्थापन गर्ने उदेश्यका साथ १२ परिवार मिलेर सन १९७४ देखि मेरिल्याण्ड राज्यमा सञ्चालित कमन कोप बजार कृषकहरूको आर्थिक विकासको प्रमुख माध्यम बनेको छ । ६ हजार ६ सय सदस्य रहेको सहकारीले सदस्यहरूलाई उत्पादन गर्न प्रोत्साहन गर्ने, उत्पादित वस्तुहरूको बिक्रीको ग्यारेण्टी गरिदिने गरेको कमन कोप बजारका जनरल म्यानेजर बब थोम्पसनले जानकारी दिनुभयो । आइडिआई अमेरिका र राष्ट्रिय सहकारी बैंक बीच सहकारी व्यवसायलाई प्रभावकारी बनाउनका लागि अनुभव आदान प्रदान, सहकारी बैकिङ प्रणालीमा सुधार, एक अर्को देशमा भएका सहकारीका असल अभ्यासहरू र प्रविधिहरूको अनुशरण लगायतका विषयमा सहकार्य गर्ने सम्झौता भएको छ । सहकारी क्षेत्रमा क्रियाशिल अगुवाहरूलाई अमेरिकाको सहकारी अभियानले गरेका असल अभ्यास र प्रविधिहरूका बारेमा जानकारी लिई नेपाल फर्केर त्यसको विस्तार गर्ने उदेश्यले बैंकसंग सहकार्य गरिएको आइडिआई अमेरिकाका कार्यकारी प्रमुख सुमन तिमिल्सिनाले बताउनु भयो । कार्यक्रममा सहभागी नेपाली सहकारीकर्मीहरूलाई प्रमाणपत्र वितरण गर्दै अमेरिकाका लागि नेपाली राजदूत अर्जुन कार्कीले अमेरिकाले प्रविधिका क्षेत्रमा गरेको विकासलाई नेपाल भित्र्याउन सके विकासमा फड्को मार्न सकिने बताउनु भयो । उहाँले सहकारीमार्फत आर्थिक विकासका क्षेत्रमा अमेरिकामा सिकेको कुरा नेपालमा व्यवहारमा ल्याउन समेत सहभागीहरूलाई आग्रह गर्नु भएको थियो । कार्यक्रममा सहभागीहरूको तर्फबाट बैंकका लेखा समितिका सदस्य सागर नेपालले कार्यक्रम प्रभावकारी रहेको बताउनु भएको थियो ।

# डिलाइट साकोसलाई थप शेयर खरिद गरेकोमा सम्मान

ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्य सहकारी संस्था डिलाइट साकोस, नयाँ बानेश्वर, काठमाण्डौलाई एक कार्यक्रमकाविच बैंकको थप ५० लाख शेयर खरिद गरेको अवसरमा सम्मान गरिएको थियो । बैंकको कर्पोरेट कार्यालयमा आज आयोजित कार्यक्रमकाविच बैंकका प्रबन्ध संचालक के.वी. उप्रेती तथा सन्चालकद्धय रामशरण शर्मा घिमिरे, ज्ञान बहादुर तामांग, बैंकका नायव महाप्रबन्धक बद्रीकुमार गुरागाई, सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटा बैंकका सम्पूर्ण विभागका विभागीय प्रमुखहरू सहित नयाँबानेश्वर शाखा प्रमुख बिष्णु गिरीको उक्त सम्मान कार्यक्रममा उपस्थिति रहेको थियो ।



सम्मान कार्यक्रमका अवसरमा बैंकका प्रबन्धक संचालक के.वी. उप्रेतिले डिलाइट साकोसले बैंकको विकासमा सदस्य संस्थाको तर्फवाट ठुलो सहयोग गरेको बताउनुभयो भने सो अवसरमा डिलाइट साकोसका तर्फवाट अध्यक्ष पुष्प बिष्ट सहित संस्थाका सञ्चालक समितिका सम्पुर्ण पदाधिकारीहरूको उपस्थितिकाविच अध्यक्ष पुष्प बिष्टले सहकारी बैंकले आफ्नो सदस्य संस्थालाई हरेक तवरबाट सहयोग गरि सक्षम बनाउन सहयोग गरेको कुरा बताउनु भएको थियो ।

सो अवसरमा बैंकको नयाँ बानेश्वर शाखा मार्फत बचत तथा कर्जाको कारोवार गरिरहेको संस्थाले यस अगाडी बैंकको २५ लाख १ हजार रकमको शेयर खरिद गरेको र हाल ५० लाख थप शेयर खरिद गरी कुल ७५ लाख १ हजार रकमको शेयर खरिद गरेको बैंकका नयाँबानेश्वर शाखा प्रमुख बिष्णु गिरीले बताउनु भएको थियो ।

# शुक्रपथ बहुउद्देश्यीय, मिलन बहुउद्देश्यीय र क्यापिटल साकोसलाई थप शेयर खरिद गरेकोमा सम्मान

ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्य सहकारी संस्थाहरू क्रमश शुक्रपथ बहुउद्देश्यीय सहकारी न्युरोड, मिलन बहुउद्देश्यीय सहकारी न्युरोड तथा क्यापिटल सकोस क्षेत्रपाटी काठमाण्डौलाई एक कार्यक्रमकाविच बैंकको थप शेयर खरिद गरेकोमा सम्मान गरिएको छ । संस्थाहरूले थप शेयर क्रमश ७५ लाख, ४४ लाख र ७० लाख खरिद गरेका थिए, बैंकको कर्पोरेट कार्यालयमा आयोजित कार्यक्रमकाविच बैंकका प्रबन्ध संचालक के.वी. उप्रेती, बैंकका नायव महाप्रबन्धक बद्रीकुमार गुरागाई, सहायक महाप्रबन्धक हरिकृष्ण सापकोटा, बैंकका सम्पूर्ण विभागका विभागीय प्रमुखहरू सहित उपत्यकाभित्रका शाखा प्रमुखहरूको उक्त सम्मान कार्यक्रममा उपस्थिति रहेको थियो ।

सम्मान कार्यक्रमका अवसरमा बैंकका प्रबन्धक संचालक के.वी. उप्रेतिले शेयर खरिद गरेका सहकारी संस्थाहरूले बैंकको विकासमा सदस्य संस्थाको तर्फवाट ठुलो सहयोग गरेको बताउनुभयो भने सो अवसरमा सम्मानित सहकारी संस्थाकातर्फ संस्थाका प्रतिनिधिहरूले सहकारी बैंकले आफ्नो सदस्य संस्थालाई हरेक तवरबाट सहयोग गरी सक्षम बनाउन सहयोग गरेको कुरा बताउनु भएको थियो ।

कार्यक्रममा शुक्रपथ बहुउद्देश्यीय सहकारीको तर्फ बाट नीरहरी उपाध्याय र नरेन्द्र बिष्ट, मिलन बहुउद्देश्यीय सहकारीको तर्फ बाट दिनेश बज्राचार्य तथा क्यापिटल साकोसको तर्फ बाट दिनेश पौडेलले सम्मान ग्रहण गर्नु भएको थियो ।

बैंकको न्युरोड शाखामार्फत बचत तथा कर्जाको कारोवार गरिरहेका संस्थाहरूले थप शेयर सहित हाल सम्म शेयर रकम क्रमश शुक्रपथ बहुउद्देश्यीय - रू. १,२५,०३,०००।-, मिलन बहुउद्देश्यीय- रू. १,००,१०,०००।- र क्यापिटल सकोस- रू. १,०१,०५,०००।- रकमको शेयर खरिद गरेको बैंकका न्युरोड शाखा प्रमुख केदारनाथ उप्रेतीले जानकारी दिनुभएको थियो ।



# कर्जा जोखिम व्यवस्थापन तथा दक्षता अभिबृद्धि तालिम

**बानेश्वर**

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना सम्पूर्ण शाखा कार्यालयका प्रमुखहरू र कर्पोरेट कार्यालयका सहायक अधिकृत तहका कर्मचारीको शाखा प्रमुख दक्षता अभिबृद्धि तालिम केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र काठमान्डौ बानेश्वरमा सम्पन्न भएको छ ।

उक्त ३ दिने दक्षता अभिबृद्धि तालिममा बैंकका शाखा प्रमुख तथा सहायक अधिकृत कर्मचारीहरूमा कुशल नेतृत्व विकास, प्रभावकारी संचार, अन्तर व्यक्ति सम्बन्ध, प्रभावशाली वाक कला, समुह निर्माण, सहजीकरण, उधमशीलता, समय ब्यबस्थापन, आत्मविश्वास निर्माण तथा बैंकका विभागीय कार्यहरू लगायतका विषयहरूमा सक्षमता ल्याउने विषय बस्तुहरूको प्रशिक्षण गराएको थियो ।

**गोंगबु**

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय गोंगबुको आयोजनामा भाद्र १८ गतेदेखि २२ सम्म चल्ने गरी सहकारी लेखा व्यबस्थापन सम्बन्धी तालिम भएको छ । बैंकका संचालक ज्ञान बहादुर तामाङ्ले तालिम कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । बैंकको गोंगबु शाखाका प्रमुख बिनोद भट्टराईको संचालनमा शुरू भएको कार्यक्रममा तालिम विभागका कर्मचारी मिना कुमारी शर्माको आतिथ्यता रहेको थियो । ४ दिन सम्म संचालन हुने उक्त तालिम कार्यक्रममा गोंगबु क्षेत्रका विभिन्न सहकारी संघ/संस्थाबाट २३ जना प्रतिनिधिहरूको सहभागीता रहेको थियो भने तालिमलाई कल्याणकारी बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक कुमार खत्रीले सहजीकरण गर्नु भएको थियो ।

**धनकुटा**

राष्ट्रिय सहकारी बैंक लिमिटेड धनकुटा शाखा कार्यालयको आयोजनामा संचालित कर्जा तथा जोखिम व्यवस्थापन सम्बन्धि तालिम सम्पन्न भएको छ । एक कार्यक्रममा विच प्रदेश १ का प्रदेश सभा सदस्य माननीय निरन राईको प्रमुख आथित्यता, केन्द्रीय विद्युत सहकारी संघवाट धर्मराज पौडेलको विशेष आथित्यता साथै दुग्ध संघवाट नारद कटुवाल र बैंकको धनकुटा शाखा व्यवस्थापन उप-समितिका संयोजक खगेन्द्र सुबेदीको आथित्यतामा समापन कार्यक्रम सम्पन्न भएको थियो ।




कार्यक्रम समापनको अवसरमा बोल्दै माननीय निरन राईले सहकारी संघ/संस्थाहरूलाई शिक्षा तथा तालिमको माध्यमवाट सुशिक्षित गर्दै राष्ट्रिय सहकारी बैंकले सहकारी अभियानमा कुशल अभिभावकको भूमिका निभाउनुपर्ने कुरामा जोड दिनु भएको थियो ।

तालिम कार्यक्रम धनकुटा क्षेत्रका ३० भन्दा बढी सहकारी संघ/संस्थावाट ४० जना सहकारीकर्मीहरूको सहभागितामा बैंकको कर्जा विभागका प्रमुख प्रमोद कुमार घिमिरेको सहजीकरणमा सम्पन्न भएको थियो । अन्जुली होटल धनकुटामा संचालन भएको तालिम कार्यक्रमको समापन शत्र बैंकको धनकुटा शाखाका प्रमुख सिद्धी कुमार श्रेष्ठको संचालनमा सम्पन्न भएको थियो ।

**बिर्तामोड**

राष्ट्रिय सहकारी बैंक लिमिटेड बिर्तामोड शाखा कार्यालयको आयोजनामा संचालित कर्जा तथा जोखिम व्यवस्थापन सम्बन्धि तालिम एक समारोहका बिच समापन भएको छ । कार्यक्रममा राष्ट्रिय सहकारी बैकका लघु तथा बिपन्न उप-समितिका सदस्य महेन्द्र कुमार गिरीको सभापतित्व र बैकको लेखा समिति सदस्य लक्ष्मी प्रसाद उप्रेतीको प्रमुख आतिथ्यता समापन कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रमको समापन अवसरमा सहभागीको तर्फवाट औचित्यता तथा धन्यबाद धौलागिरी पारिजात बहुउद्देश्यीय स सं का ब्यवस्थापक राजेश दाहाल तथा महिला सहभागिको तर्फबाट नेपाल बहुउद्देश्यीय स. सं वाट किरण कट्टेलले दिनुभएको थियो ।



तालिम कार्यक्रम झापाका २६ भन्दा बढी सहकारी संघ/संस्थावाट ३८ जना सहकारीकर्मीहरूको सहभागितामा बैंकको कर्जा विभागका प्रमुख प्रमोद कुमार घिमिरेको सहजीकरणमा सम्पन्न भएको थियो । NMC Hall मा संचालन भएको तालिम कार्यक्रमको समापन शत्र बैंकको बिर्तामोड शाखाका प्रमुख सबिना बस्नेतको संचालनमा सम्पन्न भएको थियो ।

**चापागाउँ**

राष्ट्रिय सहकारी बैंक लिमिटेड चापागाउं शाखाको आयोजनामा आश्विन ८ गतेदेखि



१२ संचालन भएको लेखा व्यवस्थापन सम्बन्धी तालिम एक कार्यक्रमको विच समापन भएको छ । तालिम समापन समारोहमा राष्ट्रिय सहकारी बैंकका प्रबन्ध सञ्चालक के.बि. उप्रेति, संचालकद्धय रामशरण शर्मा घिमिरे र सरिता भट्टराई, बैंकका सहायक महांप्रबन्धक हरिकृष्ण सापकोटाको आथित्यता रहेको थियो ।

तालिम समापन अवसरमा बोल्दै प्रबन्ध सञ्चालक के.बि. उप्रेतिले तालिमको महत्व तथा औचित्य प्रष्ट पार्दै आगामि दिनमा पनि बैंकले विभिन्न तालिमहरू संचालन गर्ने र आवश्यक तालिमका लागी सहभागीहरूलाई बैंकमा माग गर्न समेत सुझाव दिनुभयो साथै उहाले बैंकले सदस्य सहकारी संघ/संस्थाहरूलाई दिने वित्तीय सेवा लगायत अन्य सेवाको विषयमा समेत प्रष्ट पार्नुभएको थियो ।

समापन समारोहमा सहभागीहरूलाई बैंकका संचालक तथा शिक्षा तथा तालिम उप-समितिका संयोजक सरिता भट्टराईले तालिम प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

चापागाउँ क्षेत्रका विभिन्न सहकारी संघ/संस्थाबाट २५ जना सहभागीहरूका विच सम्पन्न तालिम कार्यक्रमलाई प्रशिक्षक अनिल वीर बज्राचार्यले सहजीकरण गर्नुभएको थियो भने कार्यक्रमको संचालन बैंकको चापागाउं शाखा प्रमुख रामशरण सापकोटाले गर्नुभएको थियो सो अवसरमा सहभागीहरूलाई नजिकिदै गरेका चाडपर्वहरू शुभ बिजया दशमी, दिपावली तथा छटको अवसरमा शुभकामना आदानप्रदान समेत गरिएको थियो ।

**नगरकोट**

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना सम्पूर्ण शाखा कार्यालयका र कर्पोरेट कार्यालयका सहायक अधिकृत तहका कर्मचारीको प्रशिक्षक प्रशिक्षण कार्यक्रम "TOT" एक कार्यक्रमबिच रत्नागिरी रिसोर्ट, नगरकोटमा सम्पन्न भएको थियो । कार्यक्रम समापन समारोहमा राष्ट्रिय सहकारी बैंकका प्रबन्ध सञ्चालक के.बि. उप्रेति, संचालकद्धय ज्ञान बहादुर तामाङ्ग र सरिता भट्टराई, बैंकका लेखा समितिका संयोजक कुल चन्द्र अधिकारी, बैंकका महाप्रबन्धक बद्री कुमार गुरागाई सहायक महांप्रबंधक हरिकृष्ण सापकोटा, तालीम बिभाग प्रमुख राम बाबु आचार्यको आतिथ्यता रहेको थियो ।

उक्त ५ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रमले बैंकका शाखा प्रमुख तथा सहायक अधिकृत कर्मचारीहरूमा कुशल नेतृत्व विकास, प्रभावकारी संचार, अन्तर व्यक्ति सम्बन्ध, प्रभावशाली वाक कला, समुह निर्माण, सहजीकरण, उधमशीलता, समय ब्यबस्थापन, आत्मविश्वास निर्माण तथा बैंकका विभागीय कार्यहरू लगायतका विषयहरूमा सक्षमता ल्याउने विषय बस्तुहरूको प्रशिक्षण गराएको थियो ।

कार्यक्रममा शाखा प्रमुख तथा कर्पोरेट कार्यालयका सहायक अधिकृत स्तरका २५ जना कर्मचारीको सहभागीता रहेको थियो भने कार्यक्रमको सहजीकरण उषा मल्ल सिंह र विकल प्रसाद शेरचनबाट भएको थियो ।

**काठमाडौं**

राष्ट्रिय सहकारी बैंक लिमिटेड चाबहिल शाखा कार्यालयको आयोजनामा संचालित तिन दिने कर्जा तथा जोखिम व्यवस्थापन सम्बन्धि तालिमको आज एक कार्यक्रमका विच समापन भएको छ । चाबहिल र आसपासका क्षेत्रमा रहेका सहकारी संघ/संस्थाहरूलाई लक्षित गरी शुरूवात गरिएको तालिम कार्यक्रममा त्यस क्षेत्रका २५ भन्दा बढी सहकारी संघ/संस्थाबाट ३५ जना सहकारीकर्मीहरूको सहभागिता रहेको थियो ।

समापन कार्यक्रमको अध्यक्षता बैंकका प्रबन्ध संचालक के.बी. उप्रेतीले गर्नु भएको थियो । कार्यक्रममा अतिथिको रूपमा बैंकको शिक्षा तथा तालिम उपसमिति संयोजक तथा बैंकका संचालक सरिता भट्टराई, बैंकका नायब महाप्रबन्धक बद्री कुमार गुरागाई, स्रोत व्यक्ति बैंकका कर्जा विभाग प्रमुख प्रमोद घिमिरे, तालिम विभागका अधिकृत मिना शर्मा तथा बैंकका सहायक अधिकृत अनुजा सैंजुको

उपस्थिति थियो ।

उक्त अवसरमा सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्नु हुदै बैंकका प्रबन्ध संचालक के. बी. उप्रेतीले बैंकको उद्देश्य अनुसार आफ्नो सदस्यको क्षमता वृद्धिको लागि यस्तो प्रकारको तालिमहरू संचालन भै रहने जानकारी दिनु भयो । त्यस्तै बैंकका संचालक सरिता भट्टराईले तालिमका सहभागीलाई आगामी दिनमा कार्य कुशलताको शुभकामना दिनु हुदै बैंकले संचालन गर्ने अन्य तालिमहरूमा पनि सक्रिय सहभागीता जनाउनु हुन अनुरोध गर्नु भयो । बैंकका नायब महाप्रबन्धक बद्री कुमार गुरागाईले तालिमले विभिन्न अवसरको ढोका खोल्ने तथा काममा निखार आउने भएकोले सहभागीले आफ्नो आफ्नो सहकारी मार्फत सदस्यको सेवामा उत्कृष्टता ल्याउनुपर्ने बताउनु भयो ।

राष्ट्रिय सहकारी बैंक चाबहिल शाखाका शाखा प्रमुख जानुका नेपालको संचालनमा सम्पन्न भएको समापन कार्यक्रम तालिम संचालन भएको A One Party Palace को तालिम हलमा भएको थियो ।

**बर्दिबास**

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बर्दिवासको आयोजनामा मंसिर १६ गतेदेखि १९ सम्म चल्ने गरी सहकारी लेखा व्यबस्थापन सम्बन्धी तालिमको भएको थियो । ४ दिन सम्म संचालित उक्त तालिम कार्यक्रमको उद्‍घाटन बर्दिबास शाखा कार्यालय समन्वय उप-समितिका संयोजक लक्षण यादवको अध्यक्षतामा शुरू भएको थियो । कार्यक्रमको प्रमुख अतिथिमा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कृष्ण बहादुर सिंह, अतिथिहरू बर्दिबास बचत तथा ऋण सहकारीका अध्यक्ष तथा बर्दिबास सहकारी संजालका अध्यक्ष शंकर कुमार श्रेष्ठ, जनमुखी स्वास्थ्य र बिकाश सहकारी संस्थाका सचिव तथा समन्वय उप-समितिका सदस्य लिलामणी आचार्य, बर्दिबास बचत तथा ऋण सहकारी संस्थाका ब्यवस्थापक रमेश बहादुर सिंह लगायत रहनु भएको थियो ।




कार्यक्रममा बर्दिबास क्षेत्रका विभिन्न सहकारी संघ/संस्थाका ३० जना प्रतिनिधिहरूको सहभागीता रहेको छ । बैंकको बर्दिबास शाखा प्रमुख लोकेन्द्र केसीको संचालनमा शुरू भएको तालिमलाई प्रशिक्षक रबिन्द्र घिमिरे तथा बर्दिबास शाखाका कर्मचारीहरू सुजीत नापित र मनोज कुमार यादवले सहजीकरण गर्नु भएको थियो ।



**विरगंज**

राष्ट्रिय सहकारी बैंक शाखा कार्यालय विरगंजले आयोजना गरेको ३ दिने पर्ल्स अनुगमन प्रणाली तालिम सम्पन्न भएको छ । पर्सा जिल्लामा रहेका सहकारी संस्थाहरूलाई लक्षित गरी शुरूवात गरिएको तालिम कार्यक्रममा त्यस क्षेत्रका सहकारी संस्थाहरूबाट ३० जना सहकारीकर्मीहरूको सहभागिता रहेको थियो । विरगंज स्थित होटल कुमु प्यालेसमा २०७५ मंसिर १८ देखी २० गते सम्म संचालित सो तालिम कार्यक्रममा प्रशिक्षक अनिलवीर बज्राचार्य र विरगंज शाखा प्रमुख युवराज त्रिपाठीले सहजिकरण गर्नुभएको थियो । कार्यक्रममा सहभागीको तर्फबाट हिमाल बचत तथा ऋण सहकारी संस्था विरगंजका प्रबन्धक किरण झा र जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नगनारायण सिंहले यस तालिमबाट निकै लाभ लिन सफल भएकोले यस्ता खाले तालिमलाई राष्ट्रिय सहकारी बैंकले आगामी दिनहरूमा निरन्तरता दिन समेत जोड दिनुभयो ।

बचत तथा ऋण सहकारी संघ लि. पर्साका उपाध्यक्ष असगर अलि अंसारीको अध्यक्षतामा शुरू भएको तालिम समापन समारोहमा विरगंज महानगरपालिकाका सहकारी अधिकृत रामदयाल प्रसाद यादवले प्रमुख अतिथिको भुमिका निर्वाह गर्नुभएको थियो । कार्यक्रममा अतिथिको रूपमा जिल्ला कृषि सहकारी संघ पर्साका अध्यक्ष शिव कुमार साह, बचत तथा ऋण सहकारी संघ पर्साका संचालक नगनारायण सिंह तथा प्रशिक्षक अनिलवीर बज्राचार्यको सहभागिता रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि यादवले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै बैंकले आयोजना

गरेको यस किसिमको तालिम अत्यन्तै राम्रो र प्रशंशनिय रहेकोले आगामी दिनमा थप कार्यक्रम ल्याउन सुझाव दिनुभयो । राष्ट्रिय सहकारी बैंक विरगंज शाखा प्रमुख युवराज त्रिपाठीले तालिममा सक्रिय सहभागीता जनाउनुभएकोमा सम्पुर्ण सहकारीकर्मीहरूलाई धन्यवाद ज्ञापन गर्दै प्रशिक्षक अनिलवीर बज्राचार्यलाई मायाको चिनो प्रदान गर्नुभएको थियो । कार्यक्रमको संचालन शाखा प्रमुख युवराज त्रिपाठीले गर्नुभएको थियो ।

**कलंकी**

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय कलंकीको आयोजनामा संचालित ३ दिने सहकारीमा बित्तीय बिश्लेषण सम्बन्धी तालिम सम्पन्न भएको छ । कार्यक्रमको समापन अवसरमा बैंकका प्रबन्धक सञ्चालक के. बि. उप्रेतिको प्रमुख आतिथ्यता रहेको थियो भने कायक्रममा तालिम विभाग कर्मचारी मीना शर्मा अतिथिको रूपमा सहभागी हुनु भएको थियो । कालीमाटी, काठमाण्डौ स्थित स्वस्तिक ब्यंक्यूटमा संचालित तालिम कार्यक्रमको प्रशिक्षक चन्द्रागिरी बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठ रहनु भएको थियो ।

उक्त तालिम कार्यक्रम समापनको अवसरमा बैंकका प्रबन्ध संचालक के. बी. उप्रेतीले आगामी दिनहरूमा समेत सदस्य संस्थाहरूको आवश्यकता अनुसारका तालिम कार्यक्रम संचालन गर्ने जानकारी सहित तालिममा सहभागीहरूलाई तालिम प्रमाणपत्र प्रदान गर्दै सहभागीहरूलाई तालिममा सिकेका कुराहरूलाई ब्यबहारमा उतार्न आग्रह गर्नुभयो ।

तालिममा कलंकी क्षेत्रका २५ जना भन्दा बढी सहकारी संघ/संस्थाका संचालक र व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।

**पोखरा**

राष्ट्रिय सहकारी बैंक लि. शाखा कार्यालय पोखरा र कास्की बचत तथा ऋण सहकारी संघ लि. को सयुक्त आयोजनामा मिति २०७५ मंसिर २० गते सिप विकास तालिम सम्पन्न भएको छ । सिटी स्क्वायर पार्टी प्यालेस संचालित सो कार्यक्रमको अध्यक्षता कास्की साकोसका सुदीप ढकाल गर्नु भएको थियो भने नेस्कुनका संचालक भीम गुरूङ्गले प्रमुख अथिती भूमिका निर्वाह गर्नु भएको थियो ।

कास्की बचत संघका उपाध्यक्ष भेष राज वरालको स्वागत मन्तब्यबाट सुरूवात भएको सो कार्यक्रमका प्रमुख प्रशिक्षक राष्ट्रिय सहकारी बैंकको तालिम विभाग प्रमुख रामबाबु आचार्य रहनु भएको थियो । कास्कीका सहकारीहरूको संचालक तथा व्यवस्थापकहरू समाबेश गरी आयोजन गरिएको सो तालिम नबिनतम सिप बिकाससंग केन्द्रति रहेको थियो ।

कास्की बचत संघका तालिम संयोजक नारायण प्रसाद आचार्यले संचालन गर्नु भएको उक्त कार्यक्रममा ५० जना भन्दा बढी सहकारी संघ/संस्था संचालक र व्यवस्थापकहरूको उपस्थिति रहेको थियो । सो तालिम उपस्थिति सहकारी कर्मीहरूले अत्यन्तै राम्रो र प्रशंशनीय रहेको बताउँदै आगामी दिनमा पनि थप तालिमहरू ल्याउनु पर्ने सुझाव पाएको कुरा बैंकको पोखरा शाखा कार्यालयका शाखा प्रमुख सन्तोष घिमिरेले जानकारी दिनु भयो ।



संस्था परिचय

# गृह लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**परिचय**

विक्रम सम्वत २०६६ साल मंसिर १९ गते डिभिजन सहकारी कार्यालय पर्सामा दर्ता भएको गृह लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले बिरगंज १३ पर्सामा रहेको आफ्नो कार्यालय मार्फत आफ्ना सदस्यहरूलाई सेवा प्रदान गरिरहेको छ । संस्थाले आफ्नो स्थापना समय देखि नै लघुवित्त मार्फत सदस्यहरूलाई छिटो छरितो सेवा उपलब्ध गराउदै आएको छ । सदस्यहरूलाई आधुनिक बैंकिंग सेवा अन्तर्गत मोबाईल बैंकिंग समेत उपलब्ध गराउदै आएको छ । सदस्य शिक्षा तथा तालिम मार्फत ग्रामीण गरिबी न्यूनीकरण र समावेशीकरणका लागि आफ्ना सदस्यहरूको क्षमता बृद्धि गराउने कार्य समेत संस्थाले गर्दै आइरहेको छ ।

**संस्था स्थापनाको उद्देश्य**

सदस्यहरूमा बचत गर्ने बानी बसाल्ने र सदस्यले चाहेको बेला सरल तरिका बाट कर्जा लगानी गरी सदस्यहरूको जिवनस्तर उकास्ने तथा विपन्न बर्गका सदस्यहरू लाई जिवन स्तर उकास्न आवश्यक सहयोग पुऱ्याउने प्रारम्भिक लक्ष्य संस्थाले लिएको छ । सदस्यहरूलाई कृषि पेशामा आबद्ध गराउने, तथा व्याबसायीक कृषिको माध्यमबाट खाद्यान्न उत्पादनमा सदस्यहरूलाई सहयोग गर्ने लक्ष्य समेत संस्थाले लिएको छ । साथै संस्थाले प्रदेश नम्बर २ को उत्कृष्ट संस्था बन्ने लक्ष्य समेत लिएको छ ।

सदस्य संख्याः

१५२० जना

**कार्यक्षेत्र**

विरगंज महानगरपालिका र आसपासका २५ वार्ड हरू

**वर्तमान अवस्था**

संस्थाले लघुवित कार्यक्रम मार्फत संस्थाका सदस्यहरूको माग बमोजिम ५२० जना महिला सदस्यहरू लाई सेवा पुऱ्याई रहेको छ । साथै अत्याधुनिक बैंकिंग सेवा अन्तर्गत मोबाईल बैंकिंग सेवा समेत उपलब्ध गराउदै आएको छ ।

**वित्तीय तथा आर्थिक अवस्था**

संस्थाको २०७५ आषाढ मसान्तसम्मको विवरण अनुसार निम्न अनुसारको आर्थिक




तथा वित्तीय अवस्था रहेको छ।

| | |
|---|---|
| संस्थाको कुल सम्पत्ती | ७,४४,८०,९६९।00 |
| कर्जा लगानी | ५,८०,६३,६९१।३८ |
| राष्ट्रिय सहकारी बैंक बाट ऋण | १,७१,४०,८५५।१३ |
| बचत संकलन | ४,३३,२२,२०४।९४ |
| आषाढ मसान्त सम्म नाफा | ३७९,३३९।५१ |

**सेवाहरू**

संस्थाले आफ्ना सदस्यहरूलाई बचत तथा कर्जा सम्बन्धि विभिन्न प्रोडक्टहरू ल्याई बचतमा आकर्षक ब्याजदर प्रदान गरेको छ, मुद्दती बचत संचालन गरेको छ, साथै कर्जामा धितो कर्जा, हायर पर्चेज कर्जा, कृषि कर्जा, सानो अवधिको ब्यापारीक कर्जा, लघु कर्जा प्रदान गर्दै आई रहेको छ । यसैगरि प्रभु, हिमाल, सिटी, जे.एम.ई रेमिट लगायत विभिन्न मनि ट्रान्सफर मार्फत सदस्यहरूलाई रेमिट्यान्स सेवा सहित Utility Bills Payment को सेवा समेत प्रदान गर्दै आइरहेको छ।

तालिम तथा शिक्षाका कार्यक्रम संचालन तथा सहभागिता

राष्ट्रिय सहकारी बैंक लिमिटेड तथा नेफ्सकुनद्वारा समय समयमा संचालन हुने लेखा तथा कर्जा सम्बन्धि तालिम कार्यक्रममा संस्थाले सहभागिता जनाउदै आईरहेको छ । साथै संस्थाका सदस्यहरूले माग गरे बमोजिमको विभिन्न तालिमहरू समेत संस्थाले उपलब्ध गराउदै आईरहेको छ । हालै मात्र संस्थाले स्कुलका नानीहरू तथा संस्थाका सदस्यहरूलाई सहकारी शिक्षा सम्बन्धि तालिम प्रदान गरेको छ ।

**चुनौती तथा समस्या**

हाल सम्म संस्थाले ठुलो चुनौतीको सामना गर्नु परेको छैन तथापी सरकारको सहकारीलाई कर सम्बन्धि स्पष्ट नीति नहुनु, सहकारी संस्थाले सदस्यहरूको जीवनस्तर उकास्न सुलभदरमा ऋण नपाउनु यस संस्थाले समग्र सहकारी अभियानले जस्तै भोग्नु परेको समस्याको रूपमा लिएको छ ।

**सम्भावना र अभ्यासहरू**

प्रदेश नम्बर २ का मानिसहरू कृषि तथा ब्यावसायीक उद्यममा आबद्ध भएको हुदा सबै मानिसहरूलाई सदस्य बनाई सदस्यको पेशालाई राष्ट्रिय रूपमा प्रवर्द्धन गर्न सकिने सम्भावना संस्थाले लिएको छ । त्यस कार्यमा सरोकारवाला निकायहरू सबैको साथको अपेक्षा समेत संस्थाले लिएको छ।

**भावी कार्यक्रम**

- संस्थाले तत्काल लघुवित्त अन्तर्गत आफ्नो कार्यक्षेत्र भित्रका अधिकतम महिलाहरूलाई सदस्य बनाई आयमुलक कार्यमा संलग्न गराउने कार्य गर्ने सोच अगाडी बढाएको छ।
- आ.ब. ०७५।०७६ मा अशोक बाटिका स्थित संस्थाको जग्गामा आफ्नै भवन बनाई कार्यालय संचालन गर्ने कार्यक्रम रहेको छ ।
- यस आर्थिक वर्षमा संस्थाको सदस्यहरूको माग बमोजिम ए.टि.एम. सेवा संचालन गर्ने कार्यक्रम रहेको छ ।
- यस आर्थिक बर्षमा संस्थाको आफनै वेबसाईट बनाउने कार्यक्रम रहेको छ ।

# सहकारी बैंकको प्रवन्ध सञ्चालकबाट उप्रेती बाहिरिए

## प्रमुख कार्यकारी अधिकृतमा गुरागाई चयन

ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रवन्ध सञ्चालक के.बी. उप्रेती प्रवन्धकीय जिम्मेवारीबाट हट्नु भएको छ । बैंकको सञ्चालक समितिको पुस ३ गते सम्पन्न बैठकबाट उहाँले प्रवन्धकीय जिम्मेवारीबाट विदा लिनु भएको हो । सहकारी बैंकको विनियम बमोजिम २०७० साल मंसिर २५ गते सम्पन्न वैठकले बैंकका सञ्चालक उप्रेतीलाई महाप्रवन्धकको समेत जिम्मेवारी बहन गर्ने गरी प्रवन्ध सञ्चालकको जिम्मेवारी दिएको थियो ।



सहकारी ऐन २०७४ को दफा ४१ (४) मा २ करोड भन्दा बढी कारोबार भएका सहकारी संघ संस्थाका सञ्चालकहरू कार्यकारी प्रमुख बन्न नपाइने व्यवस्था रहेको छ । सहकारी ऐनमा भएको व्यवस्थालाई मध्ये नजर गरी उप्रेतीले प्रवन्ध सञ्चालकको जिम्मेवारी छोडेर सञ्चालकको जिम्मेवारीमा नरहनु भएको हो ।

बैंकको विनियममा निर्वाचित सञ्चालकहरू मध्येबाट एक जना अध्यक्ष र एक जना प्रवन्ध सञ्चालक बनाउने व्यवस्था अनुसार पहिलो, दोस्रो र तेस्रो कार्यकालमा उप्रेतीले प्रवन्ध सञ्चालकको जिम्मेवारी बहन गर्नु भएको थियो ।

बैंक स्थापनाकालदेखि नै बैंकको सञ्चालकमा निर्वाचित भई प्रवन्ध सञ्चालकको जिम्मेवारीमा रहेर बैंक सहित मुलुकको सहकारी अभियानमा उप्रेतीले पुऱ्याएको उच्च कदर गर्दै उहाँलाई वैठकबाट धन्यवाद ज्ञापन गर्दै प्रवन्ध सञ्चालकबाट विदाई गरिएको हो ।

स्थापनादेखि हालसम्म सहकारी बैंकको प्रवर्द्धनका साथै समग्र सहकारी अभियानलाई अवस्था ल्याउनका लागि उप्रेतीले खेलेको भूमिका अत्यन्तै सह्रानीय रहेको भन्दै अध्यक्ष रमेशप्रसाद पोखरेलले आगामी दिनमा समेत बैंक र सहकारी अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि योगदान गर्न उप्रेतीलाई आग्रह गर्नु भयो ।

साथै वैठकले प्रवन्धक सञ्चालकले गर्दै आएको जिम्मेवारी बहन गर्नका लागि नायव महाप्रवन्धक बद्रीकुमार गुरागाईलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको छ । विगत १७ वर्षदेखि सहकारी क्षेत्रमा क्रियाशिल चाटर्ड एकाउण्टेण्ट गुरागाई यस भन्दा पहिला पनि बैंकको नायव महाप्रवन्धकका रूपमा कार्यरत रहनु भएको थियो । वित्तीय क्षेत्रमा अन्तर्राष्ट्रिय अनुभव समेत हासिल गरेका गुरागाई हाल नेपाल चाटर्ड एकाउण्टेण्ट संस्था अन्तरगतको गुणस्तर अनुगमन बोर्डका सदस्य समेत रहनु भएको छ ।

## सहकारी बैंकको १५ औं वार्षिक साधारणसभाको तयारी...

सदस्यीय लेखा समितिको निर्वाचन हुदैछ । निर्वाचनबाट अध्यक्ष, ७ प्रदेशबाट ७ जना सञ्चालक, ३ जना महिला र ४ जना खुल्ला सञ्चालकको निर्वाचन हुदैछ । प्रदेशबाट निर्वाचित हुने ७ जना मध्ये २ जना महिला हुने व्यवस्था विनियममा उल्लेख छ । लेखा समितिमा पनि संयोजक र एक जना खुल्ला तथा एक जना सदस्य महिला अनिवार्य हुने व्यवस्था रहेको छ ।

बैंकको १५ औं वार्षिक साधारणसभाबाट नयाँ सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिको निर्वाचनका लागि इलेक्ट्रिक भोटिङ मेशिन प्रयोग गर्ने निर्णय भएको छ ।

# राष्ट्रिय सहकारी बैंकका संचालक उप्रेती सम्मानित

ललितपुर

राष्ट्रिय सहकारी बैंक लिमिटेडका तर्फबाट प्रतिनिधित्व गर्दै एशिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरूको विकासका लागि संजाल (नेडाक) को उपाध्यक्षमा निर्वाचित के.बी. उप्रेती सम्मानित हुनु भएको छ ।

कर्मणा बचत तथा ऋण सहकारी संस्था लिमिटेड ललितपुरले संस्थाको १८ औं वार्षिक साधारणसभाको अवसर पारेर शनिवार सहकारी बैंकका सञ्चालक उप्रेतीलाई सम्मान गरेको हो ।

लामो समयदेखि सहकारी अभियानमा क्रियाशिल उप्रेतीले नेपालको सहकारी अभियानलाई अगाडि बढाउन महत्वपूर्ण योगदान गर्नु भएको र हालै भारतमा सम्पन्न नेडाकको साधारणसभाबाट उपाध्यक्ष पदमा सर्वसम्मत निर्वाचित भएकाले सम्मान गरिएको संस्थाका अध्यक्ष कृष्णबहादुर महतले बताउनु भयो ।

राष्ट्रिय सहकारी बैक स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै १५ वर्षसम्म प्रवन्ध सञ्चालकका रूपमा कार्य गरी सहकारी बैंकलाई स्थापित गर्न सफल उप्रेती नेडाकको उपाध्यक्षमा निर्बिरोध चयन हुनु नेपाली सहकारी अभियान प्रतिको सम्मान भएको भन्दै अध्यक्ष कृष्णबहादुर महतले आगामी दिनमा पनि उप्रेतीवाट नेपाली सहकारी अभियानमा थप योगदान हुने विश्वास व्यक्त गर्नु भयो ।

दुइ वर्षे कार्यकाल रहेको नेडाकको हालको कार्यकारी समितिमा नेपालको अलावा भारत, बंगलादेश, चिन, इरान, फिलिपिन्स, थाइलेण्ड, श्रीलंका लगायत देशका प्रतिनिधिहरूको प्रतिनिधित्व रहेको छ । नेपालको तर्फवाट नेडाकको उपाध्यक्ष पदमा निर्बिरोध निर्वाचित हुने उप्रेती पहिलो व्यक्ति समेत हुनुहुन्छ ।




नेपालको सहकारी अभियानको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघमा २ कार्यकाल लेखा समितिका संयोजक, काठमाडौ जिल्ला सहकारी संघमा २ कार्यकाल अध्यक्ष समेत भइसक्नु भएका उप्रेतीले देशभरका सहकारीहरूको प्रवर्द्धनका लागि निरन्तर योगदान गर्दै आउनु भएको छ ।

यस भन्दा पहिला जिल्ला सहकारी संघ काठमाडौं, बचत तथा ऋण सहकारी संघ कास्की लगायत बुटवल, नेपालगञ्ज, बागलुङ लगायतका स्थानमा सहकारी अभियन्ता उप्रेतीलाई सम्मान गरिएको थियो ।

साधारणसभामा बोल्दै सम्मानित व्यक्तित्व के.बी.उप्रेतीले सहकारी अभियानलाई प्रभावकारी बनाउनका लागि सबैको सकारात्मक सहयोग र समन्वयमा जोड दिनु भएको थियो ।

नेडाक सन् १९६३ मा स्थापना भै भारतमा सहकारी क्षेत्रको लागि विशेष रूपमा संचालित छ । एफएओ एनेक्स बैंककमा सचिवालय रहेको नेडाक, ९ एसियन राष्ट्रका १६ संस्थाको संजाल बाट शुरू भएकोमा हाल २४ सदस्य संस्थाहरू यसमा आबद्ध रहेको छ ।

## नेडाकको उपाध्यक्षमा उप्रेती...

राष्ट्रिय सहकारी विकास निगम-NCDC भारतको आयोजनामा भारतमा नोभेम्बर १५ र १६ मा सम्पन्न साधारणसभाबाट उप्रेती सर्वसम्मत कार्यकारी समितिको उपाध्यक्षमा निर्वाचित हुनु भएको हो । एफएओ एनेक्स बैंककमा सचिवालय रहे को नेडाक, ९ एसियन राष्ट्रका १६ संस्थाको संजाल बाट शुरू भएकोमा हाल २४ सदस्य संस्थाहरू यसमा आबद्ध रहेको छ ।

दुई वर्षे कार्यकाल रहेको हालको कार्यकारी समितिमा नेपालको अलावा भारत, बंगलादेश, चिन, इरान, फिलिपिन्स, थाइलेण्ड, श्रीलंका लगायत देशका प्रतिनिधिहरूको प्रतिनिधित्व रहेको छ । कार्यकारी समितिको सदस्यमा नेपालको तर्फबाट राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष दक्ष पौडेल सदस्यमा सर्वसम्मत चयन हुनु भएको छ ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## १५ औं बार्षिक साधारण सभामा पुरस्कृत/सम्मानित हुने सहकारी संघ/संस्था तथा व्यक्तित्वहरू

**प्रदेश १**

| | | |
|---|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी | सृष्टी बचत तथा ऋण सहकारी संस्था लि. | बिराटनगर |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी | राष्ट्रिय बहुमुखी सहकारी संस्था लि . | दमक |

**प्रदेश २**

| | | |
|---|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी | बुद्ध महिला बचत तथा ऋण सहकारी संस्था लि. | सिरहा |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी | त्रियुगा सहकारी संस्था लि . | सप्तकोशी |

**प्रदेश ३**

| | | |
|---|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी | सप्तगण्डकी बचत तथा ऋण सहकारी संस्था लि. | बानेश्वर |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी | साना किसान कृषि सहकारी संस्था लि . | रत्ननगर |

**प्रदेश गण्डकी**

| | | |
|---|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी | सयपत्री बचत तथा ऋण सहकारी संस्था लि. | पोखरा |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी | प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि . | पोखरा |

**प्रदेश ५**

| | | |
|---|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी | ग्रामिण बचत तथा ऋण सहकारी संस्था लि. | बर्दघाट |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी | पञ्चनगर महिला कल्याण कृषि सहकारी संस्था लि . | बर्दघाट |

**प्रदेश कर्णाली**

| | | |
|---|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी | समाज कल्याण बचत तथा ऋण सहकारी संस्था लि. | सुर्खेत |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी | प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि . | सुर्खेत |

**प्रदेश सुदुरपश्चिम**

| | | |
|---|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी | सुजनशील बचत तथा ऋण सहकारी संस्था लि. | कञ्चनपुर |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी | हिमशिखर बहुउद्देश्यीय सहकारी संस्था लि . | कैलाली |

**राष्ट्रिय स्तर**

| | | |
|---|---|---|
| बचत ऋण व्यवसाय गर्ने सहकारी | ग्रामिण बचत तथा ऋण सहकारी संस्था लि. | सल्यान |
| बचत ऋण बाहेकको व्यवसाय गर्ने सहकारी | सूर्योदय बहुउद्देश्यीय कृषक सहकारी संस्था लि . | दाङ |
| सहकारी संघ | झापा जिल्ला सहकारी संघ लि. | झापा |
| महिलाद्धारा सञ्चालित सहकारी संस्था | महिला मिलन बचत तथा ऋण सहकारी संस्था | मकवानपुर |

| | | |
|---|---|---|
| सहकारी बैंक पूर्व सञ्चालक सम्मान/कदर/पुरस्कार - सहकारी वैंकका पूर्व संचालक/लेखा समिति सदस्य मध्ये | भागवत श्रेष्ठ | |
| सहकारी बैंक विद्वता पुरस्कार | ज्ञानेन्द्र प्रसाद पौडेल | |
| सहकारी बैंक पत्रकारीता पुरस्कार | तुलसी सुवेदी | |
| सहकारी अभियन्ता सम्मान पुरस्कार | कैलाशभक्त प्रधानांग | |
| सहकारी बैंक उत्कृष्ठ शाखा सम्मान | दाङ शाखा | |
| सहकारी बैंक उत्कृष्ठ कर्मचारी (प्रबन्धक/अधिकृत स्तर) | प्रभु पोखरेल | |
| सहकारी बैंक उत्कृष्ठ कर्मचारी (सहायक स्तर) | मनोज श्रेष्ठ | |
| सहकारी बैंक उत्कृष्ठ कर्मचारी (सहयोगी स्तर) | इच्छाराम राई | |

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## शाखा स्तरीय नियमित तथा उत्कृष्ट कारोबार पुरस्कार बितरण सारांश रिपोर्ट

| क्र.सं. | संघ/संस्थाको नाम | ठेगाना | पुरस्कार को प्रकृति |
|---|---|---|---|
| १ | **बिराटनगर** | | |
| | तुलसी बहुउद्देशीय सहकारी संस्था लि . | बिराटनगर | उत्कृष्ट |
| | स्टार बहुउद्देशीय सहकारी संस्था लि. | बिराटनगर | नियमित |
| २ | **बनेपा** | | |
| | काभ्रे जिल्ला बचत तथा ऋण सहकारी संस्था लि. | बनेपा | उत्कृष्ट |
| | ज्योति बहुउद्देशीय सहकारी संस्था लि. | बनेपा | नियमित |
| ३ | **धरान** | | |
| | गोरखा बचत तथा ऋण सहकारी संस्था लि. | धरान | उत्कृष्ट |
| | सहयात्री बचत तथा ऋण सहकारी संस्था लि. | धरान | नियमित |
| ४ | **कोहलपुर** | | |
| | जन बिश्वास बहुउद्देशीय संस्था लि. | कोहलपुर | उत्कृष्ट |
| | संकल्प जनसेवा बहुउद्देशीय सहकारी संस्था लि. | कोहलपुर | नियमित |
| ५ | **इलाम** | | |
| | प्रकृति कृषि सहकारी संस्था लि. | इलाम | उत्कृष्ट |
| | जाग्रिती बहुउद्देशीय सहकारी संस्था लि. | इलाम | नियमित |
| ६ | **उर्लाबारी** | | |
| | सागरमाथा बचत तथा ऋण सहकारी संस्था लि. | उर्लाबारी | उत्कृष्ट |
| | महिला उत्थान बचत तथा ऋण सहकारी संस्था लि. | उर्लाबारी | नियमित |
| ७ | **सिन्धुली** | | |
| | स्वोर्निम भविष्य बचत तथा ऋण सहकारी संस्था लि. | सिन्धुली | उत्कृष्ट |
| | सहकार्य बचत तथा ऋण सहकारी संस्था लि. | सिन्धुली | नियमित |
| ८ | **चापागाऊ** | | |
| | सन्तानेश्वोर बचत तथा ऋण सहकारी संस्था लि. | गोदावरी | उत्कृष्ट |
| | अभियान बचत तथा ऋण सहकारी संस्था लि. | चपगाऊ | नियमित |
| ९ | **लहान** | | |
| | बुद्ध महिला बचत तथा ऋण सहकारी संस्था लि. | धनगढी | उत्कृष्ट |
| | सागरमाथा बचत तथा ऋण सहकारी संस्था लि. | लहान | नियमित |
| १० | **चाबहिल** | | |
| | लाइफ भिजन बचत तथा ऋण सहकारी संस्था लि. | कपन | उत्कृष्ट |
| | हजुरको त्रिवेणी बचत तथा ऋण सहकारी संस्था लि. | भद्रवास | नियमित |
| ११ | **सिमरा** | | |
| | शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लि. | सिमरा | उत्कृष्ट |
| | जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. | सिमरा | नियमित |
| १२ | **सुर्खेत** | | |
| | स्वावलम्भन बचत तथा ऋण सहकारी संस्था लि. | सुर्खेत | उत्कृष्ट |
| | साना किशान कृषि सहकारी संस्था लि. | सुर्खेत | नियमित |
| १३ | **राजबिराज** | | |
| | नेपाल सहकारी संस्था लि. | राजबिराज | उत्कृष्ट |
| | तक्षशिला बचत तथा ऋण सहकारी संस्था लि. | तिलथी | नियमित |
| १४ | **जनकपुर** | | |
| | शुभ श्री बचत तथा ऋण सहकारी संस्था लि. | रघुनाथपुर | उत्कृष्ट |
| | सारा बचत तथा ऋण सहकारी संस्था लि. | जनकपुर | नियमित |
| १५ | **बुटवल** | | |
| | फेवा बचत तथा ऋण सहकारी संस्था लि. | बुटवल | उत्कृष्ट |
| | नारी बहुउद्देशीय सहकारी संस्था लि. | बुटवल | नियमित |
| १६ | **दैलेख** | | |
| | जनप्रिय बचत तथा ऋण सहकारी संस्था लि. | मलिका | उत्कृष्ट |
| | शिक्षक हीत बचत तथा ऋण सहकारी संस्था लि. | दैलेख | नियमित |
| १७ | **चन्द्रनिगाहपुर** | | |
| | स्वोस्तिक बचत तथा ऋण सहकारी संस्था लि. | चपुर | उत्कृष्ट |
| | यातायात मजदूर बचत तथा ऋण सहकारी संस्था लि. | चपुर | नियमित |
| १८ | **नयाँ बानेश्वोर** | | |
| | सहकाली बचत तथा ऋण सहकारी संस्था लि. | कागेश्वोरी | उत्कृष्ट |

| | | | |
|---|---|---|---|
| | कान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि. | मीनभवन | नियमित |
| १९ | **इटहरी** | | |
| | पूर्वाञ्चल बचत तथा ऋण सहकारी संस्था लि. | इटहरी | उत्कृष्ट |
| | नेपा बहुउद्देशीय सहकारी संस्था लि. | इटहरी | नियमित |
| २० | **बिर्तामोड** | | |
| | नेपाल बहुउद्देशीय सहकारी संस्था लि. | बिर्तामोड | उत्कृष्ट |
| | धवलागिरी पारिजात बहुउद्देशीय सहकारी संस्था लि. | अनारमणि | नियमित |
| २१ | **दमक** | | |
| | नवोदय बहुउद्देशीय सहकारी संस्था लि. | दमक | उत्कृष्ट |
| | मोडेल बचत तथा ऋण सहकारी संस्था लि. | दमक | नियमित |
| २२ | **न्युरोड** | | |
| | लालिगुरास बचत तथा ऋण सहकारी संस्था लि. | खुसिबू | उत्कृष्ट |
| | हेल्लो कंचनजंगा बचत तथा ऋण सहकारी संस्था लि. | प्युखा | नियमित |
| २३ | **नुवाकोट** | | |
| | त्रिसुली बचत तथा ऋण सहकारी संस्था लि. | बिदुर | उत्कृष्ट |
| | संगम बहत तथा ऋण सहकारी लि. | बिदुर | नियमित |
| २४ | **धनगढी** | | |
| | नवजीवन सहकारी संस्था लि. | धनगढी | उत्कृष्ट |
| | सुदूर पश्चिमाञ्चल बचत तथा ऋण सहकारी संस्था लि. | धनगढी | नियमित |
| २५ | **मुख्या शाखा** | | |
| | रेडियंट बहुउद्देशीय सहकारी संस्था लि. | सानेपा | उत्कृष्ट |
| | डल्फिन बहुउद्देशीय सहकारी संस्था लि. | कन्देव्स्थान | नियमित |
| २६ | **कलंकी** | | |
| | स्य'चाटार बचत तथा ऋण सहकारी संस्था लि. | स्युचातार | उत्कृष्ट |
| | शुक्रपथ बहुउद्देशीय सहकारी संस्था लि . | कलंकी | नियमित |
| २७ | **हेटौडा** | | |
| | युवा बचत तथा ऋण सहकारी संस्था लि. | हेटौडा | उत्कृष्ट |
| | जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | हेटौडा | नियमित |
| २८ | **दोलखा** | | |
| | मिलीजुली बचत तथा ऋण सहकारी संस्था लि. | भिमेश्वोर | उत्कृष्ट |
| | अर्थ भूमि बचत तथा ऋण सहकारी संता लि. | भिमेश्वोर | नियमित |
| २९ | **पोखरा** | | |
| | बिशाल सहकारी संस्था लि. | पोखरा | उत्कृष्ट |
| | मेट्रो बहुउद्देशीय सहकारी संस्था लि. | पोखरा | नियमित |
| ३० | **दांग** | | |
| | राप्ती बचत तथा ऋण सहकारी संस्था लि. | घोराही | उत्कृष्ट |
| | सिसा सगुन बचत तथा ऋण सहकारी संस्था लि. | दांग | नियमित |
| ३१ | **बागलुंग** | | |
| | इमेज बचत तथा ऋण सहकारी संस्था लि. | बागलुंग | उत्कृष्ट |
| | बागलुंग गल्कोट बहुउद्देशीय सहकारी संस्था लि. | बागलुंग | नियमित |
| ३२ | **लगनखेल** | | |
| | उत्तरगंगा बहुउद्देशीय सहकारी संस्था लि. | लगनखेल | उत्कृष्ट |
| | हाम्रो नमूना बचत तथा ऋण सहकारी संस्था लि. | लगनखेल | नियमित |
| ३३ | **वालिंग** | | |
| | उर्मादी बचत तथा ऋण सहकारी संस्था लि. | वाल्लींग | उत्कृष्ट |
| | स्वाभिमान महिला बचत तथा ऋण सहकारी संस्था लि. | वाल्लींग | नियमित |
| ३४ | **ठीमी** | | |
| | अन्नपूर्ण बहुउद्देशीय सहकारी संस्था लि. | गट्ठाघर | उत्कृष्ट |
| | श्री अरनीको बचत तथा ऋण सहकारी संस्था लि. | गट्ठाघर | नियमित |
| ३५ | **बीरगंज** | | |
| | ॐ शिवशक्ति बचत तथा ऋण सहकारी संस्था लि. | बीरगंज | उत्कृष्ट |
| | बीरगंज बचत तथा ऋण सहकारी संस्था लि. | पर्सा, बीरगंज | नियमित |
| ३६ | **तनहू** | | |
| | सुभकामना बहुउद्देशीय सहकारी संस्था लि. | शुवाला गण्डकी | उत्कृष्ट |
| | छाब्दी बरही बचत तथा ऋण सहकारी संता लि. | ब्यास | नियमित |
| ३७ | **गोंगाबू** | | |
| | रोयल बहुउद्देशीय सहकारी संस्था लि. | बसुन्धारा | उत्कृष्ट |
| | धौलाश्री बहुउद्देशीय सहकारी संस्था लि. | गोंगाबू | नियमित |

# कविता

**प्रसंग सहकारी उत्सव**

**राष्ट्रिय सहकारी बैंक लिमिटेडको १५ औं बार्षिक साधारणसभा**

**पौष २१ र २२ गते काठमांडौमा**

सहकारीको उज्यालो आर्थिक सम्वृद्धिको ढोका खुलायो
जतातत‍ै सहकारीको व्यानर आफै जनताले लगायो

तराई देखि हिमाल सम्म, मेची देखि महाकाली सम्म
संगठित सहकारी संस्थाले आफ्नो हैसियत देखायो

छोराछोरी वुवा आमा सिंगो परिवारलाई चियायो
सहकारीको माध्यामवाट सबैलाई सजिलो बनायो

पूंजी भन्दा संगठित संस्था थोपा थोपाले चलायो
६६ बर्षको शुरूवाती सहकारीले विश्वमा नेपाललाई चिनायो

नेपालबाट सहकारी नयाँ प्रयोगको थालनी आयौ
विश्वभरीको ICAको प्रतिनिधिमा नेपाल जितायौ

सबैको उचाई सहकारी शिक्षा सबैमा फैलायौ
नेपाली माटोमा ममिलो सहकारी अगाडी बढायौ

सधै सहकारी हामी हाम्रो मुख्य जिम्मेवारी
नेपाल आमाको मुहार हसिलो, सबैको साझा सहकारी

राम्रा काम गर्दा गर्दै कमी कमजोरी भएमा
सुधार गर्न बानि बसालौ सहकारी क्षेत्रमा

रूखवाट बेल खस्दा, स्याल हुईयाँ, भूकम्प गएको भनेझै
सहकारीमा कही कतै, कमजोरी भएमा
सुधार गर्ने जिम्मेवारी पनी हामी सहकारीकर्मीहरूमा

धन्यवाद
जय सहकारी



**- कुलचन्द्र अधिकारी**
लेखा समिति संयोजक
राष्ट्रिय सहकारी बैंक लिमिटेड

# सहकारी बैंक र हेफर इन्टरनेशनलबीच सम्झौता

ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेड र हेफर इन्टरनेशनलबीच महिला शसक्तिकरण र उद्यमशिलता विकास र उत्पादनका क्षेत्रमा संयुक्त रुपमा काम गर्ने सम्झौता भएको छ । सहकारी बैंक र हेफर मिलेर उत्पादन, संकलन, प्रशोधन, बजारीकरणका क्षेत्रमा संयुक्त रूपमा काम गर्ने प्रतिवद्धता सहित सम्झौता गरिएको दुवै संस्थाले जनाएका छन् । सहकारी बैंक र हेफर इन्टरनेशलबीच भएको सम्झौता ०७५ कात्तिक १५ गते बिहीवार काठमाडौंमा आयोजित कार्यक्रम मार्फत सार्वजनिक गरिएको हो । सहकारी बैकका प्रवन्ध सञ्चालक के.बी. उप्रेती र हेफर इन्टरनेशनलका कन्ट्री डाइरेक्टर डा. शुभनारायण महतोले संयुक्त रूपमा विज्ञप्ती जारी गरी हेफर इन्टरनेशनलद्वारा प्रवर्द्धित महिला सहकारी संघ/संस्थाहरूलाई कर्जा लगायत शिक्षा तथा तालिमका कार्यक्रममा सहकार्य गरिने उल्लेख छ । महिलाहरूलाई उद्यमशिल बनाई कृषि, पशुपालन लगायतका क्षेत्रमा क्रियाशिल गराउने र उत्पादन बढाएर आयात प्रतिस्थापन गर्ने योजनाका साथ सहकार्यलाई अगाडि बढाएको सो अवसरमा जानकारी दिइएको थियो ।



महिला र युवाहरूको जिम्मेवारीपूर्ण सहभागिता र प्रविधिको अधिकतम प्रयोगबाट मात्रै उत्पादन बढाउन सकिने भएकाले हेफर र सहकारी बैंक मिलेर उत्पादनमा केन्द्रीत गरिने बैंकका अध्यक्ष रमेश प्रसाद पोखरेलले बताउनु भयो । देशव्यापी कार्यक्षेत्र भएको, ४४ शाखा मार्फत सहकारी क्षेत्रको प्रवर्द्धनमा सक्रिय सहकारी बैंकसंगको सहकार्यले उत्पादनका क्षेत्रमा लागेका महिला सहकारीहरूलाई थप प्रभावकारी र व्यवस्थित गराउन दुवै संस्थाबीच सहकार्य भएको र यसले उत्पादन वृद्धि भई समृद्धिको अभियानमा थप प्रभावकारीता हुने हेफर इन्टरनेशनल नेपालका कन्ट्री डाइरेक्टर डा. शुभनारायण महतोले बताउनुभयो । सहकारी बैंकले सबै सहकारीहरूलाई कर्जा, तालिम लगायत आवश्यक सहयोग आफै गर्दै आएकोमा हेफरद्वारा सञ्चालित उद्यमशिल सहकारीहरूसंग पनि सहकार्य गर्ने र उत्पादनका क्षेत्रमा बढी केन्द्रीत गरिने बैंकका प्रवन्ध सञ्चालक के.बी. उप्रेतीले जानकारी दिनुभयो । ग्रामिण क्षेत्रमा संगठित भई उत्पादनका क्षेत्रमा क्रियाशिल महिला सहकारीहरूको प्रवर्द्धनमा जुटेको हेफरले सहकारीलाई वित्तीय तथा नीतिगत र शिक्षा तालिमका कार्यक्रममा सहयोग गर्नका लागि बैंकसंग सहकार्य गरिएको हेफर इन्टरनेशनल नेपालका कार्यक्रम संयोजक प्रकाश कटुवालले जानकारी दिनुभयो । हेफरद्वारा प्रवर्द्धित सामाजिक उद्यमी महिला सहकारीहरूले बाख्रापालन र दुध उत्पादनका क्षेत्रमा काम गरेका छन्, उनीहरूलाई वित्तीय स्रोत, प्रविधि र सहकारी सम्बन्धी शिक्षा तथा तालिमको आवश्यकता छ, कटुवालले भन्नुभयो ति सबै विषयमा सहकारी बैंकको सहयोग प्रभावकारी हुने भएकाले सहकार्य गरिएको हो ।

हेफर इन्टरनेशनल नेपालले २ सय २६ वटा महिला सहकारी संस्था र ३ वटा विषयगत जिल्ला सहकारी संघ मार्फत ११ हजार भन्दा बढी महिला समुहलाई सशक्तिकरण गरेको छ । २ लाख ५० हजार परिवारलाई संगठित गर्दै अगाडि बढेको हेफर र १० हजार भन्दा बढी सहकारी संघ संस्थाहरू सदस्य रहेको सहकारी बैंकबीचको सहकार्यले महिलाहरूलाई उद्यमशिल बनाउन र उत्पादनका क्षेत्रमा केन्द्रीत गर्न सहज हुने बैंकका नायव महाप्रवन्धक बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो ।






# कागज उत्पादन मार्फत आत्मनिर्भर बन्दै

दैलेख

प्रदेश नं. ६ अन्तर्गत दैलेख जिल्लाको नौमुले गाउँपालीकाका व्यवसायीहरूलाई लघु उद्यम कार्यमा प्रोत्साहन गर्दै दैलेख जिल्ला नौमुले गाउँपालिका १ स्थित हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेडले राष्ट्रिय सहकारी बैंकको सहयोगमा कागज उद्योगलाई सहयोग गरे संगै नौमुले गाउँपालिकामा रहेका उद्यमीहरूले राहतको अनुभव गरेका छन् । हिमचुली बचत तथा ऋण सहकारी संस्थाले बलिराम थापाको कागज उद्योगलाई सहयोग गरे लगत्तै यस सहकारी संस्थामा आवद्ध अन्य उद्यमी सदस्यहरू पनि हौसिएका छन् ।

पहिले यस क्षेत्रका लघु उद्यमीहरूलाई कहाँबाट आर्थिक सहयोग लिने भन्ने कुराको जानकारी थिएन, अन्यौल थियो, आर्थिक सहयोग पाइहाले पनि महंगो व्याजका कारण समस्या झेल्दै आएका थिए । जब राष्ट्रिय सहकारी बैंक लिमिटेडको शाखा दैलेखमा आयो त्यसपछि हिमचुली साकोसले राष्ट्रिय सहकारी बैंक लिमिटेड मार्फत कर्जा लिई सहुलियत दरमा कर्जा लगानी गर्नाले लगानीको लागि दुख भोग्नु परेको छैन ।

कागज उद्योगमा कामदारको रूपमा पुर्वदेखि कालिगढ झिकाएर काम गरिरहनु भएको यस उद्योगका मालिक बलिराम थापा मगरले यसमा बार्षिक रूपमा ३ देखि ५ लाख सम्म खुद आम्दानी गरीरहनु भएको छ भने बार्षिक २० देखि २५ जना व्यक्तिहरूलाई रोजगारी दिइराख्नु भएको छ । कागज उद्योगमा कसैले जंगलमा लोक्ता कार्ने काम पाएका छन् त कसैले दाउरा बेचेर आम्दानी गरी रहेका छन् भने केही व्यक्ति प्रत्यक्ष रूपमा उद्योगमा कालीगढ र सहयोगीको रूपमा काम पाईरहेका छन् ।

उद्योगबाट बर्षेनी २ सय देखि ३ सय कोरी सम्म हाते कागज उत्पादन हुने गरेको बताउनु हुन्छ, उद्योगका प्रोपाइटर बलिराम थापा मगर । यो कागजको नेपाली बजार भन्दा पनि अन्तर्राष्ट्रिय बजार असाध्यै राम्रो भएको र उत्पादन पश्चात बजारको कुनै पनि समस्या नभएको उहाको भनाई छ । २०६८ सालमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको दैलेखमा शाखा स्थापना भए संगै यस संस्थाले बैंकबाट किस्ताबन्दी धितो कर्जा लिई यस उद्योगलाई थप टेवा



दिईरहेको संस्थाका प्रबन्धक अम्मर बहादुर थापाले जानकारी दिनुभयो ।

नौमुले गाउपालिका ३ बस्ने बलिराम थापाले यस क्षेत्रमा खेर गईरहेको लोक्तालाई उद्योग खोली सदुपयोगमा ल्याउनुका साथै यस क्षेत्रका जनशक्तिलाई आफ्नै ठाउँमा रोजगारी दिन सकेको र यसमा हिमचुली बचत तथा ऋण सहकारी संस्थाले आर्थिक सहयोग गरी उद्यमी बन्न उत्प्रेरित गरेको उहाको भनाई छ । यसलाई आगामी दिनमा लगानी बढाउदै लैजाने र बार्षिक १ हजार कोरी कागज यहाँबाट बाहिर पठाउन सक्ने योजनामा आफु निरन्तर लागीरहेको बताउनुहुन्छ, उद्योगका प्रोपाइटर बलीराम थापा । संगैका साथीभाईहरूले विदेश गएर कमाउन नसकेको रूपैयाँ आफुले आफ्नो देशमै बसेर आम्दानी गर्न सकेकोमा आफुलाई गर्व लागेको उहां बताउनुहुन्छ । यस्तो किसिमको उद्योगलाई बढावा दिनको लागी राष्ट्रिय सहकारी बैंकमार्फत पुन सस्तो दरमा लघु कर्जा उपलब्ध गराउन सके यसलाई अझै ब्यवस्थीत गर्न सकिने कुरामा दुईमत नभएको बताउनु हुन्छ, यस संस्थाका प्रबन्धक अम्मर बहादुर थापा ।

बलिराम थापा त एक प्रतिनिधि मात्र हुन्, हिमचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेड मार्फत नौमुले गाउँपालिकामा ५० भन्दा बढि सदस्यले यस संस्थाबाट कर्जा लिई विभिन्न उद्यम तथा व्यावसायिक उत्पादनमा लागेका छन् । संस्थाले न्युन जीवनस्तर भएका महिलाहरूलाई समुहमा आवद्ध गराएर समेत ऋण लगानी गरेको छ, प्रतिव्यक्ति तथा न्युनतम १० जनाको समुह बनाई समेत कर्जा लगानी गरिएको संस्थाले जनाएको छ । सदस्यहरू संस्थाप्रति खुसी र आभारी छन्, संस्थाका प्रबन्धक अम्मर बहादुर थापा राष्ट्रिय सहकारी बैंकको सहयोगमा सदस्यहरूको मुहारमा खुसी ल्याउन पाएकोमा आफुलाई खुसी व्यक्त गर्नुहुन्छ । आगामी दिनमा दैलेख जिल्लाभर संस्थाको कार्यक्षेत्र विस्तार गरी राष्ट्रिय सहकारी बैंकको सहयोग लिई अन्य धेरै सदस्यहरूको मुहारमा खुसी ल्याउने लक्ष्य संस्थाले लिएको समेत थापाले बताउनु भयो । राष्ट्रिय सहकारी बैंकको शाखा कार्यालय २०६८ मा दैलेखमा स्थापना भएपछि संस्थाले नियमित रूपमा कारोबार गरीरहेको तथा संस्थालाई विभिन्न समयमा गरी धितो कर्जा १ करोड १३ लाख लगानी गरीएको राष्ट्रिय सहकारी बैंक लिमिटेड दैलेख शाखाका प्रमुख सुरेन्द्र शाहीले जानकारी दिनुभयो ।